भानुभक्तीय रामायणका पाठभेदहरू

मतिप्रसाद ढकाल

रत्न श्रेष्ठ पुरस्कार गुठी
बागलुङमा विमोचित

भानुभक्तीय रामायणका पाठभेदहरू

ई-पुस्तकालय प्रयोजनका लागि
2062/9/92

मतिप्रसाद ढकाल

प्रकाशक : कमलमणि दीक्षित
श्रीदरबारटोल, ललितपुर ।

सर्वाधिकार : लेखकमा

पहिलो संस्करण : २०६३ माघ

मूल्य : रु. १५०/–

मुद्रक : जगदम्बा प्रेस प्रा.लि.,
हात्तीवन, धापाखेल,
ललितपुर, नेपाल ।
फोन नं. ५५४७०१७, ५५४७०१८
E-mail: japray@mos.com.np

ISBN : 99946 - 2 - 192 - 7

प्रकाशकीय

म निमित्त मात्र भैदिएको हुँ। यस पुस्तक प्रकाशनका लागि अनुशोधक मतिप्रसादजीले जतिसुकै जस दिए पनि मेरो योगदान त्यही प्रेसको खर्च बेहोरिदिनेसम्म मात्र हो। लेखकले यत्रो मिहिनेतले तयार पारेको यति महत्त्वपूर्ण कृति त्यसै दराजको कुनामा बसिरहनु उचित लागेन र यसलाई प्रकाशन गरी जनसमक्ष ल्याउने जमर्को मैले गरेको हुँ। त्यसमा मलाई एउटा कुराले प्रेरणा दियो होला भनेर मतिप्रसाद ढकालजीले रम्घाबाट मलाई लेखेपछि त्यो 'प्रेरणा' भनेको के भने, भानुभक्तको रामायणमा परेको एकदोटा पाठभेदमा मैले गरेको टिप्पणीलाई झन्डै ४० वर्षपछि रम्घाका मतिप्रसाद ढकालले पहिलोपटक उल्लेख गरेको देखें। त्यति मात्र होइन मैले 'झुसी र निम्ठो' (२०६१)मा 'तन्नेरी भानुभक्त' हुन गरेको 'च्यालेन्ज' पनि उनै मतिप्रसादले स्वीकार गरेर लेखेको पनि पढ्न पाएँ। मेरो भित्रको 'अहं' यी कुराबाट फुरुङ्ग पऱ्यो भने के आश्चर्य ? अनि मैले मतिप्रसादजीलाई ती लेखलाई अझ बढाएर एउटा पुस्तक नै प्रकाशित गर्ने सल्लाह दिएँ। त्यसैको फलस्वरूप यो पुस्तक निस्केको हो।

यसमा मैले लिने जस केही छैन, जम्मै जसका भागी लेखक नै हुनुहुन्छ। यत्ति !

२०६३ पुस ७।

लेखकीय

वर्तमान समयमा बहुप्रचलित साझाको 'भानुभक्तको रामायण' (२०५८) मूलत: सूर्यविक्रम ज्ञवालीद्वारा वि.सं. १९८९ मा सम्पादित 'भानुभक्तको रामायण' कै प्रतिलिपि हो र करिब ७४ वर्षको लामो अन्तरालमा यसको तुलनात्मक अध्ययन-पुनर्मूल्याङ्कन गर्दै आधिकारिक रूपमा संशोधन-परिमार्जन गर्ने प्रयास हुन सकेको छैन। ज्ञवालीले दोस्रो संस्करण (२०११)मा एकाध ठाउँमा सामान्य संशोधन गर्ने प्रयास गरेका र साझाले ज्ञवालीको त्यही दोस्रो संस्करणलाई नै आधार मानी वि.सं. २०३९ देखि हालसम्म भानुभक्तीय रामायणको प्रकाशन तथा बिक्री-वितरण गर्दै आएको भए पनि ज्ञवाली (२०११) र साझाको संस्करण (२०५८) का बीचमा समेत हुबहु समानता कायम रहन सकेको देखिँदैन। सर राल्फ लिले टर्नर (१९८०), नेपाली साहित्य परिषद् दार्जीलिङ (२०२६) र साझा प्रकाशन (२०३९) ले समेत पाठान्तरको खोज सहित भानुभक्तीय रामायणको आधिकारिक संस्करणको आवश्यकता औँल्याउँदै आएको भए पनि हालसम्म यस आवश्यकताको परिपूर्ति गर्नेतर्फ कुनै संघ-संस्था र विद्वान्-अनुसन्धाताहरू अग्रसर भएको पाइँदैन।

भानुभक्तीय रामायणका तत्कालीन अवस्थामा उपलब्ध विभिन्न संस्करणहरूको विस्तृत रूपमा तुलनात्मक अध्ययन गरी सर्वप्रथम पाठभेदहरू औँल्याउने काम सूर्यविक्रम ज्ञवाली (१९८९ र २०११) ले नै गरेका हुन्। उनले भारतजीवन (१९४४), नेपाल (१९५१), बम्बई (१९६७), होमनाथ (१९७९) लगायतका भानुभक्तीय रामायणका विभिन्न आठओटा संस्करणहरूको तुलनात्मक अध्ययन गरी १०४७ ओटा पाठभेदहरू औँल्याउँदै भानुभक्तीय रामायणको सम्भावित शुद्ध पाठ प्रस्तुत गरेका थिए। त्यसपछि हालसम्म कमल दीक्षित (२०२८ र २०५६), शिवराज आचार्य (२०३१-२०३५), रामचन्द्र शर्मा पौडेल 'रम्घाली' (२०६०) र मुक्तिनाथ आचार्य (२०६२) ले भानुभक्तीय रामायणका विभिन्न पाठभेदहरूको चर्च

परिचर्चा पनि गरे तर यी अध्ययनहरूले भानुभक्तीय रामायणका विद्यमान र सम्भावित पाठभेदीय समस्याहरूलाई समाधान गर्न सकेनन् । यसै सन्दर्भमा भानुभक्तीय रामायणका समग्र पाठभेदहरूको तुलनात्मक अध्ययन-पुनर्मूल्याङ्कन गर्दै आधिकारिक संस्करणको प्रकाशन हुनुपर्ने आवश्यकता खट्किएको हो ।

प्रस्तुत अध्ययन, सूर्यविक्रम ज्ञवालीले 'भानुभक्तको रामायण' (१८८८ र २०११) को सम्पादनका क्रममा उपयोगमा नल्याएका हस्तलिखित तथा प्रकाशित केही कृतिहरूको र हालसम्म औंल्याएका पाठभेदहरूको प्रारम्भिक तुलनात्मक पुनर्मूल्याङ्कन गर्दै आधिकारिक संस्करणको प्रकाशन हुनुपर्ने आवश्यकता औंल्याउन खोजिएको 'अनुसन्धान-प्रस्ताव' हो । यसमा हालसम्म भानुभक्तीय रामायणका पाठभेदहरू औंल्याउने उपर्युक्त पाँच जना पाठभेदीय द्रष्टाहरूका अध्ययन-प्रयासहरूलाई सङ्क्षिप्त रूपमा समेट्न खोजिएको छ । त्यस्तै, एउटा प्रमाणित 'हस्तलिखित रामायण' (च ३१०, ३२ ख) र चार ओटा प्रकाशित भानुभक्तीय रामायणका संस्करणहरू तथा एउटा भानुभक्तीय रामायणेतर रचनाहरूका पाठभेदहरूसँग सम्बन्धित गरी यस सङ्कलनमा जम्मा ११ ओटा लेखहरू कालक्रमिक रूपमा समावेश गरिएका छन् । यी लेखहरूमा भानुभक्तीय रामायणका करिब ५८८ एवम् रामायणेतर रचनाका २०६ ओटा पाठभेदहरूको चर्चा गरिएको छ र अनुसन्धान-प्रस्तावमूलक ग्रन्थविस्तारभयले सबै पाठभेदहरूको विचार-विमर्शलाई यहाँ स्थान दिन सकिएको छैन । भावी अनुसन्धानका क्रममा प्राप्त हुँदै जानसक्ने भानुभक्तीय अध्ययन-सामग्रीहरूसँग तुलनात्मक अध्ययन-पुनर्मूल्याङ्कन गर्दै जाँदा यहाँ संशोधनीय चर्चा गरिएका केही पाठभेदहरू अनुपयुक्त ठहरिन पनि सक्लान् । यस सङ्कलनका संस्करणगत प्रतिनिधिमूलक प्रत्येक लेखहरूले थप पाठभेदहरूको अपेक्षा पनि राख्दै जानसक्ने प्रबल सम्भावना छ । त्यसैले द्रष्टागत अघिल्ला पाँच लेखहरूलाई पूर्वकार्यको समीक्षा र संस्करणगत पछिल्ला छ लेखहरूलाई शोध नमुनाका रूपमा राखेर यस सङ्कलनलाई पाठभेदीय अनुसन्धान-प्रस्तावका रूपमा प्रस्तुत गर्न खोजिएको हो । भानुजन्मस्थल विकास समिति, भानु प्रतिष्ठान, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, ... संघ-संस्थाहरूको संस्थागत नैरन्तर्य सहयोगको अभावमा यस अनुसन्धान-प्रस्तावको उद्देश्यलाई पूर्ण रूपमा सम्पन्न गर्न, प्रकाशन गर्न तथा वितरण गरी प्रत्येक नेपालीहरूका घर-घरमा पुऱ्याउन सम्भव

छैन । त्यसैले यसतर्फ यी र यस्तै अन्य संघ-संस्थाहरूको यथासमयमै ध्यान आकृष्ट हुँदै जानेछ भन्ने आशा एवम् पूर्ण विश्वास छ ।

विगत एक दशकदेखि भानुजन्मस्थलमै प्राध्यापन पेसामा संलग्न रहँदै आउँदा भानुभक्तका बारेमा केही अध्ययन-अनुसन्धान गर्न नसकेको आत्मपीडाले मलाई सधैं नसताइरहेको भए र साझा प्रकाशनले 'भानुभक्तको रामायण' (२०३९) को प्रकाशकीयमा व्यक्त गरेको विचारप्रति मेरो दृष्टि बारम्बार नपरिरहेको भए 'भानुभक्तीय रामायणका पाठभेदहरूको तुलनात्मक अध्ययन'तर्फ म अग्रसर नै हुन सक्ने थिइन । यसरी पाठभेदीय अनुसन्धानमा प्रवृत्त भए पनि अनुसन्धान सामग्री र मार्गनिर्देशक अभावमा भौतारिइरहेको बेला कमल दीक्षितज्यूको 'तन्नेरी भानुभक्त' (२०६१) जन्माउने र हुर्काउने लिखित सदिच्छातर्फ मेरो दृष्टि नपुगेको भए, तदनुरूप उहाँबाट नैरन्तर्य प्रेरणात्मक अमूल्य सहयोग एवम् मार्गनिर्देशन प्राप्त नभइदिएको भए र उहाँले नै भानुभक्तीय रामायणका पाठभेदहरूसँग सम्बन्धित एउटा सानो पुस्तिका प्रकाशन गरिदिने वचनबद्धता समेत प्रकट नगरिदिनुभएको भए पाठभेदीय अनुसन्धान-प्रस्तावमूलक प्रस्तुत सङ्कलन तयार गर्न र प्रकाशन हुन सम्भव थिएन। त्यसैले "त्वदीयं वस्तु 'दीक्षित' तुभ्यमेव समर्पये" भन्दै उहाँप्रति हार्दिक कृतज्ञता समेत समर्पण गर्दछु ।

अन्तमा, पाठभेदीय अनुसन्धान-सामग्री सङ्कलनका सन्दर्भमा विविध कोणबाट सहयोग पुऱ्याउने मदन पुरस्कार पुस्तकालय, चुँदी रम्घास्थित भानु पुस्तकालय, भानुभक्तका पनाति मुक्तिनाथ आचार्य र भानुभक्तकै वंशज प्रा.डा. व्रतराज आचार्यप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस सङ्कलनमा रहन गएका सबै कमी-कमीजोरीहरू मेरै हुन् यिनलाई सुधार्न तथा प्रस्तावित अपूर्ण पाठभेदीय अनुसन्धानकार्यलाई पूर्ण गर्न सम्बद्ध संघ-संस्थाहरू, विद्वान्-अनुसन्धाताहरू र भाषाप्रेमी समस्त पाठकहरूको समेत पुनः पुनः ध्यान आकृष्ट गर्न चाहन्छु ।

२०६३ कार्तिक १५
चुँदीरम्घा, तनहुँ

मतिप्रसाद ढकाल
उपप्राध्यापक
भानु संस्कृत क्याम्पस

विषयसूची

प्रकाशकीय	क
लेखकीय	ख

खण्ड 'क' द्रष्टागत पाठभेदहरू

१.	ज्ञवालीले औंल्याएका पाठभेदहरू	१
२.	दीक्षितले औंल्याएका पाठभेदहरू	२३
३.	शिवराजले औंल्याएका पाठभेदहरू	३०
४.	रामचन्द्रले औंल्याएका पाठभेदहरू	३६
५.	मुक्तिनाथले औंल्याएका पाठभेदहरू	४३

खण्ड 'ख' संस्करणगत पाठभेदहरू

६.	हस्तलिखित रामायणका पाठभेदहरू	४८
७.	बालकाण्डको सर्वप्रथम संस्करणका पाठभेदहरू	६२
८.	डमरुवल्लभ संस्करणका पाठभेदहरू	६७
९.	विष्णुमाया संस्करणका पाठभेदहरू	७१
१०.	साझाको संस्करणका पाठभेदहरू	७९
११.	भानुभक्तीय रामायणेतर रचनाका पाठभेदहरू	८७
	• परिशिष्ट	९९
	• सन्दर्भकृति सूची	१०२

ज्ञवालीले औँल्याएका पाठभेदहरू

डमरुवल्लभ पोखर्‍याल (१८४२) र मोतीराम भट्ट (१८४४)ले भानुभक्तको रामायणको सर्वप्रथम सम्पादन गरी प्रकाशित गरेका भए पनि विभिन्न संस्करणहरूको तुलनात्मक अध्ययन गरेर पाठभेदसहित सर्वप्रथम भानुभक्तीय रामायणको सम्पादन तथा प्रकाशन गर्ने काम सूर्यविक्रम ज्ञवाली (१८८८ र २०११)बाटै भएको हो। ज्ञवाली (२०११: २८-३०)ले भानुभक्तीय रामायणको सम्पादन गर्दा विभिन्न आठओटा रामायणहरूको उपयोग गरेका थिए, जसको परिचयात्मक विवरण यसप्रकार छ–

१. मोतीराम भट्टद्वारा सम्पादित तथा भारतजीवन प्रेस काशीबाट प्रकाशित 'भानुभक्तकृत भाषा रामायण' (१८४४)को सम्पूर्ण संस्करण,

२. भारतजीवन प्रेसबाटै प्रकाशित 'रामायण बालकाण्ड' (१८४४),

३. भारतजीवन प्रेसबाटै प्रकाशित 'रामायण किष्किन्धाकाण्ड' (१८५०),

४. भारतजीवन प्रेसबाटै प्रकाशित 'रामायण उत्तरकाण्ड' (१८५७),

५. भारतजीवन प्रेसबाटै प्रकाशित बालकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्डसहितको चारकाण्डे 'अर्को पुरानो प्रति',

६. सुब्बा होमनाथ-केदारनाथ काशीबाट प्रकाशित 'भानुभक्ताचार्यकृत रामायण'(१८७८),

७. पाशुपत यन्त्रालय नेपालबाट प्रकाशित 'रामायण सातै काण्ड' (१८५१) र
८. गोरखाग्रन्थ प्रचारक मण्डली बम्बईबाट प्रकाशित 'रामायण' (१८६७)।

उपर्युक्त आठओटा रामायणलाई सूर्यविक्रम ज्ञवालीले पादटिप्पणीमा पाठभेदहरू उल्लेख गर्ने क्रममा पाँचओटा सङ्केत-शब्दहरूको प्रयोग गरेका छन्– १. सङ्ख्याको पुस्तकलाई 'भारतजीवन'; २,३,४,५ लाई 'भारतजीवजन 'क', ६ लाई 'होमनाथ', ७ लाई 'नेपाल' र ८ लाई 'बम्बई'। उनले पाठभेदहरू पाइएको ठाउँमा अध्यात्मरामायणसँग पनि त्यसको तुलनात्मक अध्ययन गरिएको र धेरै ठाउँ (६१)मा प्रमाणस्वरूप अध्यात्मरामायणको पाठसमेत दिइएको उल्लेख गरेका छन्। साथै उनले तुलनात्मक अध्ययन गर्दा अधिकांश रामायणहरूमा पाइएका पाठलाई मूलमा र अरू पाठभेदलाई टिप्पणीमा दिइएको तथा सानातिना शब्द वा तिनका सामान्य भेदमा समेत नेपाली भाषाको इतिहास लुकेको हुनसक्ने भएकाले त्यस्ता पाठभेदहरूलाई पनि यथासक्य टिप्पणीमा समावेश गरिएको बताएका छन्। त्यसै गरी, उनले भानुभक्तीय वर्णविन्यासको स्वरूप के-कस्तो थियो भन्नेबारेमा अनभिज्ञता प्रकट गर्दै 'भानुभक्तको रामायण' (२०११)मा शुद्ध संस्कृत शब्दहरूबाहेक अन्य नेपाली शब्दहरूको वर्णविन्यास तत्कालीन (२०११) लेखकहरूका लेखनशैलीअनुरूप कायम गरिएको पनि उल्लेख गरेका छन्।

(क) बालकाण्डका पाठभेदहरू

ज्ञवाली (२०११ : १-३५)ले बालकाण्डका ६७ श्लोकअन्तर्गत ८१ ठाउँमा १०२ ओटा पाठभेदहरू औंल्याएका छन्। तिनमा भारतजीवन 'क' संस्करणका ७, भारतजीवन संस्करण (१८४४)का १४, नेपाल संस्करण (१८५१)का ४७, बम्बई संस्करण (१८६७)का १४, होमनाथ संस्करण (१८७८)का ३२ र ज्ञवाली (२०११)द्वारा अनुमानित तथा प्रस्तावित ५ ओटा पाठभेदहरू पर्दछन्। तीमध्ये निम्नलिखित पाठभेदहरूलाई प्रारम्भिक तुलनात्मक अध्ययनका आधारमा उपयुक्त ठहऱ्याउन सकिन्छ–

१. 'जस्को' (८.३),
२. 'पारेर' (१५.३),

३. 'त काम्' (३२.४),
४. 'ती' (३८.१),
५. 'बुझ यो' (४०.२),
६. 'मल्हा' (८६.४),
७. 'मल्हाले' (८८.४),
८. 'ताहाँ' (१०३.३) र
९. 'उठघोथ्यो' (१३८.३)।

उपर्युक्त पाठभेदहरूमध्ये पहिलो 'जस्को' (८.३) पाठलाई हस्तलिखित रामायण ('च'३१०, ३२'ख'), बालकाण्डको सर्वप्रथम संस्करण (१८४१), भारतजीवन संस्करण (१८४४), नेपाल संस्करण (१८५१) तथा शिवराज आचार्य (२०३१'क')ले शुद्ध ठहऱ्याएका र मूलमा समेत यसलाई पुष्टि गर्ने षष्ठयन्त 'तस्य'(माहात्म्य २१) पद पाइएकाले प्रचलित 'जस्ले' पाठ अनुपयुक्त हुन सक्छ। त्यस्तै दोस्रो 'पारेर' (१५.३) पाठलाई हस्तलिखित रामायण (३२'ख') भारतजीवन 'क' संस्करण, बालकाण्डको सर्वप्रथम संस्करण तथा शिवराज आचार्यले शुद्ध ठहऱ्याएका र मूलमा 'हनूमत्प्रतिमान्तिके" (माहात्म्य अङ्का लागि पाण्डुलिपि द्रष्टव्य) अर्थात् हनुमान्को मूर्तिनजिक मात्र भनिएको 'राखेर' वा 'पारेर' पाठलाई पुष्टि गर्ने आधारशब्द उल्लेख नगरिएको भए पनि प्रचलित 'राखेर' पाठका तुलनामा 'पारेर' पाठलाई उपयुक्त मान्न सकिन्छ।

उपर्युक्त तेस्रो 'काम्' (३२.४) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख')ले 'कां' पाठ पढेको छ र यहाँ 'म्'लाई अनुस्वारका रूपमा प्रयोग गरिएको हो। यही अनुस्वारको अस्पष्टताका कारण त्यसका ठाउँमा 'को' पाठ पढिएको हुनुपर्छ। 'काम्' पाठलाई होमनाथ र शिवराजले पनि शुद्ध ठहऱ्याएका छन्। 'को' पाठलाई पुष्टि गर्ने प्रसङ्ग मूलमा पाइँदैन। रावणलाई मारी भूमिको भार हरण गर्ने काम नै प्रासङ्गिक रहेकाले ज्ञवालीप्रयुक्त 'त को' पाठभन्दा 'त काम्' पाठ नै शुद्ध हुनुपर्छ। उपर्युक्त चौथो 'ती' (३८.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), बालकाण्डको सर्वप्रथम संस्करण (१८४१), भारतजीवन, होमनाथ, बम्बई, विष्णुमाया र शिवराजले समेत शुद्ध ठहऱ्याएका छन् भने सम्पादक सूर्यविक्रम ज्ञवाली (२०११ : १०)ले 'त्यो' पाठलाई शुद्ध ठाने पनि टिप्पणीमा 'एक् एक्' (?) उल्लेख गरी 'एक्' पाठ पो ठीक हो कि भन्ने अनुमान गरेको

पाइन्छ । यसको मूलमा "ऐक्यवाक्यं यदोत्पन्नं महावाक्येन चात्मनोः" (अ.रा.बाल. १/५०) अर्थात् जब महावाक्यद्वारा जीवात्मा र परमात्माको एकताको ज्ञान हुन्छ भन्ने पाठ छ । त्यसैले ती दुई आत्माहरूलाई एक जान्नुपर्छ भन्ने सन्दर्भमा भानुभक्तले 'त्यो एक' पाठभन्दा 'ती एक' पाठ नै प्रयोग गरेका हुन सक्छन् ।

उपर्युक्त पाँचौं 'बुझ यो' (४०.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन र शिवराजले शुद्ध ठानेका छन् भने यसका ठाउँमा बालकाण्डको सर्वप्रथम संस्करण र विष्णुमायाले 'बुझि यो' पाठ पढेका र यसलाई ज्ञवालीले 'बुझिल्यौ' बनाएका छन् । हनुमान्लाई उपदेश दिने सन्दर्भमा 'बुझि यो' पाठभन्दा मध्यमपुरुष क्रियायुक्त 'बुझ यो' पाठ नै उपयुक्त हुनु सम्भव छ । त्यस्तै, उपर्युक्त छैटौं 'मल्हा' (८६.४) र सातौं 'मल्हाले' (८८.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने 'मल्हा' शब्दका ठाउँमा ज्ञवालीले 'माझी' र बालकाण्डको सर्वप्रथम संस्करण तथा नेपाल संस्करणले 'नाविक्' पाठ पढेका छन् । अरबी भाषाको माझीवाचक 'मल्लाह' शब्दलाई अपरिवर्तित रूपमा र यसैको परिवर्तित 'मलाहा' शब्दलाई नेपाली बृहत् शब्दकोश (२०६० : ८८४, ८८५)ले प्रविष्टि दिएको छ । भानुभक्तीय रामायणमा अरबीमूलका अन्य शब्दहरूको पनि प्रयोग भएको पाइएकाले संशोधित 'माझी' वा 'नाविक्' पाठभेदका तुलनामा 'मल्हा' शब्दकै प्रयोग भानुभक्तले गरेको हुनुपर्छ ।

उपर्युक्त आठौं 'ताहाँ' (१०३.३) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, होमनाथ, बम्बई, विष्णुमाया संस्करण र शिवराजले समेत शुद्ध ठानेको हुँदा ज्ञवाली संस्करणमा प्रयुक्त 'याहाँ' पाठका तुलनामा 'ताहाँ' पाठ नै शुद्ध हुनुपर्ने बारेमा अन्यत्र (गरिमा, २०६३ असार) पनि संशोधनीय चर्चा भइसकेको छ । त्यस्तै, उपर्युक्त नवौं 'उठथोथ्यो' (१३८.३) पाठलाई भारतजीवन, नेपाल र विष्णुमाया संस्करणले शुद्ध ठहऱ्याएका छन् । यसै सन्दर्भमा ज्ञवाली (२०११ : ३५)ले यसलाई निरर्थक ठहऱ्याउँदै यसभन्दा 'उठथो त्यो' पाठ राम्रो हुन्छ भन्ने टिप्पणी गरेर मूलमा 'उठेथ्यो' पाठ पढेका छन् । भयोथ्यो, मिल्योथ्यो, सुन्योथ्यो, फर्क्योथ्यो जस्ता प्रयोगहरू भानुभक्तीय रामायणमा पाइने र यी ऐतिहासिक प्रयोगका दृष्टिले समेत उपयुक्त नै

ठहरिएको हुँदा यहाँ पनि भानुभक्तले 'उठेथ्यो' आधुनिक प्रयोगभन्दा 'उठ्योथ्यो' ऐतिहासिक शब्द नै प्रयोग गरेको हुनुपर्छ।

(ख) अयोध्याकाण्डका पाठभेदहरू

ज्ञवाली (२०११ : ३६-६६)ले अयोध्याकाण्डका ६४ ओटा श्लोकअन्तर्गत ८६ ठाउँमा १०२ ओटै पाठभेदहरू औंल्याएका छन्। तिनमा भारतजीवन संस्करणका ३१, नेपाल संस्करणका ३५, बम्बई संस्करणका ११, होमनाथ संस्करणका ४५ र ज्ञवालीद्वारा अनुमानित २ ओटा पाठभेदहरू पर्दछन्। तीमध्ये निम्नलिखित पाठभेदहरूलाई तुलनात्मक रूपमा उपयुक्त ठहऱ्याउन सकिन्छ–

१. 'गयाकि' (१७.३),
२. 'भन्छ्यौ' (१८.३),
३. 'प्रभूलाइ देख्तामा' (२४.२),
४. 'दिइन्' (३७.१),
५. 'जाहाँ' (५७.४),
६. 'त' (५८.२)
७. 'दुई' (६६.१)
८. 'पुत्रको शोक् गरी' (६८.३),
९. 'फिकाउँदा भया' (७०.२),
१०. 'त पनि सब्' (७५.४) र
११. 'पाउमा' (८०.१)।

उपर्युक्त पाठभेदहरूमध्ये पहिलो 'गयाकि' (१७.३) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, होमनाथ र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने विष्णुमाया र ज्ञवालीले यसका ठाउँमा 'भयाकि' पाठ पढेका छन्। यस प्रसङ्गमा अध्यात्मरामायणले "क्रोधभवनं प्रविष्टा" (अयो.३/५) अर्थात् क्रोधागारमा प्रवेश गरेकी भन्ने पाठ पढेको हुँदा 'भयाकि'भन्दा 'गयाकि' पाठ नै उपयुक्त हुनु सम्भव छ। उपर्युक्त दोस्रो 'भन्छ्यौ' (१८.३) पाठलाई नेपाल एवम् होमनाथ संस्करण र मुक्तिनाथ आचार्य (२०६२ : १३)ले शुद्ध ठानेका छन् भने पहिलो हस्तलिखित रामायण (३२'ख')मा रहेको 'भन्औ' पाठलाई शिवराज आचार्य (२०३१'ख' : ५) ले

सम्भावित शुद्ध पाठ ठहऱ्याई दोस्रो हस्तलिखित रामायण ('च' १००५)मा 'भन्छौ' पाठ रहेको उल्लेख गरेका छन्। अध्यात्मरामायणले यस प्रसङ्गमा "ब्रूहि सकलं विधास्ये तव वाञ्छितम्" (आयो.३/८) अर्थात् 'तिम्रो जो इच्छा छ सो भन म सबै पूरा गर्नेछु' भन्ने पाठ पढेको छ। त्यसैले विष्णुमाया र ज्ञवालीले शुद्ध ठहऱ्याएको 'भन्छु' पाठभन्दा तुलनात्मक रूपमा द्वितीयपुरुषको स्त्रीलिङ्गी 'भन्छयौ' पाठलाई नै मूलअनुरूप शुद्ध ठहऱ्याउन सकिन्छ।

उपर्युक्त तेस्रो 'प्रभूलाइ देख्तामा' (२४.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, नेपाल, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने ज्ञवालीले यसका ठाउँमा 'प्रभूलाई देख्ता' पाठ पढेका छन्। सम्भवत: ज्ञवालीले 'प्रभूलाइ' पाठभेदको 'इ'लाई स्वरवर्णकै रूपमा अजन्त उच्चारण गरेर छन्दोभङ्गदोष हुने ठानी यसलाई पाठान्तरमा उल्लेख गरेका हुन सक्छन्। भानुभक्तीय रामायणमा स्वर वर्णको हलन्त प्रयोग अन्यत्र पनि पाइएको हुँदा 'प्रभूलाइ देख्तामा' पाठ शुद्ध हुनु सम्भव छ। उपर्युक्त चौथो 'दिइन्' (३७.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा डमरुवल्लभ र ज्ञवालीले 'दिई' पाठ पढेका छन्। यसै सन्दर्भमा ज्ञवाली (२०११ : ४५)ले 'दिइन्' पाठ उपयुक्त हो कि भन्ने अनुमान गरी यसलाई पाठान्तरमा उल्लेख गरेका छन्। दोस्रो पङ्क्तिको 'रोइन्' पाठका साहचर्यमा असमापिका क्रियाको 'दिई' पाठभन्दा समापिका क्रियाको 'दिइन्' पाठ नै उपयुक्त हुनुपर्छ। त्यसै गरी उपर्युक्त पाँचौं 'जाहाँ' (५७.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, नेपाल, विष्णुमाया संस्करण र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने ज्ञवालीले 'तहीं' पाठका साहचर्यमा 'जाहाँ' पाठलाई 'जाहीं' बनाएका छन्। आर्थिक भिन्नता र छन्दोभङ्गदोषसमेत नहुने भएकाले यी दुवै पाठ उपयुक्त नै प्रतीत भए पनि अधिकांश संस्करणमा 'जाहाँ' पाठ पाइएकाले 'जाहीं' पाठका तुलनामा 'जाहाँ' पाठ नै भानुभक्तले प्रयोग गरेको हुनु सम्भव छ।

उपर्युक्त छैटौं 'त' (५८.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, बम्बई, विष्णुमाया संस्करण र शिवराज आचार्यले शुद्ध ठानेका छन् भने ज्ञवालीले यसका ठाउँमा 'म' पाठ पढेका छन्। तुलनात्मक रूपमा 'म'भन्दा 'त' पाठ नै उपयुक्त

हुनुपर्ने बारेमा अन्यत्र (गरिमा, २०६३ असार) समेत संशोधनीय चर्चा भइसकेको छ। त्यस्तै, उपर्युक्त सातौं 'दुई' (६६.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन, विष्णुमाया संस्करण र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने ज्ञवालीले यसका ठाउँमा 'दुवै' पाठ पढेका छन्। तुलनात्मक रूपमा 'दुवै' पाठभन्दा 'दुई' पाठ नै भानुभक्तीय प्रयोग हुन सक्छ। उपर्युक्त आठौं 'पुत्रको शोक् गरी' (६८.३) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, विष्णुमाया संस्करण तथा शिवराज र मुक्तिनाथ (२०६२)ले शुद्ध ठानेका छन् भने ज्ञवालीले यसका ठाउँमा 'पुत्रशोक्ले गरी' पाठ पढेका छन्। अध्यात्मरामायणले "पुत्रशोकेन मरणं प्राप्स्यसे" (अयो.७/४५) अर्थात् पुत्रशोकद्वारा नै मर्नेछौ भन्ने पाठ पढेको छ। मूलको 'पुत्रशोकेन' शब्द षष्ठी तत्पुरुष समासद्वारा निर्मित शब्द भएकाले तुलनात्मक रूपमा स्पष्टताका दृष्टिले 'पुत्रको शोक् गरी' पाठ नै भानुभक्तले प्रयोग गरेका हुन सक्छन्।

उपर्युक्त नवौं 'झिकाउँदा भया' (७०.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, नेपाल, विष्णुमाया संस्करण र शिवराजले समेत शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'झिकाई लिया' पाठ पढेका छन्। भानुभक्तीय रामायणमा स्वरवर्णको हलन्त उच्चारण भएका प्रशस्त प्रयोगहरू पाइनेभ हुँदा यहाँ पनि 'झिकाउँदा भया' पाठको 'उँ'लाई भानुभक्तले हलन्त उच्चारणको अपेक्षा राखी 'झिकाउँदा भया' पाठको प्रयोग गरेको हुनुपर्छ। सम्भवत: ज्ञवालीले 'झिकाउँदा'को 'उँ'लाई भानुभक्तले अजन्त उच्चारण गरेका थिए कि भनेर छन्दोभङ्गदोष हुने ठानी 'झिकाउँदा'लाई 'झिकाई'का रूपमा संशोधन गरेका हुन सक्छन्। त्यस्तै, 'झिकाई'सँग 'भया'को सार्थक अन्वय नहुने ठानेर ज्ञवालीले 'भया'का ठाउँमा 'लिया' पाठ राखिदिएको पनि हुनु असम्भव देखिँदैन। भानुभक्तीय अन्त्यानुप्रास-योजनामा विशेषत: 'गया'सँग 'लिया'भन्दा 'भया' पाठ नै अत्यधिक रूपमा प्रयोग भएको पाइएकाले पनि प्रचलित 'झिकाई लिया' पाठभन्दा 'झिकाउँदा भया' पाठ नै भानुभक्तीय प्रयोग हुनुपर्छ। त्यस्तै, उपर्युक्त दसौं 'त पनि सब्' (७५.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, नेपाल, विष्णुमाया संस्करण र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने ज्ञवालीले यसका ठाउँमा 'तर पनी' पाठ पढेका छन्। गुरुलाई सबै थाहा भए तापनि भन्ने सन्दर्भमा 'तर पनी' पाठभन्दा 'त पनि सब्' पाठ नै भानुभक्तले प्रयोग

गरेको हुनुपर्छ। उपर्युक्त एघारौं 'पाउमा' (८०.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन संस्करण र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा बम्बई संस्करणले 'पादमा' र विष्णुमाया एवम् ज्ञवालीले 'पाऊ' पाठ पढेका छन्। अध्यात्मरामायण (अयो.८/६)मा भरतले श्रीरामका दुई पाउ समाएको भन्ने प्रसङ्गमा सप्तम्यन्त पदको प्रयोग नगरिएको भए पनि भानुभक्तीय रामायणको अयोध्याकाण्डकै ८८ औं श्लोकमा प्रयुक्त 'पाउमा' पाठका साहचर्यमा र 'पादमा' तथा 'पाउमा' दुवै पाठभेदको प्रयोगका आधारमा सप्तम्यन्त 'पाउमा' पाठको प्रयोग भानुभक्तले गरेको हुनु सम्भव छ। ज्ञवालीले 'पाउमा' पाठभेदको 'उ'को उच्चारण भानुभक्तले हलन्तकै रूपमा गरेका थिए भन्ने नसम्झी स्वरकै रूपमा प्रयोग गरेको ठानेर छन्दोभङ्गदोष निवारणार्थ 'पाऊ' पाठलाई भानुभक्तीय प्रयोग ठहऱ्याउने भूल गरेका हुन सक्छन्।

(ग) अरण्यकाण्डका पाठभेदहरू

ज्ञवाली (२०११ : ६७–८६)ले अरण्यकाण्डका ४२ श्लोकअन्तर्गत ५५ ठाउँमा ५७ ओटा पाठभेदहरू औंल्याएका छन्। तिनमा भारतजीवन 'क' संस्करणको १, भारतजीवन संस्करणका ८, नेपाल संस्करणका ११, बम्बई संस्करणका ७ र होमनाथ संस्करणका ३४ पाठभेदहरू पर्दछन्। तीमध्ये निम्नलिखित पाठभेदहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ –

१. 'खटाऊँ' (२.२),
२. 'र' (३३.१),
३. 'बढाई (४०.२),
४. 'मन् छ' (७७.४),
५. 'यस्तै' (८७.१) र
६ 'मेरी गती' (११२.४)।

उपर्युक्त पाठभेदहरूमध्ये पहिलो 'खटाऊँ' (२.२) पाठलाई होमनाथ संस्करणले शुद्ध ठहऱ्याएको छ भने यसका ठाउँमा हस्तलिखित रामायण (३२'ख') र शिवराजले 'षटाउँ', डमरुवल्लभ संस्करणले 'षठाँउँ' तथा विष्णुमाया र ज्ञवालीले 'पठाऊँ' पाठ पढेका छन्। सर्वप्रथम प्रकाशनका सन्दर्भमा उपयोग गरिएको हस्तलिखित रामायणमा 'प' र 'ष' तथा 'ट'

र 'ठ'को लिपिगत अस्पष्टताका कारण यी पाठभेदहरू देखिएका हुन सक्छन्। अध्यात्मरामायणले "सर्वस्य मार्गद्रष्टा त्वं तव को मार्गदर्शकः" (अर.१/४) मात्र पढेको छ, पठाउने वा खटाउने विवादलाई सुल्झाउने खालको शाब्दिक पाठ उल्लेख गरेको छैन। भानुभक्तीय रामायणको यसै श्लोक (२)को तेस्रो र चौथो पङ्क्तिमा 'खटाई' एवम् 'पठाई' पाठ पढी अन्त्यानुप्रास मिलाइएको हुँदा र उपर्युक्त पाठभेदहरूको तुलनात्मक अध्ययनका आधारमा पहिलो र दोस्रो पङ्क्तिमा पनि 'पठाऊँ' र 'खटाऊँ'बाटै भानुभक्तले अन्त्यानुप्रास-योजना मिलाएको हुनुपर्छ। त्यस्तै, उपर्युक्त दोस्रो 'र' (३३.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने ज्ञवालीले यसका ठाउँमा 'त' पाठ पढेका छन्। शूर्पणखाले रामले साँचो भने भन्ने बुझी र लक्ष्मणका नजिक गई भन्ने प्रसङ्गमा 'त' पाठभन्दा 'र' पाठकै प्रयोग भानुभक्तले गरेका हुन सक्छन्, जसको अन्यत्र (गरिमा, २०६३ असार) पनि संशोधनीय चर्चा भइसकेको छ।

उपर्युक्त तेस्रो 'बढाई' पाठलाई हस्तलिखित रामायण (३२'ख'), बम्बई संस्करण, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा डमरुवल्लभ र ज्ञवालीले 'चढाई' पाठ पढेका छन्। अध्यात्मरामायण (अर.५/३३)ले रिस चढाएको वा बढाएको भन्ने प्रसङ्ग नै निम्त्याएको छैन। सम्भवतः 'ब' र 'च'को हस्तलिपिगत अस्पष्टताकै कारण भानुभक्तीय रामायणमा यो पाठभेद देखिन गएको हुन सक्छ। तसर्थ राक्षसहरूले अत्यन्त रिसाएर श्रीराममाथि बाण बर्साए भन्ने प्रसङ्गमा 'चढाई' पाठभन्दा 'बढाई' पाठको प्रयोग भानुभक्तले गरेको हुनु सम्भव छ। उपर्युक्त चौथो 'मन् छ' (७७.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), होमनाथ संस्करण र शिवराजले शुद्ध ठानेका छन् भने यसका ठाउँमा डमरुवल्लभ, विष्णुमाया र ज्ञवालीले 'भन्छ' पाठ पढेका छन्। अध्यात्मरामायणमा यस प्रसङ्गमा "मां नेतुमागतोऽसि त्वं रामनाश उपस्थिते। न प्राप्स्यसे त्वं मामद्य..." (अर.७/३३) अर्थात् के तँ रामको विनाश भएपछि मलाई लैजानका लागि आएको होस् ? तैंले मलाई पाउनेछैनस् भन्ने पाठ छ, 'मन् छ' वा 'भन्छ'लाई पुष्टि गर्ने कुनै आधार शब्द मूलमा पाईदैन। सम्भवतः 'म' र 'भ'को वर्णगत साम्यता र हस्तलिपिगत डिकाको अस्पष्टताका कारण यो पाठभेद देखिन गएको हुनुपर्छ। त्यसैले सीताले लक्ष्मणलाई अवाच्य बोल्ने सन्दर्भमा मलाई

भभज्ली भन्ने मन् छ कि भन्ने प्रसङ्ग नै उपयुक्त देखिएको र यस प्रसङ्गमा 'भन्छ' पाठको सार्थक अन्वय पनि हुन नसक्ने भएकाले 'मन् छ' पाठलाई नै भानुभक्तीय प्रयोग ठहऱ्याउन सकिन्छ ।

उपर्युक्त पाँचौं 'यस्तै' (८७.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'यस्ता' पाठ पढेका छन् । अध्यात्मरामायणले यस प्रसङ्गमा "इत्येवम्" (अर.८/१८) अर्थात् यसरी वा यस्तै पाठ पढेको छ । तुलनात्मक रूपमा 'यस्ता' पाठभन्दा 'यस्तै' पाठको प्रयोग भानुभक्तले गरेका हुन सक्छन् । उपर्युक्त छैटौं 'मेरी गती' (११२.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, नेपाल, होमनाथ, विष्णुमाया र शिवराजले शुद्ध ठानेका छन् भने यसका ठाउँमा ज्ञवालीले 'मेरो गती' पाठ पढेका छन् । सम्भवत: ज्ञवालीले 'छ' क्रियाका साहचर्यमा 'मेरो गती' पढेका हुन सक्छन् । दया, माया आदि स्त्रीलिङ्गी शब्दको विशेषणका रूपमा आउने शब्दहरू स्त्रीलिङ्गकै रूपमा प्रयोग गरिएका अन्य उदाहणहरू पनि भानुभक्तीय रामायणमा पाइन्छन् । त्यसैले तुलनात्मक रूपमा 'मेरो गती'भन्दा 'मेरी गती' पाठ नै भानुभक्तीय प्रयोग हुनु सम्भव छ ।

(घ) किष्किन्धाकाण्डका पाठभेदहरू

ज्ञवाली (२०११ : ८७–१३२)ले किष्किन्धाकाण्डका ८२ श्लोकअन्तर्गत १४८ ठाउँमा १५५ ओटा पाठभेदहरू औंल्याएका छन् । तिनमा भारतजीवन 'क' संस्करणका ७, भारतजीवन संस्करणका २६, नेपाल संस्करणका ३६, बम्बई संस्करणका १८, होमनाथ संस्करणका ८३, उपर्युक्त पाँचै संस्करणका वा सबै पुस्तकका भनी सङ्केत गरिएका २ र ज्ञवालीद्वारा अनुमानित तथा प्रस्तावित २ ओटा पाठभेदहरू पर्दछन् । तीमध्ये निम्नलिखित पाठभेदहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ–

१. 'दिई' (७.४),
२. 'भनी' (२२.२),
३. 'धऱ्या' (२६.४),
४. 'गरी' (३६.४),
५. 'भनी' (३८.४),

६. 'पति' (६२.४),
७. 'त मनमा' (६६.३),
८. 'नजर्' (८०.४),
९. 'गर्ला' (१०२.४),
१०. 'काल् र' (११६.२) र
११. 'वानर्' (१२२.४)।

उपर्युक्त पाठभेदहरूमध्ये पहिलो 'दिई' (७.४) पाठलाई डमरुवल्लभ, भारतजीवन र विष्णुमाया संस्करणले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा हस्तलिखित रामायण (३२'ख'), शिवराज र ज्ञवालीले 'दिया' पाठ पढेका छन्। शिवराज आचार्य (२०३२ : २)ले सम्भावित शुद्ध पाठ प्रस्तुत गर्ने सन्दर्भमा दोस्रो हस्तलिखित रामायण ('च'१००५) र भानु पुस्तकालयको लेखोटमा 'दिइ' पाठभेद रहेको उल्लेख गरेका छन्। सम्भवतः पुरानो हस्तलिखित प्रतिमा 'दियी' पाठमा 'यी'को डिकामाथिको 'ईकार' अस्पष्ट भएर उक्त 'दिया' पाठ देखिएको हुन सक्छ। अघिल्लो 'गऱ्या' र पछिल्लो 'पऱ्या' समापिका क्रियाको बीचमा प्रयुक्त 'दिया' समापिका क्रियाको तुलनामा 'दिई' असमापिका क्रियाको प्रयोग नै भानुभक्तले गरेको हुनु सम्भव छ। उपर्युक्त दोस्रो 'भनी' (२२.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन 'क', होमनाथ, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा डमरुवल्लभ र ज्ञवालीलले 'पनी' पाठ पढेका छन्। सम्भवतः 'प' र 'भ'को हस्तलिखित अस्पष्टताका कारण यो पाठभेद देखिन गएको हुन सक्छ। ऋषिले बालिलाई यस्तो भनेर सराप दिए भन्ने सन्दर्भमा 'पनी'भन्दा 'भनी' पाठ नै उपयुक्त देखिन्छ। साथै 'पनी' र 'भनी'को भानुभक्तीय अन्त्यानुप्रास-योजनाका दृष्टिले समेत पुनरुक्त 'पनी' पाठभन्दा 'भनी' पाठ नै शुद्ध हुनु सम्भव छ।

उपर्युक्त तेस्रो 'धऱ्या' (२६.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), नेपाल संस्करण र शिवराजले शुद्ध ठानेका छन् भने यसका ठाउँमा विष्णुमाया र ज्ञवालीले 'लिया' पाठ पढेका छन्। 'लिनु' र 'धर्नु'मा सामान्यतः आर्थिक समानता पाइने हुँदा अघिल्लो 'गऱ्या' पाठसँग अन्त्यानुप्रासका दृष्टिले 'लिया'भन्दा 'धऱ्या' पाठको प्रयोग भानुभक्तले गरेका हुन सक्छन्। त्यस्तै, उपर्युक्त चौथो 'गरी' (३६.४) पाठलाई

डमरुवल्लभ, बम्बई, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा हस्तलिखित रामायण (३२'ख') र ज्ञवालीले 'धरी' पाठ पढेका छन्। यसै सन्दर्भमा अध्यात्मरामायणले "सुग्रीवस्य गले पुष्पमालामामुच्य पुष्पिताम् ॥" (कि.२/१६) अर्थात् सुग्रीवको गलामा फुलेका फूलको माला पहिराइदेऊ भन्ने उल्लेख गरेको छ, जसलाई भानुभक्तले यस श्लोकमा फूल ल्याई माला बनाउन र अर्को श्लोकमा त्यो माला पहिराउन निर्देश गरेको प्रसङ्ग व्यक्त गरेका छन्। त्यसैले भानुभक्तको आशयअनुरूप 'धरी' पाठभन्दा 'गरी' पाठ उपयुक्त हुनु असम्भव देखिँदैन।

उपर्युक्त पाँचौं 'भनी' (३८.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), बम्बई, होमनाथ, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा डमरुवल्लभले 'पनी' तथा ज्ञवालीले 'बनी' पाठ पढेका छन्। यी पाठभेदहरूलाई पुष्टि गर्ने खालको आधारशब्द अध्यात्मरामायण (कि. २/१८)मा भेटिँदैन। सम्भवत: 'भनी' र 'पनी' पाठभेदहरू 'भ' र 'प'को हस्तलिपिगत अस्पष्टताका कारण देखापरेको हुनुपर्छ, जसलाई ज्ञवालीले 'बनी' भनेर संशोधन गरेका हुन सक्छन्। सुग्रीव भगुवा फर्क्यो भनी वालिलाई रिस उठेको प्रसङ्ग र भानुभक्तीय अन्त्यानुप्रास-योजनाका दृष्टिले समेत 'बनी' वा 'पनी' पाठभन्दा 'भनी' पाठ नै शुद्ध हुन सक्छ। उपर्युक्त छैटौं 'पति' (६२.४) पाठलाई हस्तलिखित रामायण (३२'ख') होमनाथ, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा डमरुवल्लभ र ज्ञवालीले 'पनि' पाठ पढेका छन्। यस प्रसङ्गमा अध्यात्मरामायणले "पतिस्तवायं देहो वा जीवो वा वद तत्त्वत:" (कि.३/१३) अर्थात् विचारपूर्वक भन तिम्रो पति यो देह हो वा जीव भनी उल्लेख गरेको हुँदा 'पति' पाठलाई पुष्टि गर्न सकिने आधार मिलेको छ। बढी स्पष्टताका दृष्टिले समेत 'पनि'भन्दा 'पति' पाठको प्रयोग भानुभक्तले गरेका हुन सक्छन्।

उपर्युक्त सातौं 'त मनमा' (६६.३) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, नेपाल, विष्णुमाया, साझाको संस्करण (२०५८) र शिवराज आचार्यले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'मन महाँ' पाठ पढेका छन्। सम्भवत: ज्ञवालीले यसै श्लोकको चौथो पङ्क्तिको 'जन महाँ' पाठसँग अन्त्यानुप्रास मिलाउनका लागि 'मन महाँ'लाई शुद्ध ठानेका हुन सक्छन् तापनि हस्तलिखित रामायण (३२'ख'), शिवराज आचार्य र मुक्तिनाथ आचार्य (२०६२ : १४)ले

'जनमहाँ'का ठाउँमा 'छ जनमा' पाठलाई उपयुक्त मानेको हुँदा 'त मनमा' पाठ नै शुद्ध हुनुपर्छ। त्यस्तै उपर्युक्त आठौं 'नजर्' (८०.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, विष्णुमाया, शिवराज र मुक्तिनाथ आचार्य (२०६२ : १५)ले शुद्ध ठानेका छन् भने यसका ठाउँमा ज्ञवालीले 'विचार्' पाठ पढेका छन्। यस प्रसङ्गमा अध्यात्मरामायण (कि.४/५)ले सबै जीवजन्तुहरू रामको सेवामा लागे भनेको छ। सबै जन्तुहरूको ध्यान आफूमै रहेको देखेर भगवान् राम खुसी रहन्थे भन्ने सन्दर्भमा 'विचार् गरि' पाठभन्दा 'नजर् गरि' पाठ नै उपयुक्त हुनु सम्भव छ।

उपर्युक्त नवौं 'गर्ला' (१०२.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, होमनाथ संस्करण र शिवराज आचार्यले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा विष्णुमाया र ज्ञवालीले 'गर्न्या' पाठ पढेका छन्। यी दुवै पाठभेदहरूमध्ये तुलनात्मक रूपमा 'गर्ला' पाठ नै स्पष्ट र शुद्ध पनि हुन सक्छ। उपर्युक्त दसौं 'काल् र' (११६.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, नेपाल संस्करण र शिवराजले शुद्ध मानेका छन् भने यसका ठाउँमा विष्णुमाया र ज्ञवालीले 'काल' पाठ पढेका छन्। सीतालाई नपाएर धेरै समय बित्यो र एक दिन भन्ने प्रसङ्गमा 'काल'भन्दा 'काल् र' पाठको प्रयोग भानुभक्तले गरेका हुन सक्छन्। त्यस्तै, उपर्युक्त एघारौं 'वानर्' (१२२.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, होमनाथ, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'बन्दर्' पाठ पढेका छन्। भानुभक्तीय रामायणमा अन्यत्र 'वानर्' शब्दकै प्रयोग गरिएको पाइएकाले यहाँ पनि 'वानर्' पाठ नै शुद्ध हुनुपर्छ भन्नेबारेमा अन्यत्र (गरिमा, २०६३ असार) समेत संशोधनीय चर्चा भइसकेको छ।

(ङ) सुन्दरकाण्डका पाठभेदहरू

ज्ञवाली (२०११ : १३३–१७१)ले सुन्दरकाण्डका ८२ ओटा श्लोकअन्तर्गत १३७ ठाउँमा १४३ ओटा पाठभेदहरू औंल्याएका छन्। तिनमा भारतजीवन 'क' संस्करणका ३, भारतजीवन संस्करणका ४३, नेपाल संस्करणका ३७, बम्बई संस्करणका १६, होमनाथ संस्करणका ६६ र ज्ञवालीद्वारा अनुमानित तथा प्रस्तावित २ ओटा पाठभेदहरू पर्दछन्। तीमध्ये निम्नलिखित पाठभेदहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ–

१. 'लियौ' (२१.३),
२. 'यो' (२३.४),
३. 'विपत्को' (४८.२),
४. 'बरबर्' (६६.२),
५. 'ज्या' (१०५.१) र
६. 'तँ' (११०.३)।

उपर्युक्त पाठभेदहरूमध्ये पहिलो 'लियौ' (२१.३) पाठलाई हस्तलिखित रामायण (३२'ख'), होमनाथ, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'गयौ' र अध्यात्मरामायणले 'जिता' (सु.१/४७) पाठ पढेको पाइन्छ। 'जित्यो' भन्ने सन्दर्भमा 'जितिगयौ' पाठभन्दा 'जितिलियौ' पाठ उपयुक्त हुन सक्छ। दोस्रो 'यो' (२३.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, विष्णुमाया र शिवराजले शुद्ध ठानेका छन् भने यसका ठाउँमा ज्ञवालीले 'यो' पाठ पढेका छन्। अध्यात्मरामायणले "तदैव रावणस्यान्तो भविष्यति न संशयः॥" (सु.१/५३) मात्र भनेको छ, 'यो' र 'त्यो'को विवादलाई सुल्झाउने आधारशब्द प्रदान गरेको छैन। सीतालाई भेट्न सर्वप्रथम लङ्का पुगेका हनुमान्सँग राक्षसीको रूपधारण गरेकी लङ्कापुरीले ब्रह्माको वचनअनुसार रावण मर्ने कुराको निश्चय व्यक्त गर्ने सन्दर्भमा लङ्कामै रहेका रावणका लागि दूरवर्ती 'त्यो'भन्दा समीपवर्ती 'यो' सर्वनामकै प्रयोग गरेको हुनुपर्छ।

उपर्युक्त तेस्रो 'विपत्को' (४८.२) पाठलाई हस्तलिखित रामायण (३२'ख') डमरुवल्लभ, भारतजीवन, नेपाल, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'मरण्को' पाठ पढेका छन्। ज्ञवाली (२०११ : १४५)ले 'मरण्को' पाठलाई पुष्टि गर्न अध्यात्मरामायणको सम्बद्ध अंश उद्धृत गरेका छन्– "सर्वथा रावणं रामो हत्वा सकुलमञ्जसा। विभीषणायाधिपत्यं दत्वा ...॥" (सु.२-५३/५४)। समुद्धृत अघिल्लो पङ्क्तिको अनुवाद भानुभक्तले पहिलो पङ्क्तिमै गरिसकेका र दोस्रो पङ्क्ति "रावणको अब वृद्धि छैन यसको आयो विपत्को घरी" पूर्णतः मौलिक देखिएको हुँदा 'मरण्को' पाठलाई मूलकै आधारमा पुष्टि गर्न सकिँदैन। तसर्थ 'मरण्को' पाठभन्दा मौलिक रूपमा प्रयुक्त 'विपत्को' पाठ नै उपयुक्त हुनुपर्छ।

उपर्युक्त चौथो 'बरबर्' (६६.२) पाठलाई हस्तलिखित रामायण (३२'ख') डमरुवल्लभ, भारतजीवन र शिवराजले शुद्ध ठानेका छन् भने यसका ठाउँमा विष्णुमाया र ज्ञवालीले 'बखतमा' पाठ पढेका छन् । अध्यात्मरामायणले "मुद्रिकां शिरसा धृत्वा स्रवदानन्दनेत्रजा" (सु.३/३७) भनेको छ, 'बरबर्' वा 'बखतमा' पाठलाई पुष्टि गर्ने आधारशब्द उल्लेख गरेको छैन । सम्भवत: भानुभक्तले बालकाण्डको १२१ औं श्लोकको "आँसु खस्या बर्बरी"मा झैं यहाँ पनि "देखिन् औंठि जसै तसै त बरबर् हर्षाश्रुधारा खस्या" भनी मौलिक प्रयोग गरेको हुनुपर्छ। उपर्युक्त पाँचौं 'ज्या' (१०५.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन, नेपाल संस्करण र शिवराज आचार्य (२०३५)ले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा विष्णुमायाले 'जे' र ज्ञवालीले 'जो' पाठ पढेका छन् । नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५०)मा भानुभक्तका पूर्वज भानुदत्त (१८३३)ले र भानुभक्तका समकालीन सुन्दरानन्द बाँडा (१८८०) एवम् भवानीदत्त (१८८२)ले 'ज्या' शब्दको प्रयोग गरेको पाइन्छ। 'जो' शब्दका तुलनामा आधुनिक 'जे' वा प्राचीन 'ज्या'को प्रयोग निरपेक्षित सन्दर्भमा बढी हुने गर्दछ। त्यसैले ऐतिहासिक प्रयोगका दृष्टिले निरपेक्षित सन्दर्भमा 'ज्या'को प्रयोग भानुभक्तले गरेको हुनु सम्भव छ। त्यस्तै, उपर्युक्त छैटौं 'तँ' (११०.३) पाठलाई हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३५)ले शुद्ध ठानेका छन् भने यसका ठाउँमा ज्ञवाली (२०११ : १६०)ले मूलमा 'त' पाठ पढे तापनि टिप्पणीमा 'तँ' पाठ भए पनि अनुकूल हुने विचार व्यक्त गरेका छन् । त्यसैले तँलाई जानकारी दिएँ भन्ने सन्दर्भमा प्रचलित 'त' पाठभन्दा 'तँ' पाठ नै शुद्ध हुन सक्छ ।

(च) युद्धकाण्डका पाठभेदहरू

ज्ञवाली (२०११ : १७२–२६६)ले युद्धकाण्डका २०३ श्लोकअन्तर्गत २८८ ठाउँमा ३०८ ओटा पाठभेदहरू औंल्याएका छन् । तिनमा भारतजीवन संस्करणका ७७, नेपाल संस्करणका ८५, बम्बई संस्करणका १६, होमनाथ संस्करणका १६३, सबै संस्करणका भनी सङ्केत गरिएका ३ र ज्ञवालीद्वारा अनुमानित तथा प्रस्तावित ६ ओटा पाठभेदहरू पर्दछन् । तीमध्ये निम्नलिखित पाठहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ–

१. 'जो' (३.२)
२. 'काँही' (१८.१),
३. सह्याचल् (१८.२),
४. 'वैरिलाई' (२२२.१),
५. 'लैगेर' (२२९.१),
६. 'कस्तै गरी' (२६५.४),
७. 'गया' (२८५.२),
८. 'जन पूर्ण' (३७७.२) र
९. 'श्रीरामको' (३८१.१)।

उपर्युक्त पाठभेदहरूमध्ये पहिलो 'जो' (३.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, बम्बई र विष्णुमाया संस्करणले शुद्ध ठहऱ्याएका छन् भने ज्ञवालीले यसका ठाउँमा 'ता' पाठ पढेका छन्। अध्यात्मरामायण (यु.१/४)मा 'जो' वा 'ता'को विवादलाई सुल्झाउने कुनै आधारशब्द भेटिँदैन। सम्भवत: हनुमान्ले गरेको सेवकधर्मको प्रशंसा गर्ने सन्दर्भमा 'ता' पाठका तुलनामा 'जो' पाठको प्रयोग भानुभक्तले गरेका हुन सक्छन्। त्यस्तै, उपर्युक्त दोस्रो 'काँही' (१८.१) पाठलाई डमरुवल्लभ, भारतजीवन, नेपाल र विष्णुमाया संस्करणले शुद्ध मानेका छन् भने यसका ठाउँमा हस्तलिखित रामायण (३२'ख') र ज्ञवालीले 'कोही' पाठ पढेका छन्। 'कोही' पाठलाई पुष्टि गर्न ज्ञवाली (२०११ : १७६)ले नेपाल र भारतजीवन संस्करणमा 'काँही' पाठ रहेको उल्लेख गरी अध्यात्मरामायणको "गता चमूर्दिवारात्रं क्वचिन्नासज्जत क्षणम् ॥" (यु.१/४०) पङ्क्ति उद्धरण गरेका छन्। यस पङ्क्तिमा आएको 'क्वचिद्' शब्द सप्तम्यन्त 'किम्' शब्ददेखि पाणिनीय व्याकरणको "किमोऽत्" (५/३/१२) सूत्रद्वारा तद्धित 'अत्' प्रत्यय र 'किम्'का ठाउँमा 'कु' आदेश तथा यण्सन्धि भएर निर्मित कहाँ अर्थ दिने 'क्व' व्युत्पन्न शब्दसँग अनिश्चयात्मक अर्थ बुझाउने 'चित्' अव्यय शब्दको योग भई निर्माण भएको हो र यसले नेपालीमा 'कहीं' भन्ने बुझाउँछ। मूलको उपर्युक्त 'क्वचिद्' शब्दको ठाउँमा 'कश्चिद्' शब्दको अर्थ प्रमाणित गर्न खोज्नु ज्ञवालीको दृष्टिदोष नै हुनुपर्छ। त्यसैले 'कोही' पाठका तुलनामा मूलअनूरूप 'काहीं' पाठ नै शुद्ध हो।

उपर्युक्त तेस्रो 'सह्याचल्' (१८.२) पाठलाई डमरुवल्लभ संस्करण र ज्ञवाली (२०११ : १७६)को टिप्पणीले उपयुक्त ठहऱ्याएका छन् भने हस्तलिखित रामायण (३२'ख')ले 'सैह्याचल्' पाठ पढेको छ। विष्णुमाया र ज्ञवालीले चाहिँ मूलमा 'विन्ध्याचल्' पाठलाई शुद्ध मानी पढेका छन्। ज्ञवालीले सम्भवतः प्रायः सबै संस्करणमा 'विन्ध्याचल्' पाठ देखेर प्रस्तावित 'सह्याचल्' पाठलाई मूलमा संशोधन नगरेका हुन सक्छन्। अध्यात्मरामायणले "काननानि विचित्राणि पश्यन्मलयसह्ययोः। ते सह्यं समतिक्रम्य मलयं च तथा गिरिम्॥" (यु.१/४१) भनेर स्पष्ट रूपमा सह्य गिरि अर्थात् सह्याचलको वर्णन गरेको हुँदा र भारतका सात मुख्य पर्वतहरूमा पर्ने यी दुई पर्वतहरू बेग्लाबेग्लै भएकाले 'विन्ध्याचल्' पाठभन्दा ज्ञवालीद्वारा प्रस्तावित एवं अध्यात्मरामायण तथा हस्तलिखित रामायण (३२'ख')ले पुष्टि गरेको 'सह्याचल्' पाठ नै शुद्ध हुनुपर्छ।

उपर्युक्त चौथो 'वैरिलाई' (२२२.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन, विष्णुमाया र मुक्तिनाथ आचार्य (२०६२ : १५)ले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'वीरलाई' पाठ पढेका छन्। अध्यात्मरामायणले रावणका सन्दर्भमा "त्वमजेयो भविष्यसि" (यु.१०/८) अर्थात् तिमी अजेय हुनेछौ मात्र भनेको छ, 'वीरलाई' वा 'वैरिलाई' पुष्टि गर्ने आधारशब्द उल्लेख गरेको छैन। सम्भवतः हस्तलिखित पुरानो प्रतिमा डिकामाथिका चिह्नहरूको अस्पष्टताका कारण यो पाठभेद देखिएको हुन सक्छ। आफ्ना गुरु शुक्राचार्यसँग रावणले शत्रु रामद्वारा भएको विनाश र त्यसबाट बच्ने उपायका लागि बिन्ती गरेको सन्दर्भमा प्राप्त भएको अजेय वरदानलाई भानुभक्तले सबै वैरीलाई जित्नेछौ भनी विश्लेषण गरेका हुन सक्छन्। साथै युद्धकाण्डको १३ औं श्लोकमा पनि यहाँ पनि 'वीर'भन्दा 'वैरि' शब्दकै प्रयोग भानुभक्तले गरेको हुनु सम्भव छ।

उपर्युक्त पाँचौं 'लैगेर' (२२८.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ र भारतजीवन संस्करणले शुद्ध ठानेका छन् भने यसका ठाउँमा नेपाल र विष्णुमाया संस्करणले 'ल्यायेर' तथा ज्ञवालीले 'पौंचाइ' पाठ पढेको पाइन्छ। अध्यात्मरामायणले "समानयत्" (यु.१०/२४) अर्थात् 'ल्याए' भनी एक ठाउँमा पढेको पाठलाई आधार बनाएर भानुभक्तीय रामायणले अघि 'ल्याया', पछि 'लिया' र बीचमा 'लैगेर

/ल्यायेर/पौंचाइ' गरी तीन ठाउँमा विस्तारित गरेको छ । नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५० : ३४८) र भानुभक्तीय रामायणमा अन्यत्र पनि 'लैगी' शब्दको प्रयोग भएको पाइन्छ । उत्तर-काण्डको १४८ औं श्लोकमा छैं यहाँ पनि ऐतिहासिक महत्त्व र भानुभक्तीय प्रयोगका दृष्टिले 'ल्यायेर' वा 'पौंचाइ' पाठभन्दा 'लैगेर' पाठ उपयुक्त हुन सक्छ ।

उपर्युक्त छैटौं 'कस्तै गरी' (२६५.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), बम्बई संस्करण, विष्णुमाया र मुक्तिनाथले शुद्ध ठहऱ्याएका छन् भने यस प्रसङ्गमा ज्ञवालीले 'काट्या पनी' पाठ पढेका छन् । अध्यात्म-रामायणले "....उत्तमाङ्गं न चैत्तस्य छेत्तव्यं राघव त्वया ॥ नैव शीर्ष्णि प्रभो वध्यो वध्य एव हि मर्मणि ॥" (यु.११:६१/६२) अर्थात् हे राम ! तपाईंले यसको शिर नकाट्नुहोला किनभने शिर काट्नाले यो मर्दैन, किन्तु मर्मस्थलमा प्रहार गर्नाले नै यो मर्न सक्छ भनेको छ। युद्धकाण्डकै २६२ औं श्लोकको "मर्दैन काट्या पनी" पाठमा छैं यस प्रसङ्गमा 'शिर' शब्दको प्रयोग नभएकाले 'काट्या पनी' पाठ पूर्णत: सार्थक देखिंदैन । सम्भवत: भानुभक्तले अघि चर्चा भइसकेको हुँदा यस प्रसङ्गमा मूलको शिर काट्ने प्रसङ्गलाई छोडिदिएर मर्मस्थलमा प्रहार गर्नुबाहेक अन्य कुनै पनि प्रकारले रावण मर्न सक्तैन भनी 'कस्तै गरी' पाठ पढेका हुन सक्छन् । भानुभक्तीय अन्त्यानुप्रास-योजनाका दृष्टिले समेत 'काट्या पनी' पाठभन्दा 'कस्तै गरी' पाठ उपयुक्त देखिन्छ ।

उपर्युक्त सातौं 'गया' (२८५.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन र नेपाल संस्करणले शुद्ध ठानेका छन् भने यसका ठाउँमा विष्णुमाया र ज्ञवालीले 'गयो' पाठ पढेका छन् । ज्ञवालीले 'गया' पाठभेद औंल्याएका संस्करणमा 'गया'भन्दा अघि 'हुन' पाठ थियो कि 'पाइ' पाठ थियो भन्नेबारेमा केही उल्लेख गरेका छैनन् तर उक्त हस्तलिखित रामायण (३२'ख')मा 'पाइ गया' भन्ने पाठ पाइन्छ । 'हुन'का साहचर्यमा 'गया' भन्दा 'गयो' पाठ नै उपयुक्त भए पनि 'गया' पाठ देखिएका सबै संस्करणमा 'पाइ गया' नै उल्लेख भएको हुन सक्ने सम्भावनालाई दृष्टिगत गर्दा 'हुन' पाठभन्दा 'पाइ गया' पाठ नै भानुभक्तीय प्रयोग ठहरिन सक्छ ।

उपर्युक्त आठौं 'जन पूर्ण' (३७७.२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, भारतजीवन र विष्णुमाया संस्करणले शुद्ध मानेका

छन् भने यसका ठाउँमा ज्ञवालीले 'परिपूर्ण' पाठ पढेका छन्। सम्भवतः अध्यात्मरामायणले प्रयोग गरेको "मनुजः" (यु.१६/३६) शब्दलाई भानुभक्तले 'जन'का रूपमा अनुवाद गरेका हुन सक्छन्। जसले रामको कथा भन्छन्, ती जनहरू सबै थोकले पूर्ण हुन्छन् भन्ने सन्दर्भमा 'परिपूर्ण' पाठभन्दा 'जन पूर्ण' पाठ उपयुक्त हुनु सम्भव छ। त्यसै गरी उपर्युक्त नवौं 'रामका' (३८१.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन, नेपाल र साझाको संस्करणले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा विष्णुमाया र ज्ञवालीले 'श्रीरामको' पाठ पढेका छन्। तुलनात्मक रूपमा एकवचनयुक्त 'श्रीरामको' पाठभन्दा बहुवचनयुक्त 'श्रीरामका' पाठ नै शुद्ध हुनुपर्ने बारेमा 'साझाको संस्करणका पाठभेदहरू' शीर्षकको लेखमा पनि चर्चा गरिएकोछ।

(छ) उत्तरकाण्डका पाठभेदहरू

ज्ञवाली (२०११ : २६७–३३०)ले उत्तरकाण्डका १२३ श्लोकअन्तर्गत १६७ ठाउँमा १७८ ओटा पाठभेदहरू औंल्याएका छन्। तिनमा भारतजीवन 'क' संस्करणका २, भारतजीवन संस्करणका ४५, नेपाल संस्करणका ५०, बम्बई संस्करणका १०, होमनाथ संस्करणका ८७, सबै पुस्तकका भनी सङ्केतित ३ र ज्ञवालीद्वारा प्रस्तावित ५ ओटा पाठभेदहरू पर्दछन्। तीमध्ये निम्नलिखित पाठभेदहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ–

१. 'रूपको हूँ' (१४०.३),
२. 'सरी' (१४३.४),
३. 'न' (१४५.१),
४. 'मान' (१५३.४),
५. 'गडथो' (१६८.४),
६. 'हुनू' (१८८.२),
७. 'भेट्छु' (२०८.३),
८. 'त' (२२७.३) र

उपर्युक्त पाठभेदहरूमध्ये पहिलो 'रूपको हूँ' (१४०.३) पाठलाई बम्बई र विष्णुमाया संस्करणले शुद्ध मानेका छन् भने यसका ठाउँमा हस्तलिखित रामायण (३२'ख')ले 'रूपको हुं' र ज्ञवालीले 'रूपका हुन्' पाठ

पढेका छन् । अध्यात्मरामायण (उ.५:४३/४४)ले आत्मालाई चिन्ने सन्दर्भमा आफूलाई प्रकाशस्वरूप अजन्मा, अद्वितीय आदि रूपको हुं भनी बुझनुपर्ने बताएको छ । सम्भवत: भानुभक्तले यी सबै रूपहरूलाई 'यस् रूपको हुम्' भनी प्रयोग गरेको हुनुपर्छ । 'हुम्' बाटै 'हुउँ', हुँदै 'हूँ'को विकास भएको सम्भावनालाई दृष्टिगत गर्दा बम्बई र विष्णुमाया संस्करणले यसलाई 'हूँ' बनाइदिएको हुनुपर्छ । ज्ञवालीप्रयुक्त अन्य संस्करण वा ज्ञवाली स्वयम्ले 'हुम्' वा 'हुं' पाठ देखेर त्यसलाई 'रूपका हुन्' भनी संशोधन गरेका पनि हुन सक्छन् । त्यसैले 'रूपका हुन्' पाठभन्दा 'रूपको हुम्>हूँ' नै मूलअनुरूप शुद्ध हुनु सम्भव छ ।

उपर्युक्त दोस्रो 'सरी' (१४३.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), नेपाल र विष्णुमाया संस्करणले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'हरी' पाठ पढेका छन् । अध्यात्मरामायणले "...अहं सदा दृश्यो भवेयम् ..." (उ.५/५३) अर्थात् म सधैं देखिन्छु वा साक्षात्कार हुन्छु भन्ने उल्लेख गरेको छ, 'सरी' वा 'हरी' लाई पुष्टि गर्ने आधारशब्द मूलले प्रदान गरेको छैन । सम्भवत: भानुभक्तले मूलको उक्त आशयलाई "सहजै देखिन्छु साम्ने सरी" भनेर उल्लेख गरेका हुन सक्छन् । रामले रामगीताको तत्त्वज्ञान दिइरहेको प्रसङ्गलाई वर्णन गर्ने सन्दर्भमा भानुभक्तले 'साम्ने हरी देखिन्छ' भनेर निश्चय नै प्रयोग गरेनन् होला । त्यस्तै, होमनाथ र नेपाल संस्करणमा पाइने 'देखिन्छु' पाठ मूलअनुरूप नभएकाले यसलाई भानुभक्तीय प्रयोग ठहऱ्याउन सकिँदैन । त्यसैले 'हरी' पाठभन्दा 'सरी' पाठको प्रयोग नै भानुभक्तले गरेको हुनुपर्छ ।

उपर्युक्त तेस्रो 'न' (१४५.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), बम्बई र विष्णुमाया संस्करणले शुद्ध ठानेका छन् भने यसका ठाउँमा ज्ञवालीले 'त' पाठ पढेका छन् । सम्भवत: भानुभक्तले आदि, अन्त्य र बीच तीनै पाठका सन्दर्भमा तीनै ठाउँमा 'न'को प्रयोग गरेका हुन सक्छन्, जसलाई ज्ञवाली, बम्बई संस्करणबाहेक अरूले संशोधन गरी 'त' बनाएको हुनुपर्छ । वर्तमान सन्दर्भमा 'त' पाठ उपयुक्त देखिए पनि 'न' पाठलाई नै भानुभक्तीय प्रयोग ठहऱ्याउन सकिन्छ । त्यस्तै, उपर्युक्त चौथो 'मान' (१५३.४) पाठलाई हस्तलिखित रामायण (३२'ख'), नेपाल, भारतजीवन र होमनाथ संस्करणले शुद्ध ठानेका छन् भने यसका ठाउँमा ज्ञवालीले 'मान्नु' पाठ पढेका छन् । अध्यात्मरामायणले "मा

भीवः" (उ.६/१०) अर्थात् 'नडराओ' भनेको छ, जसलाई भानुभक्तले 'ताप नमान' भनेको हुनुपर्छ। त्यसैले ज्ञवालीप्रयुक्त 'मान्नु' पाठभन्दा मान' पाठ उपयुक्त हुन सक्छ।

ज्ञवाली (२०११ : ३०८)ले टिप्पणीमा "'गड्यो' पाठ भये जाती हुने थियो" भनी उल्लेख गरेर मूलमा 'गऱ्यो' (१६८.४) पाठ पढेका छन्। जुन 'गऱ्यो' पाठलाई विष्णुमायालगायतका संस्करणले शुद्ध ठहऱ्याएका छन्। हस्तलिखित रामायण (३२'ख')ले चाहिँ यसका ठाउँमा 'गडरो' पाठ पढेको छ, जुन पाठ ज्ञवालीद्वारा प्रस्तावित 'गड्यो' पाठलेखनमा प्रतिलिपिकर्ताको दोष हुन सक्छ। अध्यात्मरामायणको "निगड" (उ.६/४४) शब्दकै आधारमा भानुभक्तले 'गड्यो' पाठ पढेका हुन सक्छन्। अहङ्कारले व्याप्त भएको जीव सङ्कल्परूपी जन्जिरले बाँधिएर रातदिन पुत्र, पत्नी, घर आदिका लागि सङ्कल्प गर्दै शोकसन्तप्त हुन्छ भन्ने मूलको सन्दर्भलाई भानुभक्तले जीवले आफैलाई अहङ्कार हूँ भन्ने महसुस गऱ्यो भने विषयरूपी वासनामा गडेर जीव आफै पनि बाँधिन्छ भनी प्रयोग गरेको हुनु सम्भव छ। त्यसैले ज्ञवालीद्वारा मूलमा स्वीकृत 'गऱ्यो' पाठभन्दा उनले टिप्पणीमा प्रस्ताव गरेको 'गड्यो' पाठ नै उपयुक्त देखिन्छ।

उपर्युक्त छैटौँ 'हुनू' पाठलाई हस्तलिखित रामायण (३२'ख'), होमनाथ र विष्णुमाया संस्करणले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'भई' पाठ पढेका छन्। अध्यात्मरामायणले "आर्जवेन" (उ. ७/७१) अर्थात् सरलताले भन्ने पाठ पढेको छ, 'भई' वा 'हुनू' पाठको विवादलाई सुल्झाउने आधारशब्द प्रदान गरेको छैन। सम्भवतः भानुभक्तले उपदेशका सन्दर्भमा यस श्लोकमा प्रयुक्त 'सुन्नु, 'गर्नु', 'छोड्नू' र 'बुझ्नू' पाठहरूका साहचर्यमा यहाँ पनि असमापिका क्रियाको 'भई' पाठभन्दा समापिका क्रियाको 'हुनू' पाठ नै प्रयोग गरेका हुन सक्छन्। त्यस्तै, उपर्युक्त सातौँ 'भेट्नू' (२०८.३) पाठलाई हस्तलिखित रामायण (३२'ख') र होमनाथ संस्करणले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा विष्णुमायाले 'भेट्नै' र ज्ञवालीलले 'भेट्नू' पाठ पढेका छन्। सम्भवतः भानुभक्तले उत्तरकाण्डकै २२१ औँ श्लोकको तेस्रो पङ्क्तिको "...रामलाइ भेट्छू भनी"मा जस्तै यहाँ पनि "रघुनाथज्यूलाइ भेट्छू भनी" प्रयोग गरेका हुन सक्छन्। त्यसैले 'भेट्नू' वा 'भेट्नै' पाठका तुलनामा 'भेट्छू' पाठलाई भानुभक्तीय प्रयोग ठहऱ्याउन सकिन्छ।

उपर्युक्त आठौं 'त' (२२७.३) पाठलाई हस्तलिखित रामायण (३२'ख'), भारतजीवन र विष्णुमाया संस्करणले शुद्ध मानेका छन् भने यसका ठाउँमा ज्ञवालीले 'छ' पाठ पढेका छन् । 'छ'युक्त पाठभन्दा 'त'युक्त "ठूलो भन्नु त धर्म हो" पाठलाई नै भानुभक्तले प्रयोग गरेको हुनुपर्छ । त्यस्तै, उपर्युक्त नवौं रघुनाथ्ज्यूका (२३८.४) पाठलाई पनि हस्तलिखित रामायण (३२'ख'), भारतजीवन र विष्णुमाया संस्करणले नै शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवालीले 'रघुनाथ्जीको' पाठ नै पढेका छन् । तुलनात्मक रूपमा 'जी'युक्त पाठभन्दा 'ज्यू'युक्त पाठ नै भानुभक्तीय प्रयोग हुन सक्छ ।

सूर्यविक्रम ज्ञवाली (२०११ : १–३३०)ले भानुभक्तीय रामायणका सातै काण्डका १३१८ श्लोकहरूमध्ये ६८३ श्लोकअन्तर्गत ८८३ ठाउँमा १०४७ ओटा पाठभेदहरू औंल्याएका छन् भने बाँकी ६३६ ओटा श्लोकहरूमा कुनै पनि पाठभेद उल्लेख गरेको पाइँदैन । उनले औंल्याएका पाठभेदहरूमध्ये भारतजीवन 'क' संस्करणका २०, बम्बई संस्करणका ८२, भारतजीवन संस्करणका २४५, नेपाल संस्करणका ३११, होमनाथ संस्करणका ५१०, सबै पुस्तकका भनी सङ्केतित ८ र ज्ञवालीद्वारा अनुमानित तथा प्रस्तावित २२ गरी जम्मा १२०८ ओटा संस्करणगत पाठभेदहरू पर्दछन् । १६१ ठाउँमा दुई वा तीनओटा संस्करणमा एउटै पाठभेद देखिएका कारण ज्ञवालीले औंल्याएका वास्तविक १०४७ पाठभेदहरूभन्दा संस्करणगत पाठभेदहरूको सङ्ख्या बढ्न गएको हो । ज्ञवालीले औंल्याएका अधिकांश पाठभेदहरू 'भानुभक्तको रामायण' (२०११)को मूलपाठका दृष्टिले अनुपयुक्त नै देखिन्छन् भने केही पाठभेदहरूलाई मात्र तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ । यसै सन्दर्भमा यहाँ ६२ ओटा पाठभेदहरूको प्रारम्भिक संशोधनीय चर्चा गरिएको हो र यस्तै अरू पाठभेदहरूलाई पनि शुद्ध ठहऱ्याउन सकिने प्रबल सम्भावना रहेको छ तापनि यसरी उपयुक्त ठम्याइने पाठभेदहरूलाई भानुभक्तीय रामायणका भेटिन सक्ने सबै संस्करण वा लेखोटप्रतिहरूसँग पनि पुनः पुनः सम्परीक्षण गर्दै जानु नितान्त आवश्यक देखिन्छ ।

– २०६३ भाद्र ३१

दीक्षितले औँल्याएका पाठभेदहरू

कमल दीक्षित (१९८७)ले आफ्ना दुई निबन्धहरूमार्फत् भानुभक्तीय रामायणका सातओटा संशोधनीय पाठभेदहरू औँल्याएका छन् । वि.सं. २०२८ मा 'भानु' पत्रिकाको भानु विशेषाङ्कमा प्रकाशित तथा 'बुकी सुन' (२०३६) एवम् 'भानु विचरण' (२०५६) निबन्ध-सङ्ग्रहमा सङ्गृहीत पाठभेदीय पहिलो निबन्ध 'म दिऊँ कि न दिऊँ'मा उनले 'म थूँ' (कि.२८)का ठाउँमा 'न थूँ' हुनुपर्ने भनी एउटा मात्र पाठभेदको विस्तृत रूपमा संशोधनीय चर्चा गरेका छन् भने 'भानु विचरण' (२०५६) निबन्ध-सङ्ग्रहमै सङ्गृहीत 'खतम कि खटन' निबन्धमा उनले अरण्यकाण्ड, किष्किन्धाकाण्ड र युद्धकाण्डका ६ ओटा पाठभेदहरूको संशोधनीय प्रस्ताव प्रस्तुत गरेका छन् ।

दीक्षित (२०५६ : ३२-३४)ले अध्यात्मरामायणले स्पष्ट किटान नगरेकै सन्दर्भमा राष्ट्रिय अभिलेखालयस्थित दुवै हस्तलिखित रामायण (३१०'च' र १००५) डमरुवल्लभ, मोतीराम, नेपाल संस्करण (१८५१), विष्णुमाया, विश्वराज हरिहर, पुण्यप्रसाद, बाबु माधवप्रसाद र हरिहर आ.दी.ले समेत 'न थूँ' (कि.२८) पाठ पढेको र होमनाथ-केदारनाथ संस्करणमा देखिएको 'म थूँ' पाठलाई सूर्यविक्रम ज्ञवाली (२०११) र पारसमणिले समर्थन गरिदिएको हुँदा समस्या खडा भएको बताएका छन् । व्यापारी होमनाथ-केदारनाथले बिर्सेर तथा पारसमणिले ज्ञवालीकै पछि लागेर 'म थूँ' भन्नु स्वाभाविक मान्न सकिए पनि ज्ञवाली ठुक्किएकामा आश्चर्य प्रकट गर्दै उनले भानुका कपालमा रहेका 'म थूँ'जस्ता ढाडीहरूलाई टिप्न नेपाली साहित्यका प्रत्येक विद्यार्थीलाई निर्देशसमेत गरेका छन् । ज्ञवालीले सम्पादनका क्रममा उपयोगमा

ल्याएका आठओटा संस्करणहरूमध्ये सन् १८८४ मा प्रकाशित किष्किन्धाकाण्ड र किष्किन्धाकाण्डसहितको चारकाण्डे 'अर्को पुरानो प्रति' दीक्षितले 'न द्यूँ' पाठभेदको तुलनात्मक अध्ययनका क्रममा अनुपलब्धताकै कारण उपयोगमा ल्याउन सकेको पाईदैन। सम्भवत: ती दुवै संस्करणहरूमा पनि 'न द्यूँ' पाठ नै पढिएको हुन सक्छ। शिवराज आचार्य (२०३२ : ७)ले पनि सम्भावित शुद्ध पाठमा 'न द्यूँ' लाई नै समावेश गरेका छन् र पाठान्तरमा 'म-१' उल्लेख गरेका छन्। शिवराज आचार्य (२०३१ 'क' : २)ले सम्भावित शुद्ध पाठको प्रारम्भ गर्ने सन्दर्भमा आफूले उपयोग गरेका चार पुस्तकको परिचय दिएका थिए। त्यसमा राष्ट्रिय अभिलेखालयस्थित चतुर्थ लगतको ३१० सङ्ख्याको भानुभक्तका सन्ततिबाट आएको भन्ने सुनिएको लेखोट पुस्तकलाई १ सङ्ख्याको पुस्तक भनी सङ्केत गरेका थिए। उपर्युक्त 'म' पाठ चतुर्थ लगतको यसै लेखोट पुस्तकमा रहेको पाठभेद भनी शिवराजले उल्लेख गरेका हुन्, तर चतुर्थ लगतको ३१० सङ्ख्याको लेखोट पुस्तक हेर्दा 'न द्यूँ' पाठ नै पाइन्छ, 'म द्यूँ' पाईदैन। शिवराजले उपयोग गरेको दोस्रो लेखोट पुस्तक ('च'१००५) र चौथो पुस्तक डमरुवल्लभ संस्करण (१८४२)मा पनि 'न द्यूँ' नै रहेको भनी दीक्षित (२०५६ : ३२-३३)ले उल्लेख गरिसकेका छन्। सम्भवत: शिवराजले पाठान्तर भनी उल्लेख गरेको 'म द्यूँ' पाठ, उनले तेस्रो पुस्तकका रूपमा उपयोग गरेको भानु पुस्तकालय चुँदीरम्घाको लेखोट पुस्तकमा रहेको हुनुपर्छ, जुन लेखोट पुस्तक हाल उक्त पुस्तकालयमा प्राप्त गर्न सकिएन। पद्मराज काफ्ले (२०६२ : १-२८)द्वारा भानुभक्तको हस्ताक्षर होइन भनी प्रमाणित गरिएको यो लेखोट पुस्तक होमनाथ संस्करण (१८७८) वा ज्ञवाली संस्करण (१८८८, २०११)बाट सारिएको हुन सक्छ र फलस्वरूप यसमा 'म द्यूँ' पाठ परेको हुनुपर्छ। होमनाथले प्रयोग गरेको लिखित पाण्डुलिपि वा प्रकाशित संस्करणमा 'न' अस्पष्ट देखेर प्रेसको कम्पोजिटरले त्यसलाई 'म' बनाइदिएको पनि हुन सक्छ। होमनाथ संस्करणका पाठभेदहरूलाई प्राय: उपेक्षा गरी आफ्नो मूलपाठमा स्वीकृत नगर्ने ज्ञवाली (२०११)ले निश्चय नै होमनाथको 'म द्यूँ' पाठलाई सहर्ष स्वीकारे होलान् भन्न सकिन्न। ज्ञवालीले तुलनात्मक अध्ययन गरी पाण्डुलिपि तयार गर्ने क्रममा वा प्रुफ रिडिङ् गर्ने बेलामा प्रमादवश 'न'का ठाउँमा 'म' उल्लेख गरिएको वा विशेष ख्याल नगरिएको हुन सक्छ। साथै आफूले उपयोग गरेका प्रत्येक रामायणका पङ्क्ति-

पङ्क्ति वा शब्द-शब्दको पूर्णत: तुलना गर्न उनले नभ्याएका पनि हुन सक्छन्। अन्यथा उनले निश्चय नै 'म ह्वूँ' पाठलाई पाठान्तरमा उल्लेख गर्ने थिए। रामले सुग्रीवलाई ज्ञान दिने वा नदिने भन्ने प्रसङ्ग बाल्मीकि रामायण (कि.१२/१२)मा समेत उल्लेख भएको पाइँदैन। अध्यात्म-रामायणको "कार्यसिद्धये" (कि.२/२) अर्थात् 'कार्यसिद्धि गर्नका लागि' भन्ने अंश भानुभक्तले छोडिदिएका छन् र त्यसका ठाउँमा उनले "यो ज्ञान् आज न ह्वूँ भनी प्रभुजिले अन्त: करण्ले गुनी" पढेका छन्। सुग्रीवलाई तत्त्वज्ञान दिने हो भने आफ्नो कार्यसिद्धि हुन सक्तैन, उसलाई राजा र राज्यरूपी सांसारिक माया र मोहमा भुलाएर नै आफ्नो कार्यसिद्धि गर्न सकिन्छ भन्ने सन्दर्भमा भानुभक्तले 'न ह्वूँ' पाठ नै पढेको हुनुपर्छ।

वि.सं. २०२८ र पुन: २०३६ मा 'म ह्वूँ कि न ह्वूँ' ले. सुसेलेको स्वर कसैले पनि नसुनिदिएर त्यसै सुकेको देखी कमल दीक्षितले २०५४ माघमा पुन: ज्ञवालीको सम्पादनमा निस्किएको 'भानुभक्तको रामायण' (२०११) पल्टाउँदा छपाइका भूलसहित केही पाठभेदहरू देखे, जसको चर्चा उनले 'खतम कि खटन?' शीर्षकको निबन्धमा गरेका छन्। दीक्षित (२०५६ : ३६)ले ज्ञवाली संस्करण (२०११)मा पाइने 'हुँ' (कि.४८)लाई मुद्राराक्षस वा प्रुफ मिस्टेक जे-जसरी ह्रस्व हुन गए पनि छन्द र व्याकरणका कारणले चाहिँ दीर्घै हुनुपर्ने बताएका छन्। हस्तलिखित रामायण ('च'३१०, ३२'ख'), ज्ञवाली र साञ्चाको संस्करणमा ह्रस्वै 'हुँ' पाइए पनि विष्णुमाया, शिवराजलगायत अन्य संस्करणमा दीर्घै 'हूँ'को प्रयोग भेटिन्छ। 'हुम्'बाट 'हूँ' र 'हौं'को विकास भएको हुँदा 'जटायु भाइ दुइ हुम्' (कि.१३२)मा कैं यहाँ पनि भानुभक्तले 'हुम्'को प्रयोग गरेका हुन सक्छन्। पछिल्लो 'हुम्' (कि.१३२)लाई हस्तलिखित रामायण (३२'ख') र शिवराजले बाहेक विष्णुमाया, ज्ञवाली र साञ्चाको संस्करणले 'हूँ' बनाइदिएका छन्, जुन पाठ बहुवचनका सन्दर्भमा अनुपयुक्त छ। यसै गरी अघिल्लो 'हुम्' (कि.४८)लाई प्रतिलिपिकर्ताहरूले हलन्त 'म्'को अनुस्वारै लेख्ने प्राचीन पद्धतिअनुरूप 'हुं' बनाएका हुन सक्छन्, जसलाई ज्ञवालीले 'हुँ' बनाएर गल्ती गरेको हुनुपर्छ। त्यसैले 'हुँ' पाठलाई मुद्राराक्षस वा प्रुफ मिस्टेक भन्न सकिँदैन। भानुभक्त (१८२१/२२)को प्रतिवादी पत्र वा विन्तीपत्रको खेस्रा (आचार्य, २०५८ : ११२ र काफ्ले, २०६२ : २)मा पनि 'हुम्'कै सन्दर्भमा 'हुं'को प्रयोग दुईपटक गरिएको छ। समसामयिक

वर्णविन्यासका दृष्टिले दीक्षितले औंल्याएको दीर्घै 'हूँ' पाठ उपयुक्त भए पनि भानुभक्तीय प्रयोग र ऐतिहासिक महत्त्वका दृष्टिले समेत 'हुम्' पाठ नै उपयुक्त देखिन्छ ।

दीक्षित (२०५६ : ३६) ले ज्ञवाली संस्करणको 'सिता त' (कि.१२२.१) पाठलाई 'सिता न' हुनुपर्ने ठहर गरेका छन् । यस पाठलाई पुष्टि गर्न उनले 'रावण र सीतालाई हालसम्म देख्न नसकिएको' भन्ने अध्यात्मरामायण (कि.७/२६)को प्रसङ्गलाई समुद्धृत गरेका छन् । ज्ञवालीले हैं विष्णुमाया (१८८८)ले समेत 'त' पाठलाई नै उपयुक्त माने पनि हस्तलिखित रामायण ('च'३१०, ३२'ख'), शिवराज आचार्य (२०३२ : २८) र साझाको संस्करण (२०५२, २०५८)ले चाहिँ 'न' पाठलाई शुद्ध मानेको पाइन्छ । सम्भवत: ज्ञवालीले प्रयोग गरेका प्राय: सबै संस्करणमा 'त' पाठ पर्न गएको र 'न' पाठ नदेखिएको हुँदा उनले 'त' पाठलाई नै ठीक ठानेर पाठभेद नदेखाएका हुन सक्छन्, त्यसैले उनलाई यस प्रसङ्गमा ठुक्किएको भन्न सकिँदैन । बरु 'त' पाठ नै प्राय: सर्वत्र देखेर यसभित्र घोत्लिएर आफ्नो विवेक प्रयोग गरी 'न' पाठ नै उपयुक्त हुनुपर्छ भनेर टिप्पणी गर्न उनले नभ्याएका पो हुन् कि भन्ने अनुमानचाहिँ गर्न सकिन्छ । साथै 'त' र 'न'को हस्तलिपिगत अस्पष्टताका कारण पनि यो पाठभेद देखिएको हुन सक्छ । त्यसैले 'सिता त' पाठका तुलनामा दीक्षितले औंल्याएको 'सिता न' पाठ नै मूलअनुरूप सार्थक देखिन्छ ।

दीक्षित (२०५६ : ३७)ले किष्किन्धाकाण्डको १३४ औं श्लोकमा 'गर्भ', 'बुढो' र 'बन्यो र' तीन ठाउँमा शङ्का गरी पहिलो र दोस्रो शङ्कालाई अध्यात्मरामायणको अध्ययनबाट उपयुक्तै मानी समाधान गरेर तेस्रो 'बन्यो र' पाठका ठाउँमा 'बन्यो त' हुनुपर्ने निष्कर्ष प्रस्तुत गरेका छन् । ज्ञवाली र साझाको संस्करणले 'बन्यो र', विष्णुमाया संस्करणले 'बन्या र' तथा हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ संस्करण (१८४२) र शिवराज आचार्य (२०३२ : ३१)ले 'बन्या त' पाठलाई शुद्ध ठहऱ्याएको पाइन्छ । त्यसैले तुलनात्मक रूपमा 'र' पाठलाई भन्दा दीक्षितद्वारा औंल्याइएको 'त' पाठलाई नै भानुभक्तीय प्रयोग ठान्न सकिन्छ ।

दीक्षित (२०५६ : ३८)ले अरण्यकाण्डको ८१ औं श्लोक पूरै उद्धरण गरी यस श्लोकमा अशुद्धि केही नभए पनि 'लगिकन मनमा' भन्ने ठाउँमा भानुभक्तले 'लगि मन मनमा' लेखेका थिए कि भन्ने

अनुमान गरेका छन् । यसलाई पुष्टि गर्ने प्रमाण नभए पनि ज्ञवालीले यहाँनिर पनि 'हेरि' (कि.१६) पाठमा कैं 'यस्तो हुनुपर्थ्यो कि !' भनेर शङ्का उब्जाइदिनुपर्थ्यो भन्ने उनको भनाइ छ। साथै उनले 'हेरि'लाई काठमाडौं, गोर्खा र पोखरातिर थेगोका रूपमा प्रयोग गरिने भएकाले भानुभक्तीय प्रयोग ठानी ज्ञवालीले 'हेरि' (कि.१६) पाठमा उल्लेख गरेको 'हेर' वा 'हेर् इ'को शङ्कालाई अनुपयुक्त ठहऱ्याइदिएका छन् । भानुभक्तीय रामायणका हस्तलिखित वा प्रकाशित सबै संस्करणमा 'लगिकन मनमा' पाठ नै पाइन्छ र अध्यात्मरामायणमा समेत 'लगि मन मनमा' पाठभेदलाई पुष्टि गर्ने आधार भेटिँदैन । 'क' र 'म'को हस्तलिपिगत अस्पष्टता र वैषम्यका कारण 'लगि मन मनमा' पाठभेद भानुभक्तले प्रयोग गरेको हुन सक्ने अनुमान पनि गर्न नसकिने होइन। तर "विभिन्न पाण्डुलिपिहरूमा उपलब्ध पाठान्तरहरूलाई नै शुद्ध पाठको एक मात्र कसौटी मान्न सकिन्छ । केवल कल्पना र अनुमानका आधारमा पाठको संशोधन गर्नु पाठको समस्यालाई अझै जटिल बनाउनु हुनेछ" (राजगुरु, सन् १९८७ : ६८-६९) भन्ने पाठालोचनको सैद्धान्तिक दृष्टिकोण रहेको हुँदा दीक्षितद्वारा अनुमानित 'लगि मन मनमा' पाठलाई उपयुक्त ठहऱ्याउन सकिँदैन ।

दीक्षित (२०५६ : ३९)ले "माथि 'मन मन'को कुरा गर्दा ज्ञवालीजीले त्यसैपछिको श्लोक (९२)को दोस्रो पङ्क्तिमा पर्नुपर्ने दुइटा 'मन'मध्ये एउटालाई त्यस्तै पोली खाइदिएको कुरा पनि भन्नुपर्ने थियो। छुटेछ !" भन्ने उल्लेख गरेका छन् । अरण्यकाण्डको ९३ औं श्लोकको दोस्रो पङ्क्तिमा ज्ञवाली संस्करणमा मात्र नभएर भानुभक्तीय रामायणका सबै संस्करणमा दुइटा 'मन मन' पाठ नै भेटिन्छ । त्यसैले दीक्षितद्वारा औंल्याइएको प्रस्तुत पाठभेद अनुपयुक्त नै देखिन्छ ।

दीक्षित (२०५६ : ३९-४०)ले युद्धकाण्डको ९९ औं श्लोक उद्धरण गरी 'खतम'का ठाउँमा 'खटन' हुनुपर्ने ठहर गरेका छन् । 'खटन'लाई पुष्टि गर्ने सन्दर्भमा अध्यात्मरामायणअन्तर्गत युद्धकाण्डको पाँचौं सर्गको ४१ औं श्लोक उद्धरण गरेर उनले "'युद्धाय आयोजयत्' भनेको छ अध्यात्मले भने त्यो 'खतम' कतावाट ल्याइयो ? यहाँ पक्कै 'खटन' नै चाहिन्थ्यो 'खतम' होइन" भन्ने निश्चय गरिसकेर पनि विद्वान्हरूलाई यसको निर्क्योल गरिदिन अनुरोध गरेका छन् । भानुभक्तकै हस्ताक्षर भनी प्रमाणित गरिएको (काफ्ले, २०६२ : १-२८) राष्ट्रिय

अभिलेखालयस्थित ल.सं.'च' ३१०, वि.सं. ३२ 'ख' सङ्ख्याको हस्तलिखित भानुभक्तकृत 'भाषा रामायण'मा 'षतम्' तथा डमरुवल्लभ, विष्णुमाया, ज्ञवाली, साल्गायतका संस्करणमा 'खतम्' नै पाइन्छ, 'खटन्' पाइन्न। ज्ञवालीले प्राय: सबै संस्करणमा 'खतम्'बाहेक अर्को पाठभेद नदेखेको हुँदा पाठालोचनको सैद्धान्तिक मान्यताअनुसार उनले 'खतमैं पारिदिएको' र 'आँखा चिम्लिदिएको' भन्न सकिँदैन। बरु उनले शङ्का उठाउने अवसर किन पाएनन् भन्ने कुराचाहिँ विचारणीय छ। दीक्षितले मूलको "युद्धायायोजययत्"लाई सन्धिविच्छेद गर्दा 'युद्धाय अयोजयत्' लेखिदिनुपर्थ्यो र 'खतम' तथा 'खटन' दुवैलाई हलन्त बनाइदिनुपर्थ्यो। त्यस्तै, उनले 'अयोजयत्'को अर्थ 'वशमा राख्यो, नियुक्त गऱ्यो वा खटायो' भन्ने उल्लेख गरिदिएको भए हुनुपर्ने चाहिँ 'खटन' नै रहेछ भनेर पाठकहरू विद्वान्हरूले के निक्र्योल गरिदेलान् भनी प्रतीक्षामै बसिरहने थिएनन्। त्यसैले कुनै संस्करणमा उपलब्ध नभए पनि मूलसँग मेल खाने भएकाले दीक्षितद्वारा औंल्याइएको 'खटन्' पाठ नै मूलअनुरूप शुद्ध हुन सक्छ।

दीक्षित (२०५६ : ३२-४०)ले 'न चूँ' पाठभेदको तुलनात्मक संशोधनीय चर्चा गर्दा अध्यात्मरामायण र भानुभक्तीय रामायणका प्राय: सबै हस्तलिखित तथा प्रकाशित संस्करणहरूमा देखिएका पाठभेदको समेत उल्लेख गरेका भए पनि 'खतम कि खटन' निबन्धमा चर्चा गरिएका संशोधनीय पाठभेदहरूमा चाहिँ अध्यात्मरामायणको मात्र सहारा लिएको र अन्य हस्तलिखित तथा प्रकाशित भानुभक्तीय रामायणमा के-कस्ता पाठभेदहरू देखिन्छन् भन्नेबारेमा तुलनात्मक अध्ययन हुन नसकेको हुँदा यहाँ दीक्षितद्वारा औंल्याइएका सबै पाठभेदहरूको पुनर्मूल्याङ्कन गर्ने धृष्टता मात्र गरिएको हो र यिनको अझै सम्परीक्षण गर्दै जानुपर्ने देखिन्छ।

दीक्षितले 'भानुभक्तमा शोध' गर्भे शीर्षक र 'तन्नेरी भानुभक्त' मूल शीर्षक दिएर २०६१ जेठ २८ गते भानुभक्तीय रामायणका पाठभेद सम्बन्धमा अनुसन्धाताहरूको चासो जगाउन अर्को निबन्ध लेखे, जसलाई 'फुसी र निम्ठो' (२०६१) निबन्ध-सङ्ग्रहमा सङ्कलन गरिएको छ। यस निबन्धमा उनले आफूलाई 'भानुभक्तको रामायण' सबैभन्दा मन परेको, रामायण पढ्दा मीठो काव्य पढेझैं र मीठो उखुको रस पिएजस्तो लागेका यसरी रामायण बिछट्टै मन पर्नुमा आफ्नो पुर्ख्यौंली सम्पत्तिका रूपमा आएको संस्कार नै हुन सक्छ भन्ने स्वीकार्दै भानुभक्तलाई लिएर प्रशंसा पाउन र भानुभक्तकै आलोकमा आफूलाई उजिल्याउन समेत मन लागेको

बताएका छन्। साथै उनले २०२८ एवम् २०३६ सालमा 'म चूँ कि न चूँ' भनेर विद्वज्जनहरूसमक्ष बिन्ती बिसाएको र त्यसलाई कसैले वास्ता नगरिदिएकाले पुनः 'खतम कि खटन' भनी प्रश्न गर्ने सन्दर्भमा आफूले उल्लेख गरेको गम्भीर विचारलाई पुनः उद्धरण गरेका छन्। सूर्यविक्रम ज्ञवाली र उनले सम्पादन गरेको 'भानुभक्तको रामायण' (२०११)प्रति लक्षित गर्दै दीक्षितले अभिव्यक्त गरेका गम्भीर विचारका केही अंशहरू यस्ता थिए– "... उनले यति मेहनत गरी तयार पारेको संस्करणमा अझ परिमार्जन हुन्छ भने उनले स्वर्गीय भएर पनि त्यसलाई आशीर्वाद नै दिनेछन्। तर त्यो काम हुनुपऱ्यो, कसैले गर्नुपऱ्यो यो परिमार्जन गर्ने काम। एकजना त्यस्तै सहृदयी विद्वान्को आवश्यकता पर्छ यसमा। अहिलेसम्म त्यस्तो कोही अगाडि सरेर आएको छैन, देख्न पाइएको छैन। यतापट्टि।" साथै उनले निबन्धको अन्तमा यसो भनेर 'यतापट्टि' कसैलाई सुदृढ रूपमा अग्रसर गराउन चासो जगाएका छन्– "अब, त्यसरी 'अखानो खान पनि तयार' हुने क.दी. सहयोग गर्न पनि तयार छ भनेर नयाँ भाषाप्रेमी साहित्यिक पुस्तालाई हुटहुटी लगाउन चाहन्छु। लौ त, छ कोही तयार– सूर्यविक्रम ज्ञवालीले खनिदिएका बाटोमा लाग्ने, तन्नेरी भानुको भक्त, भानुभक्त ?" (२०६१ : पृ.६८)। यसरी दीक्षितले २०२८ देखि २०३६ हुँदै २०५६ र २०६१ सम्म भानुभक्तीय रामायणका पाठभेदहरूको खोज-अनुसन्धान र ज्ञवाली संस्करणको अझै परिमार्जन हुनुपर्छ भनेर नेपाली भाषाका विद्वान् अनुसन्धाताहरूलाई ध्यूँ्याउने प्रयास गरेका हुन् र यसै सन्दर्भमा उनले नमुनाका रूपमा सातओटा पाठभेदहरूको संशोधनीय चर्चा पनि गरे, तर यसतर्फ कोही-कसैले चिन्ता र चासो देखाएर अग्रसर नभइदिँदा उनलाई निकै दुःख पनि लागिरहेको छ। उनको यो लामो प्रयास र दुःखेसोले पुनः अर्को चर्को स्वर सुसेल्न नपाउँदै यसतर्फ कोही न कोही निश्चय नै अग्रसर हुनेछ भन्ने कुरामा आशा एवम् विश्वास गर्न सकिन्छ।

- २०६३ भाद्र ७

शिवराजले औँल्याएका पाठभेदहरू

शिवराज आचार्य (१८८७)ले भानु सेवा समिति, काठमाडौँबाट प्रकाशित 'भानुदर्शन' (१-४, ६ अङ्क, २०३१-२०३५) पत्रिकामा भानुभक्तकृत भाषा रामायणको बालकाण्डदेखि सुन्दरकाण्डसम्मको सम्भावित शुद्ध पाठ प्रस्तुत गरेका छन्। सूर्यविक्रम ज्ञवालीद्वारा प्रेरित भएर उनले हस्तलिखित तथा मुद्रित चारओटा भानुभक्तीय रामायणको उपयोग गरी सम्भावित शुद्ध पाठ प्रस्तुत गरेका थिए, जुन आधारग्रन्थहरूको परिचयात्मक विवरण यसप्रकार छ–

१. राष्ट्रिय अभिलेखालयस्थित चतुर्थ लगतको ३१० सङ्ख्याको भानुभक्तका सन्ततिबाट आएको भन्ने सुनिएको लेखोट पुस्तक,

२. राष्ट्रिय अभिलेखालयकै चतुर्थ लगतको १००५ सङ्ख्याको वि.सं.१८३८ मा लेखिएको पुस्तक,

३. चुँदीरम्घास्थित भानु पुस्तकालयमा रहेको लेखोट पुस्तक र

४. डमरुवल्लभ आदिद्वारा वि.सं.१८४२ मा प्रकाशित मदन पुरस्कार पुस्तकालयमा रहेको खण्डित पुस्तक।

उनले पादटिप्पणीमा पाठभेदहरू औल्याउँदा पाठभेदपछि उपर्युक्त पुस्तकमा दिइएका १, २, ३ र ४ सङ्ख्याद्वारा पाठभेद पुस्तकहरूको सङ्केत गरेका छन्। यस क्रममा उनले भानुभक्तले लेखेको भनी शुद्ध ठहऱ्याएको पाठलाई मूलमा दिई अन्य उल्लेख्य पाठभेदहरू टिप्पणीमा दिएको बताएका छन्।

वि.सं.२०३१ आषाढ २८ गते १६१ औं भानुजयन्ती स्मारिकाका रूपमा प्रकाशित 'भानुदर्शन' पत्रिकाको पहिलो अङ्कमा शिवराज आचार्यद्वारा सम्पादित बालकाण्डको सम्भावित शुद्ध पाठ सर्वप्रथम प्रकाशमा आएको हो । शिवराज आचार्य (२०३१'क' : १-३७)ले बालकाण्डका ८६ श्लोकअन्तर्गत १३७ ठाउँमा १५१ ओटा पाठभेदहरू औल्याउँदै थप चार ठाउँमा टिप्पणीसमेत गरेका छन् । उनले औंल्याएका अधिकांश पाठभेदहरू वर्णविन्यासमूलक छन् र कतिपय पाठभेदहरू दोहोरिएका पनि देखिन्छन् । जस्तै– ताहिँ>ताहिँ (१.२), काम्का>कांका (४.१), पढेर>पढ्नेर (१२.१), पाठ्>पाट् (१३.२, १४.३, १८.३/४, १८.४, २०.४, ४१.१), अयोध्या> अजोध्या (३६.३, ४८.२, ५०.३, ६७.२, १०७.३, १०८.२, १०८.२, ११५.३, १२०.४, १२३.२, १३७.....) ।

शिवराज आचार्य (२०३१'क' : १-३७)ले बालकाण्डअन्तर्गत पहिलो हस्तलिखित रामायण (३१०)का २३ ठाउँमा १५ ओटा पाठभेदहरू औंल्याएका छन् । तीमध्ये 'गरुं' (२२.४) र तांहाँ (१०६.१) पाठ तुलनात्मक रूपमा शुद्ध हुन सक्छन् । उनले दोस्रो हस्तलिखित रामायण (च १००५)का ५२ ओटा पाठभेदहरू देखाएका छन् । तीमध्ये 'गरुं' (१.१) र 'जाउं' (१२०.४) पाठभेदहरूको प्रयोग भानुभक्तले गरेको हुनु सम्भव छ भने "पत्नी माण्डवि हुन् ताहाँ भरतकी शत्रुघ्न(की) श्रुतकीर्तीका"(११३.२) भन्ने पाङ्क्तिक पाठभेदलाई पनि विषयवस्तु र अन्त्यानुप्रास योजनाका दृष्टिले तुलनात्मक रूपमा सामान्य संशोधनसहित शुद्ध ठहऱ्याउन सकिन्छ, जसको विस्तृत चर्चा 'रामचन्द्रले औंल्याएका पाठभेदहरू' शीर्षकको लेखमा गरिएको छ । त्यस्तै उनले तेस्रो हस्तलिखित रामायण (भा.पु.)का ७८ ओटा पाठभेदहरू औंल्याएका छन् । तीमध्ये 'कहाँ तक्' (३६.२), 'मनमहाँ' (६८.२) र 'महाँ' (१०७.३) पाठभेदहरू छन्दोभङ्गदोषरहित भएकाले शुद्ध हुन सक्छन् । उनले बालकाण्डका ८१ औं श्लोकसम्म डमरुवल्लभ संस्करण (१८४२)का ४३ ओटा पाठभेदहरू औंल्याएका छन् । तीमध्ये 'जाग्रण्' (१३.१), 'ईश्वर् इनै हुन् भनी' (५७.१), 'ताँहीं' (७३.१), 'कहिल्यै' (७८.२) र 'तेस्ले' (८१.१) पाठभेदहरू तुलनात्मक रूपमा भानुभक्तीय प्रयोग हुन सक्छन् । त्यसै गरी उनले पाँचौं पुस्तकका रूपमा राष्ट्रिय अभिलेखालयस्थित चतुर्थ लगतको १०६४ सङ्ख्याको लेखोट पुस्तकको पनि प्रयोग गरेका थिए भन्ने कुरा उनले उल्लेख गरेका टिप्पणीहरूबाट स्पष्ट हुन्छ । उनले १०६४ सङ्ख्याको पुस्तकमा

"नौका कै तरि जान्छ झट्पट गरी" (२५.४) र "आत्मा और परात्मलाई बुझ्दा पाइन्छ मुक्ती पनी" (३८.४) पाङ्क्तिक पाठभेद रहेको बताएका छन्, जसको तुलनात्मक अध्ययन निष्कर्ष प्रस्तुत हुन बाँकी छ। उनले १०८ औं श्लोकको दोस्रो पङ्क्तिपछि पहिलो सङ्ख्याको हस्तलिखित रामायण ('च'३१०)मा अर्कै मसीले उस्तै हस्ताक्षरमा निम्नलिखित दुई पङ्क्ति थपिएको र भानुभक्तका सन्ततिबाट आएको पुस्तक हुनाले यसरी थप्ने काम भानुभक्तले नै गरेका हुन सक्छन् भन्ने पनि उनको टिप्पणीगत विचार छ– "लस्कर्का भिडले उडीकन धुलो आकासमा गैगयो, सब्का चित्तमहाँ अलिक छिन भन्या मेघ्को झलक् गैगयो।" अध्यात्मरामायणमा यसलाई पुष्टि गर्ने आधार भेटिँदैन र भानुभक्तका हस्तलिखित अन्य प्रति तथा प्रकाशित संस्करणहरूमा पनि यी दुई पङ्क्ति प्राप्त गर्न सकिएको छैन। अनुष्टुप् छन्दको एउटा श्लोक (अ.रा.बाल.६/३८)लाई सङ्क्षेपीकरणमा जोड दिने भानुभक्तले विस्तृतीकरण गरी शार्दूलविक्रीडित छन्दका ६ पङ्क्ति बनाए होलान् भन्न सकिँदैन। त्यसैले भानुभक्तकै हस्ताक्षर भनी लिपिगत प्रमाणित गरिएको (काफ्ले, २०६२ : १-२८) हस्तलिखित रामायण ('च'३१०, ३२'ख')मा पाइने उपर्युक्त दुई पङ्क्ति भानुभक्तकै हुन् भनी शङ्का नगर्न सकिने अन्य बलियो आधार फेला पार्न सकिएको छैन।

वि.सं २०३१ को विजयादशमीको उपलक्ष्यमा प्रकाशित 'भानुदर्शन'को दोस्रो अङ्कमा शिवराज आचार्यद्वारा सम्पादित भानुभक्तकृत भाषा रामायणको अयोध्याकाण्डको सम्भावित शुद्ध पाठ समावेश गरिएको छ। शिवराज आचार्य (२०३१'ख' : १-३०)ले अयोध्याकाण्डका ४२ ओटा श्लोकअन्तर्गत ७४ ठाउँमा ७६ ओटा पाठभेदहरू औंल्याउँदै थप दुई ठाउँमा टिप्पणी पनि गरेका छन्। उनले पहिलो हस्तलिखित रामायण ('च'३१०)का ११ ओटा पाठभेदहरू देखाएका छन्। तीमध्ये सबै पाठभेदहरू तुलनात्मक रूपमा अनुपयुक्त नै देखिन्छन्। त्यस्तै, उनले दोस्रो हस्तलिखित रामायण ('च'१००५)का २४ ओटा पाठभेदहरू औंल्याएका छन्। तीमध्ये छन्दोभङ्गदोषरहित 'तहाँ' (२६.१), 'कहाँ' (२६.२) र 'जहाँ' (२६.३) पाठभेदहरू भानुभक्तीय प्रयोग हुन सक्छन्। उनले तेस्रो हस्तलिखित रामायण (भा.पु)मा ४० ओटा पाठभेदहरू रहेको उल्लेख गरेका छन्। तीमध्ये 'माछर्यौं' (६८.२) पाठभेदलाई शुद्ध मान्न सकिन्छ। यसै गरी उनले उपयोग गरेको चौथो सङ्ख्याको पुस्तक

डमरुवल्लभ संस्करण (१८४२)का १० ओटा पाठभेदहरू औंल्याएका छन् । तीमध्ये 'दिया' (१२१.१) पाठभेद उपयुक्त देखिन्छ । साथै उनले औंल्याएका दोस्रो र तेस्रो पुस्तकको 'ष्वामित्' (४.४, १०१.२) पाठ, दोस्रो, तेस्रो र चौथो पुस्तकमा उल्लिखित 'अति' (११८.४) र 'मेरी' (१२०.२) पाठ तथा तेस्रो र चौथो पुस्तकको 'साटचा' (१०५.३) पाठभेद पनि भानुभक्तले प्रयोग गरेको हुनु सम्भव छ ।

वि.सं. २०३१ मा राजा वीरेन्द्रको राज्याभिषेकका उपलक्ष्यमा प्रकाशित 'भानुदर्शन'को तेस्रो अङ्कमा शिवराज आचार्यद्वारा सम्पादित अरण्यकाण्डको सम्भावित शुद्ध पाठ प्रस्तुत गरिएको छ । शिवराज आचार्य(२०३१'ग' : १-२८)ले अरण्यकाण्डका ७७ श्लोकअन्तर्गत १५१ ठाउँमा १६० ओटा पाठभेदहरू देखाउँदै थप दुई ठाउँमा टिप्पणीसमेत गरेका छन्। उनले पहिलो हस्तलिखित रामायण ('च'३१०)का निम्नलिखित ६ ओटा पाठभेदहरू औंल्याएका छन्– 'टुलो'(५.२), 'नष्ठ'(१५.३), 'हाँसि हेरी'(३२.१), 'हे जान वैन्हि'(४५.२), 'वहीं'(१०८.३) र 'हरूको'(१२२.३)। यी पाठभेदहरूमध्ये शिवराजले शुद्ध ठहऱ्याएको 'हेरि हाँसी' व्यत्यय पाठभन्दा 'हाँसि हेरी' पाठ नै उपयुक्त देखिन्छ । त्यस्तै 'वहीं'(१०८.३) पाठका ठाउँमा ज्ञवालीले होमनाथ संस्करणमा 'तहीं' पाठ रहेको बताउँदै 'यहीं'लाई शुद्ध मानेका छन् तापनि तुलनात्मक रूपमा शिवराजले मूल पाठमा पढेको 'उही' पाठलाई नै शुद्ध ठहऱ्याउन सकिन्छ । यसै गरी दोस्रो हस्तलिखित रामायण ('च'१००५), तेस्रो हस्तलिखित रामायण (भा.पु.) र चौथो डमरुवल्लभ संस्करण (१८४२)मा उनले क्रमशः ७०, १२२ र २२ ओटा पाठभेदहरू रहेको उल्लेख गरेका छन् । तीमध्ये 'जैल्हे'(१७.१), 'सौता'(३२.३), 'अधिकै'(३८.३), 'रह्याकी'(४३.३), 'मन' (७२.२), 'नाम् काम्'(८२.४), 'पारि'(८८.२) र 'धरि लिया'(८०.४) पाठभेदहरू तुलनात्मक रूपमा शुद्ध ठहरिन सक्छन् ।

वि.सं २०३२ आषाढ २८ गते १६२ औं भानुजयन्ती स्मारिकाका रूपमा प्रकाशित 'भानुदर्शन'को चौथो अङ्कमा शिवराज आचार्यद्वारा सम्पादित किष्किन्धाकाण्डको सम्भावित शुद्ध पाठ समावेश गरिएको छ। शिवराज आचार्य(२०३२ : १-३२, ८४)ले किष्किन्धाकाण्डका १०१ श्लोकअन्तर्गत १८५ ठाउँमा २०७ ओटा पाठभेदहरू औंल्याउँदै थप पाँच ठाउँमा टिप्पणी पनि गरेका छन् । उनले पहिलो हस्तलिखित रामायण ('च'३१०)का १५, दोस्रो हस्तलिखित रामायण ('च'१००५)का ८८, तेस्रो

हस्तलिखित रार्मायण (भा.पु.)का १४४ र चौथो डमरुवल्लभ संस्करण (१८४२)का ३० ओटा पाठभेदहरू औंल्याएका छन्। तीमध्ये निम्नलिखित पाठभेदहरू तुलनात्मक रूपमा शुद्ध हुन सक्छन्– 'हुनु भो'(३.२), 'हात्ले' (४.१), 'गयो'(२१.३), 'फ्याँक्न'(२३.१), 'ताहिं'(२३.२), 'फ्याँक्या'(२३.४), 'फ्याँकि'(२५.२), 'हवस्'२६.२), 'अन्त:करण्ले'(२८.२), 'हाँस्या र'(२८.३), 'पौच्यो'(३३.४), 'अङ्गमाल' (३५.२), 'पो'(३५.४), 'धरी'(३६.४), 'घडी' (४७.३), 'विलाप्'(६०.१), 'सब त तहीं'(६०.४), 'गरी'(७६.३), 'धनूको' (८३.३), 'सुनीकन'(८६.३) र 'चाँडै'(८६.३)। 'पौच्यो(३३.४) पाठबाहेक उपर्युक्त सबै पाठभेदहरूले ज्ञवाली (२०११) र साझाको संस्करण (२०५८)सँग समानता राख्दछन्।

वि.सं. २०३५ आषाढ २८ गते १६५ औं भानुजयन्तीका अवसरमा अनुसन्धानप्रधान अर्धवार्षिक पत्रिकाका रूपमा प्रकाशित 'भानुदर्शन'को छैटौं अङ्कमा शिवराज आचार्यद्वारा सम्पादित सुन्दरकाण्डको सम्भावित शुद्ध पाठ प्रस्तुत गरिएको छ। शिवराज आचार्य (२०३५ : १-२४'ख')ले सुन्दरकाण्डका ११८ श्लोकअन्तर्गत २४८ ठाउँमा २५३ ओटा पाठभेदहरू देखाउँदै थप तीन ठाउँमा टिप्पणीसमेत गरेका छन्। उनले पहिलो हस्तलिखित रामायण ('च'३१०)का २०, दोस्रो हस्तलिखित रामायण ('च'१००५)का ६२, तेस्रो हस्तलिखित रामायण (भा.पु.)का १७८ र चौथो डमरुवल्लभ संस्करण (१८४२)का २४ ओटा पाठभेदहरू औंल्याएका छन्। तीमध्ये निम्नलिखित ३१ ओटा पाठभेदहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ– 'म'(१.४, ६.३, ७.२, १३.१), 'यस्ता'(७.१), 'महाँ'(११.२), 'हनुमान्ज्यूको'(१४.३), 'पश्चिले'(१६.२), 'वचनै' (२३.४), 'गरि' (२३.४), 'सो' (२८.१), 'फल्फुल्ले' २८.३), 'पछि' (२८.४), 'यदि'(३७.२), 'भनि' (३७.२), 'ई'(४३.१), 'असल्'(४३.४), 'डर् दिन' (४५.३), 'मानेर'(५०.४), 'वंश' (७०.३), 'देख्छु' (८१.१), 'फेरि विन्ती' (८३.१), 'जल्दि फेर् फर्कि'(८६.२), 'राख्या' ८६.४), 'सीताजी विर् क्व' (८७.३), 'अधीक'(८०.१), 'आऱ्यूँ' (८१.१), 'गयो' (८१.३), 'मइ' (१०८.१), 'पनी' (१०८.३) र 'मारूँ' (११८.३), 'महराज्' (१२१.२), 'तहाँ'(१२७.३) र 'दी हुकुम्'(१४१.२)। उनले उपर्युक्त पहिलो 'म' पाठभेदलाई अघिल्ला चार श्लोकमा अनुपयुक्त ठहऱ्याए पनि पछिल्ला पाँच श्लोकहरू (३८, ५१, ५८, ७७, १४८)मा 'मैं'लाई पाठान्तरमा उल्लेख गरी 'म' पाठलाई नै शुद्ध ठहऱ्याएका छन्। सम्भवत: शिवराज

आचार्यले पहिलो हस्तलिखित रामायण ('च'३१०) लाई शुद्ध पाठको मूल आधार ठम्याउन खोजेको हुँदा उक्त रामायणअनुरूप एउटै 'म' पाठलाई कहीं पाठभेदमा र कहीं मूलमा उल्लेख गरेको हुनुपर्छ। वास्तवमा सर्वत्र 'म' पाठलाई मूलमा र 'मैं' पाठलाई पाठान्तरमा उल्लेख गरिनुपर्दथ्यो।

शिवराज आचार्य (२०३१-२०३५)ले प्रस्तुत गरेका पाँच काण्डका ६७६ श्लोकहरूमध्ये ४२४ श्लोकहरूअन्तर्गत ८०६ ठाउँमा जम्मा ८४७ ओटा पाठभेदहरू औंल्याएका छन् भने २५२ ओटा श्लोकहरूमा कुनै पनि पाठभेदहरू देखाइएको पाइँदैन। उनले उपयोग गरेका चार पुस्तकहरूमध्ये पहिलोमा ६७, दोस्रोमा २८६, तेस्रोमा ५६३ र चौथोमा १२८ गरी जम्मा ८५५ ओटा संस्करणगत पाठभेदहरू देखिए पनि कतिपय एउटै पाठ दुई वा तीनओटा पुस्तकमा समेत पाइएको हुँदा स्थलगतभन्दा संस्करणगत पाठभेदहरूको सङ्ख्या बढ्न गएको हो। पछिल्ला दुई काण्डको अभाव र "पाठ विमर्श पछि गर्नि विचार छ" (आचार्य, २०३१'क', पृ.२) भन्ने उनको भनाइको कार्यान्वयन नभए पनि र डमरुवल्लभ संस्करण (१८४२)का सबै पाठभेदहरू नदेखाइएको भए पनि तुलनात्मक अध्ययनका लागि प्रेरित गर्दै हस्तलिखित रामायण ('च'३१०)लाई यथासम्भव जस्ताको तस्तै प्रस्तुत गर्न खोजेको उनको प्रयास प्रशंसनीय छ। त्यसैले भानुभक्तीय रामायणको गहन अध्ययन-अनुसन्धान गरी परिष्कृत एवम् आधिकारिक संस्करणको प्रकाशन गर्ने सन्दर्भमा उनले औंल्याएका पाठभेदहरू र उनको प्रकाशमा आएको बालकाण्डदेखि सुन्दरकाण्डसम्मको सम्भावित शुद्ध पाठले निकै सघाउन सक्ने कुरामा पूर्ण विश्वस्त रहन सकिन्छ।

– २०६३ भाद्र २८

रामचन्द्रले औँल्याएका पाठभेदहरू

रामचन्द्र शर्मा पौडेल 'रम्घाली' (१८८१)ले भानु जन्मस्थल विकास समिति चुँदीरम्घा तनहुँद्वारा प्रकाशित "भानु स्मारिका" (२०६० : ११७-२१६)मा 'अध्यात्मरामायण र भानुभक्तीय रामायण : तुलनात्मक अध्ययन' शीर्षकमा बालकाण्डको अध्ययन प्रस्तुत गरेका छन् । भानु जन्मस्थल विकास समितिले तुलनात्मक अध्ययन गराउने निर्णय गरेबमोजिम डा. वासुदेव त्रिपाठीको विशेष अनुरोधमा उनले यो तुलनात्मक अध्ययन प्रारम्भ गरेका हुन् र यसै क्रममा उनको बालकाण्डको अध्ययन प्रस्तुत भइसकेको छ भने बाँकी अध्ययन पूरा हुने क्रममा रहेको बुझिन्छ । प्रकाशनमा आइसकेको उनको यो बालकाण्डको अध्ययन मूलत: तुलनात्मक अध्ययनमै केन्द्रित रहे पनि भानुभक्तीय रामायणका केही पाठभेदहरूको समेत यस अध्ययनमा प्रासङ्गिक चर्चा भएको पाइन्छ ।

रामचन्द्र शर्मा पौडेल (२०६०)ले भानुभक्तीय रामायणको बालकाण्डमा मुख्यत: निम्नलिखित दसओटा पाठभेदहरू औँल्याएको पाइन्छ–

क्र.सं.	श्लोक र पङ्क्ति	रामचन्द्रको पाठ
१)	५१.४ (अन्यत्र पनि) वशिष्ठ	वसिष्ठ
२)	५२.१ महाराज्	महराज्
३)	५४.१ भगवान्	भगवन्
४)	५४.४ (अन्यत्र पनि) कौशल्या	कौसल्या
५)	६२.४ बनी	भनी
६)	७८.४ ताडका	ताटका
७)	१०३.१ नारी	भार्या/पत्नी

८)	१०८.१ जम्मा लस्कर	लावा लस्कर
९)	११९.४ सय लाख्	दश लाख्
१०)	१३३.३ ब्रह्मैजिका	ब्रह्माजिकै

उपर्युक्त पाठभेदहरूमध्ये रामचन्द्रले वर्णविन्यासमूलक 'वसिष्ठ' (५१.४) र 'कौसल्या' (५४.४) पाठभेदलाई अध्यात्मरामायणको पाठअनुरूप शुद्ध ठहऱ्याउन खोजेका हुन् । राष्ट्रिय अभिलेखालयस्थित हस्तलिखित भानुभक्तकृत 'भाषा रामायण' ('च'३१०, ३२'ख')मा बालकाण्डको ५१ औं तथा ६३ औं श्लोकमा 'वसिष्ठ' र ५६ औं तथा ६१ औं श्लोकमा 'कौसल्या' पाठको प्रयोग भएको पाइन्छ भने प्रायः अन्यत्र प्रचलित पाठअनुरूप 'वशिष्ठ' र 'कौशल्या' पाठको प्रयोग भएको देखिन्छ । हस्तलिखित रामायणमा यसरी दुवै प्रकारका पाठभेदहरू प्रयोग गरिनु प्रतिलिपिकर्ताको दोष हुन सक्छ । सम्भवतः भानुभक्तले रामचन्द्रद्वारा औंल्याइएझैं मूलअनुरूप सर्वत्र 'वसिष्ठ' र 'कौसल्या' पाठको प्रयोग गरेको हुनुपर्छ ।

प्रचलित 'महाराज्' (५२.१) पाठलाई छन्दोभङ्गदोष हुने ठानेर रामचन्द्र (२०६० : १५५)ले 'महराज्' भन्नुपर्ने बताएका छन् । हस्तलिखित रामायण (३२'ख'), ज्ञवाली एवम् साऱ्हाको संस्करण, शिवराजलगायत प्रायः सबैले 'महाराज्' पाठलाई शुद्ध ठहऱ्याए पनि विष्णुमाया संस्करण (१८८८)ले 'महराज्' पाठलाई उपयुक्त मानेको छ । शिवराज आचार्य (२०३१ 'क' : १६)ले भानु पुस्तकालयस्थित हस्तलिखित रामायणमा 'अधिराज्' पाठभेद रहेको उल्लेख गरेका छन् तापनि 'महाराज्' र 'अधिराज्' पाठभन्दा तुलनात्मक रूपमा 'महराज्' पाठ नै उपयुक्त देखिन्छ ।

रामचन्द्र (२०६० : १५७)ले ज्ञवाली संस्करण (२०११) र राजदरबार संस्करण (२०४४)मा पाइने सम्बोधनयुक्त 'भगवान्!' (५४.१) पाठलाई मुद्राराक्षसकै त्रुटि हुनुपर्छ भन्ने ठहर गरेका छन् । ज्ञवाली (२०११ : ३५८)ले 'शुद्धिपत्र'मा 'भगवान्' पाठलाई अशुद्ध मानी सम्बोधनयुक्त 'भगवान्' पाठलाई शुद्ध ठहऱ्याउन खोजेको हुँदा यसलाई मुद्राराक्षसकै त्रुटि भन्न सकिँदैन । ज्ञवालीको शुद्धिपत्रअनुरूप साऱ्हाको संस्करणले 'भगवान्!'लाई 'भगवन्' नबनाए पनि सम्बोधनयुक्त चिह्न कायमै राखेको हुँदा राजदरबार संस्करण (२०४४)मा पनि 'भगवान्!' पाठ नै पर्न गएको

हुनुपर्छ। हस्तलिखित रामायण (३२'ख'), विष्णुमाया संस्करण (१८८८) र शिवराज आचार्य (२०३१ 'क' : १६)को सम्भावित शुद्ध पाठमा समेत 'भगवान्' पाठ नै पाइन्छ, सम्बोधनयुक्त 'भगवान् !' वा 'भगवन्' पाठ पाईदैन। अग्निले दशरथलाई पायस दिने सन्दर्भमा राजालाई 'भगवान् !' भनेर निश्चय नै सम्बोधन गरेनन् होला र भगवान् (राम) छोरा हुनेछन् नै भनेको हुनुपर्छ। त्यसैले प्रचलित सम्बोधनयुक्त 'भगवान् !' पाठभन्दा रामचन्द्रले औंल्याएको 'भगवान्' पाठ नै भानुभक्तीय प्रयोग हो।

रामचन्द्र (२०६० : १६३)ले बालकाण्डको ६२ औं श्लोकको चौथो पङ्क्तिमा "'बनी'भन्दा 'भनी' हुनुपर्थ्यो जस्तो लाग्छ" भनेका छन्। हस्तलिखित रामायण (३२'ख'), विष्णुमाया, ज्ञवाली, साख र शिवराजले समेत 'बनी' पाठलाई नै शुद्ध मानेका छन्। भानुभक्तीय रामायणमा 'भनी' र 'पनी'को अन्त्यानुप्रास धेरै ठाउँमा पाइएकै आधारमा रामचन्द्रलाई 'बनी'का ठाउँमा 'भनी' हुनुपर्थ्यो जस्तो लागेको हुन सक्छ। 'बनी' र 'पनी'को अन्त्यानुप्रास प्रयोग बालकाण्डका २८, ४७, ५८, ६१, ६५, ७६ र ८४ औं श्लोकमा पनि पाइएको हुँदा यहाँ पनि भानुभक्तले 'पनी' पाठसँग 'भनी'भन्दा 'बनी' पाठकै प्रयोग गरी अन्त्यानुप्रास-योजना मिलाएको हुनुपर्छ।

रामचन्द्र (२०६० : १७४)ले मूलमा 'ताटका' भए पनि भानुभक्तले 'ताडका' (७८.४) प्रयोग गरेको उल्लेख गरेका छन्। सम्भवतः 'ताडका'भन्दा 'ताटका' पाठलाई उपयुक्त ठहऱ्याउन उनले मूलको प्रयोगलाई उल्लेख गरेका हुन सक्छन् तापनि भानुभक्तीय भाषा वा नेपाली जनजिब्राले 'ताटका'भन्दा 'ताडका' पाठलाई नै सहज रूपमा उच्चारण गर्न रुचाएको पाइन्छ र जुन पाठ भानुभक्तीय रामायणका सबै संस्करणहरूमा पनि उपलब्ध छ।

रामचन्द्र (२०६० : १८१)ले 'नारी' (१०३.१) पाठका ठाउँमा "भार्या वा पत्नी जसो भन्दा पनि छन्दोभङ्गदोष हुने थिएन" भनेका छन्। विष्णुमाया, ज्ञवाली र साखको संस्करणले 'नारी' पाठलाई नै शुद्ध ठाने पनि हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३१ 'क' : २८)ले 'पत्नी' पाठलाई उपयुक्त मानेका छन्। मूलको 'वधू' तथा उपर्युक्त 'नारी', 'भार्या' र 'पत्नी' पाठभेदहरू समानार्थी नै भए पनि तुलनात्मक रूपमा नेपालीमा बहुप्रचलित 'पत्नी' पाठलाई भानुभक्तले प्रयोग गरेको हुनु सम्भव छ।

रामचन्द्र (२०६० : १८५)ले बालकाण्डको १०८ औं श्लोकको पहिलो पङ्क्तिमा 'लावा लस्कर' पाठलाई भानुभक्तीय प्रयोग ठहऱ्याउँदै निम्नलिखित टिप्पणी गरेका छन्– "'जम्मा लस्कर भैगयो' नभई 'लावा लस्कर भैगयो' भन्ने हुनुपर्ने थियो कहाँबाट 'जम्मा' जोडियो ? अनुसन्धेय छ, जम्माको यहाँ सान्दर्भिक अर्थ पनि लाग्दैन ।" साथै विशेषणहरू नपचाउने र मात्रालाघवमा जोड दिने भानुभक्तले निश्चय नै अप्रासङ्गिक र निरर्थक 'जम्मा' शब्द लेखेका होइनन् भन्ने पनि उनको ठहर छ, तर उनले औंल्याएको 'लावा लस्कर' पाठभेद भानुभक्तीय रामायणका कुनै पनि संस्करणहरूमा उपलब्ध हुन सकेको छैन। वास्तवमा दशरथले हुकुम गरेअनुरूप मूलको "गजाश्वरथपत्तय: (अ.रा.बाल. ६/३६) अर्थात् हात्ती, घोडा र रथमा चढ्ने तथा पैदल हिँड्ने सबैलाई बुझाउन यहाँ भानुभक्तले 'जम्मा' शब्दको प्रयोग गरेका हुन सक्छन् । राजाको आदेशबमोजिम 'एकत्रित भएर मानिससहित अन्य जीवको लामो ताँती वा पल्टन गयो' भन्ने सन्दर्भमा 'जम्मा लस्कर' पाठलाई पूर्णत: अप्रासङ्गिक, निरर्थक र अभानुभक्तीय ठहऱ्याउन सकिँदैन ।

रामचन्द्र (२०६० : २०२)ले बालकाण्डको ११८ औं श्लोकको चौथो पङ्क्तिमा "'नियुतं' शब्दको अर्थ भानुभक्तले सय लाख लेखे, दश लाख हुनुपर्ने थियो" भन्ने उल्लेख गरेका छन् । विष्णुमाया, ज्ञवाली र साझाको संस्करणले 'सय लाख्' तथा हस्तलिखित रामायण (३२'ख'), होमनाथ संस्करण (१८७८) र शिवराज आचार्य (२०३१ 'क' : ३२)ले 'दुइ लाष्'लाई शुद्ध माने पनि 'दश लाख्' हुनुपर्ने बारेमा अन्यत्र (गरिमा, २०६३ असार) समेत संशोधनीय चर्चा भइसकेको छ । त्यसैले रामचन्द्रले औंल्याएको 'दश लाख्' पाठलाई नै शुद्ध मान्न सकिन्छ ।

रामचन्द्र (२०६० : २११)ले बालकाण्डको १३३ औं श्लोकको तेस्रो पङ्क्तिमा 'ब्रह्माजिकै" पाठलाई उपयुक्त ठहऱ्याउँदै यसप्रकारको टिप्पणी गरेका छन्– "'ब्रह्मैजिका दिन् भरी' भन्ने वाक्यरचनामा भानुभक्तले जोड दिँदा विभक्तिमा दिनु राम्रो हुन्थ्यो। प्रचलनमा 'ब्रह्माजिकै दिन् भरी' भन्ने पाइन्छ ।" विष्णुमाया, ज्ञवाली र साझाको संस्करणमा 'ब्रह्मैजिका' पाठ पाइए पनि हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३१ 'क' : ३६)ले 'ब्रह्माजिका' पाठलाई शुद्ध ठहऱ्याएका छन् । मूलमा "ब्रह्मण:" (अ.रा.बाल. ७/२८) अर्थात् 'ब्रह्माको' भन्ने पाठ छ, यसलाई भानुभक्तले आदरार्थी बहुवचन र 'जी'समेत थपेर

'ब्रह्माजिका' बनाएका हुन सक्छन्। साथै यसै पङ्क्तिमा 'तप' शब्दलाई 'तपै' भनेर जोड दिएकैं 'ब्रह्माजिका'लाई 'ब्रह्मैजिका' भनी जोड दिएका पनि हुन सक्छन्। नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५०)मा पनि विभक्तिमा भन्दा प्रातिपदिकमै जोड दिएका प्रयोगहरू भेटिन्छन्– 'हजुरैको', 'वषतैमा' (१८३१) र लाग्यैका (१८८२)। भानुभक्तीय रामायणको बालकाण्डमै पनि अन्यत्र प्रातिपदिकमा जोड दिएका प्रयोगहरू पाइन्छन्– 'घरैमा ' (४८.२), 'गौतमैको' (८०.३) र 'स्थलैमा' (८३.१)। त्यसैले 'ब्रह्मैजिका' प्रयोगलाई ऐतिहासिक सन्दर्भमा अभानुभक्तीय ठहऱ्याउन सकिंदैन।

उपर्युक्त पाठभेदहरूका अतिरिक्त अन्त्यानुप्रास नमिलेको ठाउँमा र 'डवल' शब्दको प्रयोगका सन्दर्भमा रामचन्द्र (२०६०)ले गरेका टिप्पणीहरूको पनि यहाँ सामान्य चर्चा गर्नु प्रासङ्गिक नै देखिन्छ। उनले बालकाण्डको ११३ औं श्लोकको पहिलो र दोस्रो पङ्क्तिमा 'लक्ष्मण्जिकी उर्मिला' र 'शत्रुघ्नकी माण्डवी'मा अन्त्यानुप्रास र विषयवस्तु दुवै नमिलेको बताएका छन्। यसमा भानुभक्तलाई दोष दिन नमिल्ने भन्दै उनले लिखित प्रतिमा गडबड हुन गएर वा मुद्राराक्षसकै कारण उल्टोपाल्टो पर्न गएको हुन सक्छ भन्ने अनुमान पनि गरेका छन्। ज्ञवाली (२०११ : २८)ले प्राय: सबै संस्करणमा एउटै पाठ देखेर पाठभेद उल्लेख नगरे पनि अनुप्रास र विषयवस्तु नमिलेको भूल "भानुभक्तको त होइन होला। सार्नेहरूको भूल हुन सक्छ तर भानुभक्तद्वारा स्वयम् लिखित रामायण नपाई निश्चित भन्नु असम्भव छ" भन्ने टिप्पणी गरेका छन्। भानुभक्तकै हस्तलिखित भनी प्रमाणित गरिएको (काफ्ले, २०६२ : १-२८) राष्ट्रिय अभिलेखालयस्थित भानुभक्तकृत 'भाषा रामायण' ('च'३१०, ३२'ख') र शिवराज आचार्य (२०३१ 'क' : ३०)ले प्रस्तुत गरेको सम्भावित शुद्ध पाठमा पनि ज्ञवाली (२०११) र रामचन्द्र (२०६०)ले औंल्याएको उपर्युक्त भूल यथावत् नै छ। त्यसैले यसलाई लिखित प्रतिमा गडबड हुन गएको वा मुद्राराक्षसको कारण तथा सार्नेहरूको भूल भनी स्वीकार्न सकिंदैन। राजा जनकले भरतलाई 'माण्डवी' र शत्रुघ्नलाई 'श्रुतकीर्ति' पत्नीका रूपमा अङ्गीकार गर्न गरेको अनुरोध वाल्मीकि रामायणमा स्पष्ट भए पनि सम्भवत: यसको अध्ययन भानुभक्तले गरेका थिएनन् होला। त्यसैले अध्यात्म-रामायणको "तथैव श्रुतकीर्तिं च माण्डवीं भ्रातृकन्यके। भरताय ददावेकां शत्रुघ्नायापरां ददौ ॥" (बाल. ६/५६)को अनुवाद गर्दा भानुभक्तले

माण्डवी र श्रुतकीर्तिको अन्वय नगरी यथासङ्ख्य नियमको अनुसरण गरेर श्रुतकीर्ति भरतलाई र माण्डवी शत्रुघ्नलाई दिए भन्ने भूल गरेका पनि हुन सक्छन्। यदि यस भूललाई ज्ञवाली (२०११ : २८) र रामचन्द्र (२०६० : १८८)ले कैं भानुभक्तको होइन अरू कसैको हो भन्न खोज्ने हो भने भानुभक्तकै हस्तलिखित भनी प्रमाणित गरिएको 'भाषा रामायण' ('च'३१०, ३२'ख')लाई पनि भानुभक्तको हस्तलिखित होइन भन्नुपर्ने हुन्छ र शिवराज आचार्य (२०३१ 'क' : ३०)को सम्भावित शुद्ध पाठलाई पनि अनुपयुक्त नै ठहऱ्याउन सकिन्छ। शिवराज आचार्य (२०३१ : ३०)ले यसै सन्दर्भमा एउटा पाठभेद देखिएको भनी गरेको टिप्पणीचाहिँ उल्लेखनीय छ– "यो आद्द्रि हस्तलिखित र मुद्रित सबै पुस्तकहरूमा एस्तै पाइञ्च, १८३८ संवत्मा लेक्खिया २ सङ्ख्याको पुस्तकमा आकैं नँएं मँसिले 'पत्नी माण्डवि हुन् ताहाँ भरतकी शत्रुघ्न(की) श्रुत्कीर्तीका, भन्नि संशोधन गरिया छ।" शिवराज (२०३१ 'क' : २)ले सम्भावित शुद्ध पाठ प्रस्तुत गर्ने सन्दर्भमा प्रयोग गरेका हस्तलिखित र प्रकाशित चारओटा रामायणहरूमध्ये दोस्रो सङ्ख्याको पुस्तकका रूपमा राष्ट्रिय अभिलेखालयस्थित चतुर्थ लगतको १००५ सङ्ख्याको वि.सं. १८३८ मा लेखिएको पुस्तकलाई सङ्केत गरेका थिए। यस लेखोट पुस्तक (१००५)मा सच्याइएको उपर्युक्त पङ्क्तिमा 'ताहाँ' र 'कीर्ती' पाठमा छन्दोभङ्गदोष देखिए पनि त्यसलाई "पत्नी माण्डवि हुन् तहाँ भरतकी शत्रुघ्न श्रुत्कीर्तिका" भनी सामान्य संशोधन गरेर भानुभक्तको उपर्युक्त अन्त्यानुप्रास र विषयवस्तुसम्बन्धी भूललाई निराकरण गर्न सकिन्छ। यसरी भानुभक्तीय भूललाई सच्याउने उपर्युक्त लेखोट पुस्तकका प्रतिलिपिकर्ता को थिए? अथवा यही लेखोट नै भानुभक्तको आधिकारिक पाण्डुलिपिको प्रतिलिपि हुन सक्छ वा सक्दैन भन्नेबारेमा विस्तृत खोज-अनुसन्धान हुनुपर्ने देखिन्छ।

रामचन्द्र (२०६० : २०२)ले बालकाण्डको १२० औं श्लोकको दोस्रो पङ्क्तिमा 'डबल' शब्द प्रयोगका सन्दर्भमा यस्तो टिप्पणी गरेका छन्– "मूलको 'सुसंपूज्य'को अर्थ लेख्दा 'भारी डबल्ले' भनेर लेखे। 'डबल' शब्दको प्रयोग भानुभक्तले गरे। वास्तवमा 'डबल रुपैयाँ' तिनताका भइनसकेको स्थितिमा पनि डबलको प्रयोग कताबाट आयो, अन्वेषणीय छ।" वस्तुत: भानुभक्तले मूलको 'सुसंपूज्य'को अर्थ यहाँ 'विशेष प्रकारले पूजा गरे' भन्ने गरेको हुँदा 'डबल' शब्द 'रुपैयाँ' अर्थमा नभएर 'प्रकार' अर्थमा प्रयोग भएको देखिन्छ। भानुभक्तले उत्तरकाण्डको

८४ औं श्लोकको पहिलो पङ्क्ति "सून्या प्रश्न सनत्कुमार ऋषिले यस्ता डबल्को जसै"मा पनि 'प्रकार' अर्थमै 'डबल' शब्दको प्रयोग गरेका छन् । नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५०)मा पनि 'डबल' शब्दको प्रयोग भएको भेटिन्छ । बस्नेतहरूबारे दोस्रो पत्र (१८२७)मा प्रयोग भएको 'डबल' शब्दलाई बालकृष्ण पोखरेल (२०५० : १४८)ले "चालामाला, ढाँचा" भनेर अर्थ्याएका छन् । त्यसैले 'डबल'लाई 'रुपैयाँ' अर्थमा अर्थ्याउन खोजेको रामचन्द्र (२०६०)को अध्ययन यस प्रसङ्गमा अनुपयुक्त नै ठहरिन्छ ।

रामचन्द्र शर्मा पौडेल (२०६० : ११७–२१६)को अध्ययनले क्रमश: भानुभक्तीय रामायणको पाठ, अध्यात्मरामायणको पाठ तथा त्यसको गद्यानुवाद र टिप्पणी प्रस्तुत गरेको छ भने भानुभक्तले छोडेका कतिपय स्तुतिपरक तथा वर्णनपरक प्रसङ्गहरूको पद्यानुवादलाई उनको 'लेखकीय' अध्ययनले समेटेको छ । उनले गरेको अध्यात्मरामायणको गद्यानुवाद मात्र होइन, टिप्पणीमा उल्लेख गरिएका प्रासङ्गिक पाठभेदहरूका अतिरिक्त अन्य कतिपय विषयहरूले भानुभक्तीय रामायणको मौलिकतालाई बुझ्न र भानुभक्तका कमी-कमजोरीहरू केलाउँदै तिनको यथासम्भव संशोधन तथा परिष्कार गर्नसमेत सघाउन सक्छन् । त्यसैले उनले सम्पन्न गर्न लागेको बाँकी ६ काण्डको तुलनात्मक अध्ययन पनि प्रकाशमा आउन सकेमा त्यसबाट नेपाली भाषाका विद्वान्-अनुसन्धाता र सर्वसाधारण पाठकहरूसमेत निकै लाभान्वित हुन सक्ने देखिन्छ ।

– २०६३ भाद्र ८

मुक्तिनाथले औंल्याएका पाठभेदहरू

आदिकवि भानुभक्त आचार्यका पनाति मुक्तिनाथ आचार्य (१८८३)को २०६२ असारमा 'मधुपर्क' मासिकको पूर्णाङ्क ४३३ मा प्रकाशित "भानुभक्तीय रामायणमा गरिएको फेरबदलले पारेको अप्ठ्यारो" शीर्षकको लेखलाई भानुजन्मस्थल विकास समिति चुँदीरम्घाले पनि "भानु-स्मारिका २०६२"मा साभार गरी प्रकाशित गरेको छ। मुक्तिनाथ आचार्य (२०६२ : ११-१६)ले यस लेखमा भानुभक्तीय रामायणमा प्रयुक्त शब्दहरूमा फेरबदल गरिएका कारण अर्थको अनर्थ हुन गएको हुँदा सोको निराकरणका लागि राष्ट्रिय अभिलेखालयस्थित ल.सं.'च'.३१०, वि.सं.३२'ख' सङ्ख्याको हस्तलिखित रामायणलाई भानुभक्तकै हस्तलिपि ठहऱ्याएर यसकै आधारमा प्रचलित साठ्काको संस्करण (२०५०)का पाठहरूलाई संशोधन गरिनुपर्ने सुझाउ दिएका छन्। यस क्रममा उनले 'श्लोकमा भएको अशुद्ध' र 'हुनुपर्ने शुद्ध' भनी बालकाण्डका ४६, अयोध्याकाण्डका २३, अरण्यकाण्डका १७, किष्किन्धाकाण्डका १६, सुन्दरकाण्डका ७, युद्धकाण्डका १८ र उत्तर काण्डका ५ गरी जम्मा १३३ ओटा पाठभेदहरूको शुद्धाशुद्धि तालिका प्रस्तुत गरेका छन्।

मुक्तिनाथ आचार्य (२०६२ : ११)ले "स्वयं कविजीकै हस्तलिखित (पाण्डुलिपि)का आधारमा" शुद्धाशुद्धि प्रस्तुत गरेको भन्ने उल्लेख गरे पनि उनले शुद्ध ठहऱ्याएका निम्नलिखित पाठभेदहरू उक्त हस्तलिखित रामायण ('च'३१०, ३२'ख')मा भेटिँदैनन्।

मुक्तिनाथ आचार्यद्वारा प्रस्तुत उपर्युक्त पाठभेदहरूमध्ये 'पढचौ' (बाल.४.४) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख')ले 'पढचुं',

काण्ड, श्लोक र पङ्क्ति	प्रचलित पाठ	मुक्तिनाथको पाठ
बाल.२.३	यो	त्यो
बाल.४.४	पनी	पढ्यौ
बाल.३१.३	मानिस् पनि	मानिस् भनी
बाल.५४.१	भगवान्	माहाराज्
बाल.५४.२	तहाँ लूक्या	तहाँ छिप्या
बाल.८०.२	त्यो बाण् मरी	त्यो बाण्ले मरी
बाल.८३.२	लाइ	फेरि
बाल.१०८.३	जसै	सबै
अयो.२४.४	खाँला नि म पनी	खाऊँ र म भनी
अयो.६८.४	मन्या ठूलो विपत्ती	मन्यास् ठूलो विपद्मा
यु.१६.२	लियेर लङ्का भनी	मीलेर टोली बनी
अयो.४५.२	हे	यो
अयो.८८.१	अति झपट गरी	झटपट गरी फेर्
अर.८८.१	कुचाल्	त चाल्
अर.१००.३	समचार	सब हाल्
अर.१०१.१	पनि बहुतै भक्ति राखेर लाई	गरी बहुतै राममा भक्ति लाई
कि.७१.३	जान्या जन्ले दृढ गरि लिया	जानी ज्ञान्ले दृढ गरि लिनू
सु.१.४	धरी	गरी
सु.१६.१	तीरैमा पनी	तिरमा खुप् असल्
सु.२६.४	नाथको	रामको
सु.३८.१	मानी	मानिस्
यु.१८१.३	हूकुम् म	हुकुम् र
यु.३८१.४	त्यो उजन्छ	मा त्यो जान्छ

डमरुवल्लभ संस्करण (१८४२)ले 'पहऱ्यों' र शिवराज आचार्य (२०३१'क')ले 'पढ्यूँ' पाठ पढेका छन्। यस प्रसङ्गमा अध्यात्मरामायणको माहात्म्यले "धनार्जनार्थमभ्यस्तविद्या' (श्लो.१२) अर्थात् बाह्मणहरू धन आर्जन गर्नका लागि विद्याको अभ्यास गर्नेछन् भन्ने पाठ पढेको छ। यसैले प्रचलित 'पनी' पाठ अनुपयुक्त नै देखिन्छ भने 'गरौंला' पाठको साहचर्य र मूलको आशयअनुरूप 'पढ्युं' पाठको प्रयोग भानुभक्तले गरेको हुनुपर्छ। यही पढ्युम्'बाट 'पढ्युउँ' हुँदै वर्तमान नेपालीमा 'पढ्यौं'को विकास भएको हुनु सम्भव छ। सम्भवतः मुक्तिनाथले समसामयिक वर्णविन्यासअनुरूप 'पढ्यौं' पाठलाई शुद्ध ठहऱ्याएका र मुद्राराक्षसका कारण 'पढ्यौ' पाठ पर्न गएको पनि हुन सक्छ तापनि ऐतिहासिक महत्त्व र भानुभक्तीय

प्रयोगका दृष्टिले 'पढ्युं' पाठ नै उपयुक्त देखिन्छ । त्यस्तै, उपर्युक्त 'मानिस् भनी' (बाल.३१.३) पाठका ठाउँमा हस्तलिखित रामायण र शिवराजले प्रचलित पाठअनुरूप 'मानिस् पनी', बम्बई संस्करण (१८६७) र विष्णुमाया संस्करण (१८८८)ले 'मानिस् भनी' पाठ पढेका छन् । 'भनी भन्या', 'भनी भन्छन्'जस्ता ऐतिहासिक प्रयोगका दृष्टिले मुक्तिनाथले शुद्ध ठहऱ्याएअनुरूप "भन्छन् ति मानिस् भनी" पाठ भानुभक्तले प्रयोग गरेको हुनु सम्भव छ । यसै गरी उपर्युक्त 'ऋटपट गरि फेर्' (अर.८८.१) पाठका ठाउँमा हस्तलिखित रामायण र शिवराजले प्रचलित पाठअनुरूप 'अति ऋपट गरी' पाठ पढे पनि विष्णुमायाले चाहिँ 'ऋटपट गरि फेर्' पाठलाई नै शुद्ध ठहऱ्याएकी छन् । यसको मूलमा "ततः सीतां परित्यज्य रावणः खड्गमाददे" अ.रा.अर.७/५७) अर्थात् त्यसपछि रावणले सीतालाई छोडेर खड्ग लियो भन्ने पाठ छ । 'सीतालाई छोडे' भन्ने मूलको आशय भानुभक्तले ग्रहण नगरे पनि "रावण् ऋन् वीर थियो ऋटपट गरि फेर् हातमा खड्ग लीयो" पाठमा आएको 'फेर्' शब्दद्वारा छोडिएको त्यस अंशलाई सङ्केत गरेको हुनुपर्छ । 'ऋपट' शब्द निरर्थक भएकोले पनि 'अति ऋपट गरी' पाठका तुलनामा 'ऋटपट' गरि फेर्' पाठ नै उपयुक्त हुनु सम्भव छ ।

मुक्तिनाथ आचार्य (२०६२)ले शुद्ध ठहऱ्याएको उपर्युक्त 'तहाँ छिप्या' (बाल.५४.२) पाठका ठाउँमा हस्तलिखित रामायण र शिवराजले 'छप्या ताँहाँ', डमरुवल्लभले 'ताँहाँ छिप्या' र नेपाल संस्करण (१८५१)ले 'तहाँ छीप्या' पाठ पढेका छन् । 'छप्नु'ले 'लुक्नु' भन्ने प्रासङ्गिक अर्थलाई पुष्टि गर्न नसक्ने हुँदा र छन्दोभङ्गदोष निवारणका लागि समेत तुलनात्मक रूपमा नेपाल संस्करणअनुरूप 'तहाँ छीप्या' पाठलाई उपयुक्त ठहऱ्याउन सकिन्छ । उपर्युक्त 'फेरि (बाल.८३.२) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख')ले 'येति' पाठ पढेको छ, जसको तुलनात्मक अध्ययन निर्क्योल हुन बाँकी छ । त्यस्तै, उपर्युक्त 'मऱ्यास्' (अयो.६८.४) पाठभेदांशका ठाउँमा पहिलो हस्तलिखित रामायण ('च'३१०, ३२'ख') र शिवराज आचार्य (२०३१'ख')ले प्रचलित पाठअनुरूप 'मऱ्या' पाठ नै पढेका छन् भने शिवराज आचार्य (२०३१'ख' : १६)ले दोस्रो हस्तलिखित रामायण ('च'१००५)मा 'मऱ्यास्' पाठभेद रहेको उल्लेख गरेका छन् । अघिल्लो चरणको 'तिमिले' पाठका साहचर्यमा भानुभक्तले 'मऱ्यास्'

पाठभन्दा 'मच्या' पाठ नै प्रयोग गरेको हुनुपर्छ। उपर्युक्त अर्को 'सब हाल्' (अर.१००.३) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३१'ग') ले 'सभ चाल्' पाठ पढेका छन् भने होमनाथ संस्करण (१८७८) र विष्णुमायाले प्रचलित पाठअनुरूप 'समचार्' पाठ नै पढेको पाइन्छ। प्रचलित 'समचार् खबर्' पाठमा पुनरुक्ति दोष देखिएको र समसामयिक प्रयोगका दृष्टिले 'सब् हाल् खबर्' पाठ उपयुक्त देखिए पनि 'चार्' वा 'चाल्' पाठका सादृश्यमा 'हाल्' पाठलाई भानुभक्तीय प्रयोग ठहऱ्याउन सकिँदैन। त्यसैले हस्तलिखित रामायण (३२'ख')अनुरूप 'सब चाल् खबर्' पाठ नै उपयुक्त देखिन्छ। उपर्युक्त 'ज्ञान्ले' (कि.७१.३) पाठभेदांशका ठाउँमा हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३२)ले प्रचलित पाठअनुरूप 'जन्ले' पाठ नै प्रयोग गरेका छन् भने चुँदीरम्घास्थित भानु पुस्तकालयको हस्तलिखित रामायणमा 'ज्ञान्ले' पाठभेद रहेको कुरा शिवराज आचार्य (२०३२ : १७)ले औँल्याएको पाइन्छ, जुन पाठ तुलनात्मक रूपमा अनुपयुक्त नै देखिन्छ।

मुक्तिनाथ आचार्य (२०६२)ले शुद्ध ठहऱ्याएको उपर्युक्त 'गरी' (सु.१.४) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३५)ले प्रचलित पाठअनुरूप 'धरी' पाठ पढेका छन् भने ज्ञवाली (२०११ : १३)ले 'गरी' पाठभेदलाई होमनाथ संस्करणको भनी औँल्याएका छन्। हनुमान्ले समुद्र तरी सीताजीलाई भेट्न अत्यन्त छिटो गति लिएर लङ्का जान्छु भन्ने सन्दर्भमा 'गरी' पाठभन्दा 'धरी' पाठ नै उपयुक्त हुनु सम्भव छ। उपर्युक्त 'तिर्मा' (सु.१६.१) पाठभेदांशका ठाउँमा हस्तलिखित रामायण र शिवराजले प्रचलित पाठअनुरूप 'तीरैमा' पढेका छन् भने होमनाथ र विष्णुमायाले 'तिर्मा' पाठ नै पढेको पाइन्छ, जसको तुलनात्मक निष्कर्ष प्रस्तुत हुन बाँकी छ। उपर्युक्त 'रामको' (सु.२६.४) पाठलाई विष्णुमायाले मात्र समर्थन गरेकी छन् भने यसका ठाउँमा बम्बई संस्करणले 'रामका', हस्तलिखित रामायण (३२'ख'), भारतजीवन संस्करण, नेपाल संस्करण र शिवराज आचार्य (२०३५ : ५)ले 'नाथका' पाठलाई शुद्ध ठहऱ्याएका छन् तापनि 'भयो' एकवचन क्रियाका साहचर्यमा तुलनात्मक रूपमा प्रचलित पाठअनुरूप 'नाथको' पाठ नै भानुभक्तले प्रयोग गरेको हुनु सम्भव छ। उपर्युक्त 'मानिस्' (सु.३९.१)

पाठलाई होमनाथ र नेपाल संस्करणले उपयुक्त ठहऱ्याएका तथा हस्तलिखित रामायण (३२'ख')मा 'मानी' लेखी 'मा' र 'नी'का बीचमा काग चिह्न (^) दिएर 'स्' थपिएको हुँदा हस्तलिखितप्रतिले समेत 'मानिस्' पाठलाई शुद्ध ठहऱ्याउन खोजेको बुझिन्छ तापनि अध्यात्मरामायण (सु.२/२८) र शिवराज आचार्य (२०३५ : ७)ले समेत 'घमन्डी' भन्ने सान्दर्भिक अर्थमा प्रचलित पाठअनुरूप 'मानी' शब्दकै प्रयोग गरेको हुँदा 'मानिस्' पाठभेद पूर्णतः अनुपयुक्त देखिन्छ । उपर्युक्त 'बनी' (यु.१६.२) पाठभेदांशलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, नेपाल र विष्णुमाया संस्करणले शुद्ध ठहऱ्याएका छन् भने ज्ञवाली (२०११ : १७६)ले समेत 'बनी' पाठभेदांशलाई शुद्ध हो कि भन्ने अनुमान गरेका छन्, जसको पूर्ण निर्क्योल हुन बाँकी नै छ ।

मुक्तिनाथ आचार्य (२०६२ : ११-१६)ले निकै परिश्रम गरी औंल्याएका शुद्धाशुद्धिमूलक पाठभेदहरूमध्ये 'पढयौं' (बाल.४.४), 'झटपट गरि फेर्' (अर.८८.१), ज्ञानले' (कि.८.२), 'सूक्ष्मोपाधि' (१३४.२)जस्ता केही अन्य पाठभेदहरूले पनि अध्यात्मरामायण एवम् भानुभक्तीय रामायणको मूल आशयलाई बुझ्न विशेष सहयोग पुऱ्याउन सक्ने प्रचूर सम्भावना छ, जसको तुलनात्मक पूर्ण अध्ययन निष्कर्ष प्रस्तुत हुन बाँकी छ । हस्तलिखित रामायण ('च'३१०, ३२'ख')मा नभेटिएका र यहाँ चर्चा पनि नगरिएका उपर्युक्त पाठभेद वा पाठभेदांशहरू भानुभक्तीय रामायणका कुनै पनि संस्करणमा प्राप्त गर्न नसकिएको हुँदा यिनको सर्वप्रथम संशोधन मुक्तिनाथ आचार्यबाटै भएको हुन सक्छ । अध्यात्मरामायण वा भानुभक्तीय हस्तलिखित तथा प्रकाशित रामायणहरूमा देखिएका पाठभेदहरूलाई नै आधार बनाएर भानुभक्तीय रामायणको संशोधन गर्दै जानु पाठालोचनको सैद्धान्तिक मान्यता र व्यावहारिकताका दृष्टिले समेत उपयुक्त नै भए पनि विना कुनै आधार भानुभक्तीय रामायणमा यसप्रकारका संशोधनीय पाठभेदहरू प्रस्तुत गर्दै जाने हो भने भानुभक्तीय रामायणका पाठभेदहरूको विद्यमान समस्यालाई सुल्झाउँदै जान निकै कठिन हुने देखिन्छ । यसै सन्दर्भमा मुक्तिनाथ आचार्य (२०६२ : १६)ले अभिव्यक्त गरेको गम्भीर विचार उल्लेखनीय छ– "भन्ने बेलामा भानुभक्तीय रामायण भनेर हामी गौरव गर्छौं तर यस किसिमको शाब्दिक फेरबदलबाट भानुभक्तको रामायणको मूल आशयमा कतै चोट पुग्ने पो हो कि भन्नेतिर पनि ध्यान पुऱ्याउनु

जरुरी छ। प्रत्येक प्रकाशनमा यस किसिमको शाब्दिक परिवर्तन हुँदै जानु दुःखको विषय हो।" त्यसैले आदिकवि भानुभक्त आचार्यका वयोवृद्ध जीवित पनातिद्वारा व्यक्त गरिएको यस दुखेसोलाई भानुभक्तीय रामायणका पाठभेदीय अनुसन्धाता, सम्पादक तथा प्रकाशक सबैले गम्भीर मनन गर्नैपर्ने देखिन्छ।

– २०६३ भाद्र २८

हस्तलिखित रामायणका पाठभेदहरू

भानु जन्मस्थल विकास समितिको प्रायोजनमा डा.व्रतराज आचार्यले तयार गरेको "आदिकवि भानुभक्त विवरणात्मक सूचीपत्र" शीर्षकको प्रतिवेदन (२०५८)मा भानुभक्तका २६ ओटा हस्तलिखित (पाण्डुलिपि) कृतिहरूको पनि विवरण समावेश गरिएको छ। तीमध्ये रामायण ११, घरायसी पत्र ४, भक्तमाला ५, वधूशिक्षा २ र प्रश्नोत्तरी, लघुसिद्धान्तकौमुदी, तुलसीपूजाविधि तथा अमरकोषका १/१ ओटा लेखोट रहेका छन्। हाल उपलब्ध हुन सक्ने भानुभक्तीय रामायणसँग सम्बन्धित सातओटा लेखोटहरूमध्ये पाँचओटा राष्ट्रिय अभिलेखालयमा, एउटा चुँदीरम्घास्थित भानु पुस्तकालयमा र बालकाण्डको एउटा लेखोट भानुभक्तका पनाति गोपीनाथ आचार्यसँग रहेको कुरा उक्त विवरणपत्रमा उल्लेख छ। शिवराज आचार्य (२०३१-२०३५)ले भानुभक्तकृत भाषा रामायणको सम्भावित शुद्ध पाठ प्रस्तुत गर्ने सन्दर्भमा राष्ट्रिय अभिलेखालयमा रहेका 'च'३१०, 'च'१००५ र 'च'१०६४ सङ्ख्याका तीन लेखोटको पनि उपयोग गरेका थिए। तीमध्ये पहिलो हस्तलिखित रामायण ('च'३१०)लाई उनले भानुभक्तका सन्ततिबाट आएको भन्ने परिचय दिँदै सम्भावित शुद्ध पाठ प्रस्तुत गर्ने मूल आधार बनाएका थिए, जुन लेखोट पुस्तक बालकृष्ण सम र मृगेन्द्र शमशेरले खोजेर ल्याउन लगाएबमोजिम मुक्तिनाथ आचार्यले भानुभक्तको मावलीगाउँ भोर्लेटारबाट २००४ सालमा मृगेन्द्र शमशेरकहाँ पुऱ्याएका थिए, जसलाई बालकृष्ण समले जाँची भानुभक्तकै हस्ताक्षर ठहऱ्याएका र त्यही पुस्तक वीर पुस्तकालय हुँदै राष्ट्रिय अभिलेखालयमा पुगेको देखिन्छ, जुन लेखोट पुस्तकको इतिवृत्तलाई कमल दीक्षितले 'श्रमसिद्धि' (२०५६) निबन्धमा लिपिबद्ध गरेका छन्। राष्ट्रिय अभिलेखालयमा रहेको ल.सं.'च'.३१०,

वि.सं.३२'ख' सङ्ख्याको यही लेखोटलाई हस्ताक्षर तथा औंठाछाप विशेषज्ञ पद्मराज काफ्लेले बालकाण्डका केही श्लोक र पूरै युद्धकाण्डबाहेक अरू सबै भानुभक्तकै हस्तलिपि हुन् भनी प्रमाणित गरेको प्रतिवेदन पनि वि.सं. २०६२ मा भानुप्रतिष्ठानद्वारा प्रकाशित 'भानुदर्शन' पत्रिकाको सातौं अङ्कमार्फत् प्रकाशमा आइसकेको छ। मुक्तिनाथ आचार्य (२०६२:११-१६)ले यही लेखोटलाई भानुभक्तको पाण्डुलिपि ठहऱ्याएर १३३ ओटा संशोधनीय पाठभेदहरू पनि प्रस्तुत गरिसकेका छन्। यसै सन्दर्भमा यस लेखोट पुस्तकमा देखापर्ने थप पाठभेदहरूको पनि तुलनात्मक चर्चा-परिचर्चा हुनु आवश्यक देखिन्छ।

भानुभक्तीय रामायणको प्रचलित साझको संस्करण (२०५८)सँग उक्त हस्तलिखित रामायण ('च'३१०, ३२'ख')को प्रारम्भिक तुलनात्मक अध्ययन गर्दा बालकाण्डका १८८, अयोध्याकाण्डका २१२, अरण्यकाण्डका १०२, किष्किन्धाकाण्डका १७१, सुन्दरकाण्डका १६५, युद्धकाण्डका २५२ र उत्तरकाण्डका २३४ गरी जम्मा १३३५ ओटा पाठभेदहरू भेटिएका छन्। तीमध्ये अधिकांश पाठभेदहरू प्रारम्भिक तुलनात्मक अध्ययनका आधारमा अनुपयुक्त ठहरिन सक्ने सम्भावना रहेको छ भने निम्नलिखित ३०८ ओटा पाठभेदहरूलाई चाहिँ तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ–

(क) बालकाण्डका पाठभेदहरू

श्लोक र पङ्क्ति	प्रचलित पाठ	हस्तलिखित पाठ
१.३	भयेथ्यो	भयोथ्यो
२.३	बखतमा	उस वषत्
४.४	पनी	पढ्यु
३,१५,६५	त	ति
४.१	द्यौता	देव्ता
६.२	दयानिधान कसरी	दयानिधान् कसरि पार्
८.३	जस्ले	जस्को
११.२	पनि भन्या	भनि भन्या
१३.१	जाग्रन्	जाग्रण्
१५.३	राखेर	पारेर

१८.२	थ्यौं	थैं
२७.३	यस्तो	येसो
३२.४	को	काम्
३८.१	त्यो एक	ती एक
४०.२	बुझि ल्यौ	बुझ यो
५४.४	केकयी	कैकयी
६१.३	गया	गयी
५७.४	मेरा	मेरो
६६.१	ति कहाँ	न त हुन्
७८.१	विद्या सिकाई	हित् दूइ विद्या
७८.३	वचन्कन	वचन् एति
८०.४	यक्षिको	यक्षिकै
८०.४	त स्राप्	सराप्
८४.४	आया ती	आयाध्या
८६.१	हुनु भै	हुन गै
८८.२	रित्तै	रित्तो
८५.३	मूर्ति भई	मूर्ति धरी
८६.४	माछी	मल्हा
८८.४	माछीले	मल्हाले
१०३.१	नारी	पत्नी
१०३.३	याहाँ	ताहाँ
१०५.३	सोही	वाहीं
१११.३	रुम्का	रुम्का
११२.१	गरि	सित
११२.१	विवाहविधिले	विवाहविधि भो
११८.१	पनी	यती
११८.१	सरी	गरी
१२३.४	शङ्का	सब्का
१२५.२	इ	त
१२८.४	भयो	भया
१३१.३	समेत्को गरी	समेत् क्यै दियी
१३७.१	पूग्या	पौच्या

(ख) अयोध्याकाण्डका पाठभेदहरू

३.१	दिया	दियी
६६.१	दुवै	दुई
३.२	लिया	लियी
६७.१	गरेस्	गऱ्यास्
७.१	कहन्छन्	अह्राउँछन्
६८.३	पुत्रशोकले	पुत्रको शोक्
११.२	लक्ष्मणथ्यैं	लक्ष्मणलाइ
६९.१	येती	एस्तो
१३,२०	गै	जाउ
७०.२	ठिकाई लिया	ठिकाउँदा भया
१३,१४,१५	द्वी	दुइ
७५.४	तर पनी	त पनि सब्
१६.३	सज्जन बेस्	सज्जनको
७६.२	मानो	मानू
१७.३	भयाकि	गयाकि
१८.२	भन्या	त्रहां
२०.१	समान् व्यतित्	वित्या सरी
२१,४४	द्यौ	देउ
२४.२	प्रभूलाई देख्ता	प्रभूलाइ देख्तामा
३३.३	यस्तै	एस्तो
३३.३	सब्	जो
३३.४	वशले	फलले
३३.४	फजितिले	फजिति पाइ
३५.१	पनी	नदी
८०.२	चित्त पनि दी	मन् पनि दिई
८०.१	फौज पनि ली	फौज् पनि लिई
८१.३	गये	गया
८४.४	इनैले गर्दैमा	इनैका गर्दामा
८८.४	ब्रह्माजीले	ब्रह्मादीले
८५.३	जाहाँ	त्राहां
८८.२	पुग्छू	देपछू
९०.१	पाऊ	पाउमा
९०.२	गऱ्याको	धऱ्याको

८०.४	यस्तो	जस्तो
३७.१	दिई	दिइन्
४०.३	सीताजी	सीतालाइ
४४.२	मान्यौ	मान्छौ
४५.३	आयौ	आज्यूं
५७.४	जाहीं	जाहां
५८.२	म	त
८४.१/२	हूँ	हुम्
८४.२	यो	क्या
८५.२	लोक्को	लोक्का
१०२.३	भैय्या	भैया
१०४.२	चरण्मा परि	भरत्ले पनि
११४.३	गयो	गया

(ग) अरण्यकाण्डका पाठभेदहरू

२.२	पठाऊँ	पटाउं
७.४	दौडेथ्यो	दौडचोथ्यो
१५.२	ताहाँ	ताहीं
१५.४	र ताहिं ऋषि ता	तहां ति ऋषिका
२६.४	आर्को	अर्को
२७.३	भनि	फिरि
३०.४	बहूत खुस्	बहुत् खुसी
३३.१	भनि त	भनि र
४०.२	चढाई	बढायी
४८.१	सुन्दर	सुन्दरि
७७.४	भन्छ	मन् छ
८७.३	सोध्या	सोद्धा
८८.२	लियेछ	हरेछ
१०१.१	सायुज्यै	सारूप्यै
१०३.४	मर्छन्	ऊर्छन्
११२.४	मेरो	मेरी
८७.१	यस्ता	यस्तै

(घ) किष्किन्धाकाण्डका पाठभेदहरू

८.२	सानले	ज्ञानले
११.४	अग्नी र	अग्नी त
१८.३	भये	भया
२१.४	गयो	गया
२१.४	रगतको	रगतका
२२.२	पनी	भनी
२५.३	यही	त इ
२६.४	धनूवाण् लिया	धनूर्वाण धऱ्या
२७.३	पर्‌यो	पस्यो
२७.३	सुग्रीवजी	सुग्रीव ता
२८.२	म घूँ	न घूं
२८.३	अनि	फिरि
२८.४	ज्ञान	ज्ञान्
३१.४	सुग्रीव् ता	सुग्रीव् जी
३३.२	भई	भयो
३८.४	बनी	भनी
५२.४	अधर्म	अधर्मि
६१.१	सुग्रिव्जिलाई	सुग्रीवलाई
६२.४	पनि	पति
७८.२	दिया	भयो
८०.४	विचार्	नजर्
८५.३	भन्याको	भन्या यो
९३.४	पऱ्या	सऱ्या
१०१.१	परी	धरी
१०९,१२५	आयौं	आऱ्यूं
११५.३	त्यो	सो
११६.२	काल	काल् र
१२२.४	बन्दर्	वानर्
१२७.४	आपत्ति	आफू त
१३४.३	बन्यो र	बन्यो त
१३८.१	जाउन्	जानन्

(ङ) सुन्दरकाण्डका पाठभेदहरू

१८.३	डुल्दै	ठुंड्दै(ढुंड्दै ?)
२५.२	भो	गो
२७.२	गरी	धरी
२८.१	मणीको छ	मणीका त
३६.४	है	हो
३७.१	पो	यो
३७.२	यदि	पनि
३७.२	पनि भन्या	यदि भन्या
३८.३	यस्तो	आसा
४३.१	ई	हो
४७.२	उपरै	उपरी
४८.२	मरण्को	विपत्को
५०.४	मानेर निष्फल्	पाएर विह्वल्
५६.१	पनि	कन
६०.३	न देखि	न देष्ति
६४.२	म	त
६६.२	बखतमा	त बरबर्
७१.२	मेरा	मेरो
७३.१	फेर	फेरि
८१.१	अति	यति
८१.१	देख्छु	देषि
८१.२	गुम्छु	गुन्छु
८२.४	देख्छन्	देष्नन्
८०.४	नासी बस्याको	नास्यो बस्यैको
८१.२	उठेर	उठ्यो र
८२.३	पुगेथ्यो	पुग्यो यो
८७.१	यहाँ	ञ्हीं
८८.१	चढ्यो रथमहाँ	चढ्यो र रथमा
१००.१	चढेर	चढ्यो र
१०५.१	जो	ज्या
१०५.४	लाग्यो	लायो
१०६.२	नास्यो	मास्यो
१०६.२	भुसून्	भुसूनै

१०७.४	दिन यो	दिन पो
१०८.३	पनी	भनी
११०.३	त	तं
१११.४	न भाँती	न माती
११२.३	रूप	हुं म
११६.३	परी	पनी
११६.४	पनी	भनी
१२०.३	यो	यस्
१३८.१	श्री	एक्
१३१.२	भया	पऱ्या
१३१.४	शोक् दूरैमा	शोक दूरै
१३२.३	कन	सब
१३५.३	खूसी	त पुस्
१३७.४	सुन्या र	सुन्या त
१४४.२	भइन्	थियीन्
१४४.३	यो	त्यो
१४४.४	महाँ	ओंहा
१४५.१	येहि	एति
१४५.३	सक्याँ	सकी

(च) युद्धकाण्डका पाठभेदहरू

४.३	जल्मा	जस्मा
४.४	त्यो	यो
७.१	हजुर्मा	हजुर्का
१६.४	पनि गऱ्या	गरि गऱ्या
१८.२	विन्ध्याचल्	सैह्याचल्
१८.४	वानर्को	वानर्का
१९.२	ठुलै	ठुलो
२०.१	मार्दय्यौं	मार्दय्युं
२८.४	दिइ	दिन्यु
४०.३	आज सुन	भाइ भइ
४१,४२	धिक्कार	धिक्कारि
४३.३	पितुतुल्य	पितृतुल्य
४६.२	वाहाँ	वाही

५६.२	वहाँ	चाहा
६५.१	अहिले	अरूले
६७.३	प्रभो !	भनी
७०.२	विस्तार् यसैले	विस्तार् त उस्ले
७४.१	गरि	भइ
७७.४	पऱ्यो	पस्यो
८८.४	त	म
१०३.४	गो	गै
११३.३	शुद्ध	युद्ध
१२२.१	भयेथ्यो	भयो त्यो
१३४.२	ताहाँ	ताहीं
१५१.१	हनुमान्	रघुनाथ्
१५४.२	पो	यो
१५६.२	सूतेको	सूत्यैको
१७५.३	दैव	देव
१८५.४	खूपै	दोस्रो
१८१.३	हूकुम् म जान्छू	हूकुम जान्छौं
१८२.४	जस्को बर्त छ	जस्का बित्तछ
१८५.२	हिंड्दै देखि	हीडचैदेषि
१८५.३	पनी	भनी
१८६.२	गया	गयी
२००.४	यो	त्यो
२०८.४	लीयो	लीयी
२२२.१	वीरलाइ	वैरिलाइ
२२५.३	गया र	पस्या र
२२७.२	फौज	फौज् त
२२८.१	पौचाइ	लैगेर
२४०.२	पऱ्या	मऱ्या
२४३.२	ताहाँ	जाहां
२४८.२	ई	ती
२५१.१	यो	त्यो
२५१.१	वानरको	रावणको
२५४.४	खस्या	बस्या
२५८.३	पऱ्यो	पस्यो

२६०.१	रावण्को	रावण्का
२६५.४	काटचा पनी	कस्तै गरी
२६६.४	पनी	तसै
२६८.३	ताहीं	वाहीं
२६८.४	जेले	ज्याले
२८८.१	येती	केही
२८३.३	लियाकी	भयाकी
२८४.२	भनी	भयी
३०६.४	तरि	फिरि
३०८.३	आउ	जाउं
३१५.१	तहाँ	जहां
३१८.१	पर	दुर
३२०.१	ता	काम्
३२४.४	हरूको	अरूको
३३४.१	लिया	लियी
३३४.२	दिया	दियी
३४०.१	थियौं	थिय्यूं
३४७.१	येहि	रत्न
३६७.२	चढघो	वढघो
३७७.२	परिपूर्ण	जन पूर्ण
३८१.४	उत्रन्छ	जाइ जान् छ

(छ) उत्तरकाण्डका पाठभेदहरू

३.१	भनी	पनी
७.३	हुनु भो	हुन गो
१०.३	त सुनी	न सुनी
१०.२	पो	भो
१३.४	जाऊँ	जां वस्न
१८.२	दिई	गरी
२७.२	डुल्छु	भन्छु
२८.४	देख्तै	देख्नै
३१.१	यस्तो	एस्ता
३४.४	रती	ति ता
४३.२	वसूँला	वसुम्ला

४५.४	बिन्ती	मैत्री
५०.३	तहिं	पनि
५३.२	देव्ता	देव्गण
५७.२	हुँदा	भयो
५८.४	हजुरको	हजुरका
६०.३	भई	भया
६०.४	गई	गया
८०.१	धर्म	धन्य
८१.२	सब् ताप्	पाप् ताप्
८५.२	ताहाँ	त्योंहां
१००.३	रहोस्	तरोस्
१०३.४	तँ म	जब
११२.४	हाम्रा	हाम्रो
११६.२	जो	हो
१२८.३	त ति	जति
१३६.४	यो	त्यो
१३४.२	स्थूलोपाधि	सूक्ष्मोपाधि
१४०.३	हुन्	हुं (हुम्)
१४१.२	परोस्	पसोस्
१४३.२	त्यो	सो
१४३.४	हरी	सरी
१४५.१	न त	न न
१४८.१	मइ हुम्	मत्रि हुं (हुम्)
१५२.३	गऱ्याको थियो	गऱ्याकी थिई
१५२.४	लियो	लियी
१५३.३	आयौ	आजूं
१५३.४	मान्नु	मान
१५८.३	यो	त्यो
१६८,१७८	सुर्	सोर्
१६८.४	गऱ्यो	गडरो(गडघो ?)
१८६.२	थियो	छ यो
१८७.४	तस्तै	यस्तै
१८१.१	मोह लोक्मा	मोहमा लोक्

१८२.१	थिया	क्रिया
१८८.२	भई	हुनू
२०२.३	यै हो छ	येही छ
२०८.३	भेट्नू	भेट्छू
२२२.१	त	ति
२३२.३	दूई	दूवै
२३७.३	तहाँ	तहीं
२३८.३	सुनेथे	सुन्या यो
२५१.३	औसर	अप्सर

उपर्युक्त पाठभेदहरूमध्ये केही पाठभेदहरू ऐतिहासिक प्रयोगका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । 'हुम्' (अयो.८४,उ.१४७) वा 'वसुम्ला' (उ.४३)मा आएको 'म्' नै 'उँ'मा परिवर्तित भई दीर्घ भएर 'हूँ' वा 'वसूँला' भएको हो । त्यस्तै (पाण्डुलिपि द्रष्टव्य) 'आंज्यूं, आयूं, दियूं, थिज्यूं' आदिमा आएको उकारबाट 'अउँ' हुँदै 'आयौं, दियौं, थियौं' आदिको विकास हुन पुगेको देखिन्छ । 'भएको थियो'को वर्तमान छोटकरी रूप 'भएथ्यो' हुन्छ भने भानुभक्तको समयमा यसको रूप 'भयोथ्यो' थियो । त्यसैले 'भयोथ्यो', दौडघोथ्यो' आदि पाठभेदलाई भानुभक्तीय प्रयोग ठान्न सकिन्छ, जसलाई मोतीराम वा ज्ञवालीले भयेथ्यो, दौडेथ्यो आदि बनाइदिएका छन् । 'भनि भन्या' र 'थैं'लाई पनि ऐतिहासिक सन्दर्भमा भानुभक्तीय प्रयोग ठम्याउन सकिन्छ, जसलाई रामायणका पछिल्ला सम्पादकहरूले 'पनि भन्या' र 'थ्यैं' भनी आधुनिक रूपमा ढाल्दै आएको पाइन्छ । चन्द्रविन्दुको प्रयोग नगरिनु पनि 'तं', 'ज्ञांहां'जस्ता भानुभक्तप्रयुक्त शब्दहरूको मुख्य विशेषता हो, जसलाई उक्त हस्तलिखित रामायण (३२'ख') ले पूर्णत: पालना गरेको देखिन्छ । यसै सन्दर्भमा इन्द्रबहादुर राई (२०२६ : ६७)को विचार उल्लेखनीय छ– ".....भानुभक्त चन्द्रविन्दु (ँ) लेख्तैनथे, बरु दुवै अक्षरमाथि अनुस्वारका विन्दु दिन्थे (ज्ञांहां, बांकि, आउंला) । छिटो गरी कलम नचुँडाई लेख्ता दुई अनुस्वारहरू चन्द्रविन्दु बनेका हुन् ।"

उपर्युक्त पाठभेदहरूमध्ये केही पाठभेदहरूको तुलनात्मक विचार-विमर्श ज्ञवाली, दीक्षित र मुक्तिनाथले औंल्याएका पाठभेदसम्बन्धी लेखहरूमा उल्लेख गरिएको छ। शुद्ध ठम्याउन खोजिएका उपर्युक्त अन्य पाठभेदहरूको तुलनात्मक विचार-विमर्शचाहिँ ग्रन्थविस्तार भयले गर्न नसकिएको हुँदा यीमध्येमा पनि केही पाठभेदहरू तुलनात्मक विचार-विमर्श गर्ने क्रममा अनुपयुक्त ठहरिन सक्छन्। त्यस्तै, उपर्युक्त पाठभेदहरूबाहेक यहाँ उल्लेख नगरिएका र विचाराधीन अवस्थामै रहेका हस्तलिखित रामायणका अन्य पाठभेदहरूको पनि तुलनात्मक अध्ययन गरी निष्कर्ष प्रस्तुत गर्दै जानुपर्ने देखिन्छ।

पद्मराज काफ्ले (२०६२ : २)द्वारा "सातओटा लिखतहरूमा परेका हस्तलिपिहरू नमुनाका रूपमा आदिकवि भानुभक्ताचार्यकै हुन् भन्ने आधारमा" परीक्षण गरिएको हस्तलिखित रामायण ('च'३१०, ३२'ख'), भानुभक्तीय रामायणका उपलब्ध हस्तलिखित प्रतिहरूमध्ये सम्भवतः सबैभन्दा पुरानो हुन सक्छ र यसले प्रचलित 'भानुभक्तको रामायण' (२०५८)मा देखापर्ने कतिपय कमी-कमजोरीहरूलाई निराकरण गर्न विशेष सहयोग पुऱ्याउन सक्ने प्रबल सम्भावना पनि छ तर यस लेखोटप्रतिमा देखापर्ने अध्यात्म-रामायणसँग मेल नखाने र अप्रासङ्गिक कतिपय पाठभेदहरूले भानुभक्तका निकै कमी-कमजोरीहरू थिए भन्ने प्रमाणित गर्न सक्ने हुँदा पाठालोचनको सैद्धान्तिक मान्यताअनुसार यो हस्तलिखित रामायण, भानुभक्तको मूल पाण्डुलिपि हो वा प्रतिलिपिहरूमध्येको एक हो भन्नेबारेमा निर्क्योल गर्न समेत यसको विषयवस्तुगत अन्तरङ्ग परीक्षण हुनुपर्ने देखिन्छ।

– २०६३ असोज ८

बालकाण्डको सर्वप्रथम संस्करणका पाठभेदहरू

पण्डित प्रेमलाल काफ्लेको सम्पादकत्व र तेजबहादुर रानाको प्रकाशकत्वमा रामकृष्ण खत्रीद्वारा सञ्चालित भारतजीवन यन्त्रालय (प्रेस) बनारसबाट वि.सं १८४१ आश्विनमा भानुभक्तीय रामायणको **बालकाण्ड**को सर्वप्रथम प्रकाशन भएको हो । अत्यन्त दुर्लभ मानिएको यो पुस्तक भरतराज पन्तले मदन पुरस्कार पुस्तकालयलाई प्रदान गरेका थिए । फलस्वरूप कमल दीक्षितले २०१४ सालमा 'मोतीरामको बालकाण्ड' शीर्षकको निबन्ध मार्फत् यसलाई नेपाली भाषा-साहित्यका पाठकहरूसमक्ष सर्वप्रथम परिचित गराएका हुन् । यसै सन्दर्भमा दीक्षित (२०१४)ले यसमा 'यस्को महिमा'(१०.१), 'देवताका पुजीन्या'(११.४) र 'भू शक्ति प्रभुको अनन्त गुणको'(७६.१) गरी तीनओटा पाठभेदहरू औंल्याएका थिए । यीबाहेक यस संस्करणमा देखापर्ने अन्य पाठभेदहरूको चर्चा-परिचर्चा अन्यत्र हुन सकेको देखिँदैन ।

सूर्यविक्रम ज्ञवाली (२०११ : २८-३०)ले भानुभक्तीय रामायणको सम्पादन गर्ने क्रममा प्रयुक्त विभिन्न आठओटा रामायणहरूको सूचीमा यो संस्करण परेको छैन। ज्ञवाली (२०११ : १-३५)ले औंल्याएका बालकाण्डका जम्मा १०२ पाठभेदहरूमध्ये यसमा ४७ ओटा पाठभेदहरू भेटिन्छन् । तीमध्ये अधिकांश पाठभेदहरू भारतजीवन संस्करण (१८४४) तथा नेपाल संस्करण (१८५१)सँग सम्बन्धित छन् र तिनमा 'जस्को'(८.३), 'पारेर' (१५.३) एवम् 'ती'(३८.१) पाठभेदहरू तुलनात्मक रूपमा शुद्ध ठहरिन सक्छन् ।

ज्ञवाली (२०११)ले पाठभेदहरू औंल्याएकै ठाउँमा यस संस्करणमा केही भिन्न पाठहरू पनि पाइन्छन्– १. 'जानि'(३०.४), २. 'बुझि लिया' (३८.४), ३. 'जाइ'(५३.२), ४. 'ऋष्यशृङ्ग'(५३.३) र ५. 'गऱ्या प्रभुको नृपले' (१०६.४) । यीमध्ये पहिलो 'जानि'(३०.४) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख'), विष्णुमाया र ज्ञवालीले 'ज्ञानि' तथा नेपाल संस्करण (१८५१)ले 'जाति' पाठ पढेका छन् भने सम्पादक ज्ञवाली (२०११ : ८)ले चाहिँ 'जत्ति' हो कि भन्ने अनुमान टिप्पणीमा गरेका छन् । लेखोटप्रतिमा 'त' र 'न'मा सन्देह भएर नेपाल संस्करणमा 'जाति' पाठ पर्न गएको हुनुपर्छ । त्यस्तै 'ज्ञ' र 'ज'मा पनि स्पष्ट नभएर 'जानि'का ठाउँमा 'ज्ञानि' भनेर संशोधन गरिएको पनि हुन सक्छ । वास्तवमा तत्त्व नजान्नेले रघुनाथलाई मानिस भन्दछ भने योगीहरूले तत्त्व जानेर उनलाई त्रैलोक्यका नाथ भनेर चिन्दछन् भन्ने सन्दर्भमा 'जाति', जत्ति' वा 'ज्ञानि' पाठभेदभन्दा 'जानि' पाठ उपयुक्त हुनु सम्भव छ । त्यस्तै दोस्रो 'बुझि लिया'(३८.४) पाठभेदका ठाउँमा हस्तलिखित रामायण (३२'ख')ले 'बुझिलिन्या', नेपाल र होमनाथले 'बुझ्दा' तथा ज्ञवालीले 'बुझ्दा' पाठ पढेका छन् । बुझेपछि भन्ने प्रासङ्गिक अर्थका दृष्टिले तुलनात्मक रूपमा 'बुझि लिया' पाठ शुद्ध हुन सक्छ र यस सन्दर्भमा 'परात्मलाइ'को इकारको उच्चारण हलन्त हुन्छ । उपर्युक्त तेस्रो 'जाइ' (४१.४) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख')ले 'जै', डमरुवल्लभले 'गै', भारतजीवन र नेपाल संस्करणले 'पार्' तथा बम्बई, होमनाथ, विष्णुमाया र ज्ञवालीले 'त्यो' पाठ पढेका छन् । तुलनात्मक रूपमा ऐतिहासिक प्रयोगका दृष्टिले 'जाइ' पाठ शुद्ध हुनु सम्भव छ र यहाँ पनि 'इ'को उच्चारण हलन्त रूपमा नै भएको छ । त्यस्तै, उपर्युक्त चौथो र पाँचौं पाठभेदहरू मूल पाठका दृष्टिले तुलनात्मक रूपमा अनुपयुक्त नै देखिन्छन् ।

बालकाण्डको सर्वप्रथम संस्करण (१८४१)मा पाइने निम्नलिखित १४ ओटा नवीन पाठभेदहरू ऐतिहासिक महत्त्व र भानुभक्तीय प्रयोगका दृष्टिले तुलनात्मक रूपमा शुद्ध ठहरिन सक्छन् ।

श्लोक र पङ्क्ति	प्रचलित पाठ	सर्वप्रथम संस्करणको पाठ
१,१३,१२८	भयेथ्यो	भयोथ्यो
३.१	गरैन	गरोइन
४.१	धौता	देव्ता
५.१	रह्वैन	रहोइन
१०,११,१८,५७	पनि भन्या	भनि भन्या
५४,५५	केकयी	कैकयी
८४.४	आया ती	आयाथ्या
८६.१	हुनु भै	हुन गै
१०२.३	मारिच्लाइ	मारिच्लाइ र
१०३.३	याहाँ	ताहाँ
१११.३	ऋम्का	ऋम्का
११८.१	सरी	गरी
१२८.४	भयो	भया
१२८.२	हानू	हानूँ

उपर्युक्त पाठभेदहरूमध्ये 'भयोथ्यो', 'देव्ता', 'कैकयी', 'आयाथ्या', 'हुन गै', 'ताहाँ', 'ऋम्का', 'गरी' र 'भया' पाठहरूलाई हस्तलिखित रामायण (३२'ख')ले समेत शुद्ध ठहऱ्याएको पाइन्छ।

बालकाण्डको सर्वप्रथम संस्करण (१८४१)मा पाइने करिब ६० ओटा नवीन पाठभेदहरू विविध दृष्टिले अनुपयुक्त देखिन्छन्। त्यस्तै धर्म्म (५.१), कार्तवीर्य्य(१८.१), पर्व्वत(३१.१), सर्व्वज्ञ(५१.२), कर्म्म(६२.१), पर्व्व (६८.३), कार्य्य(८१.३), उर्म्मिला(११३.१), आश्चर्य्य(११४.४)जस्ता संस्कृत व्याकरणअनुरूप रेफका आधारमा द्वित्व गरिएका पाठभेदहरूलाई पनि भानुभक्तीय प्रयोग ठहऱ्याउन सकिन्न। यस संस्करणमा पाइने जाञ्छन् (६.४), जाञ्छ (१५.२/४), जाइञ्छ(१७.४), हुञ्छन्(५२.१), जुञ्छ(५८.४), काञ्छा(६२.४,६४.१), लैजाञ्छु(६८.४), भञ्छन्(७०.४), हुञ्छ(७१.४), भञ्छौ (७३.४), हाञ्छु(१२८.२)जस्ता संस्कृत व्याकरणअनुरूपका चवर्गीय पञ्चमवर्णसन्धिमूलक पाठभेदहरूलाई समेत भानुभक्तीय प्रयोग भनी प्रमाणित गर्न सकिने बलियो आधार प्राप्त गर्न सकिएको छैन। साथै यस संस्करणले १.२, १२७.२ र १३०.४ मा 'म' शब्दकै प्रयोग गरे पनि २.२,

१७.१, २०.४, २५.१, ३४.४, ३७.१ र ४३.१ मा चाहिँ 'मो' शब्दको प्रयोग गरेको पाइन्छ। छन्दोभङ्गदोषका कारणले र अन्यत्र प्राय: 'मो' शब्दको प्रयोग भानुभक्तीय रचनामा भएको नपाइएकाले पनि उपर्युक्त श्लोकहरूमा प्रयुक्त 'मो' पाठभेदलाई भानुभक्तीय प्रयोग होइन भन्न सकिन्छ।

भानुभक्त आचार्यका समकालीन कवि-लेखकहरूका कृतिमा र भानुभक्तीय रचनाका पुराना संस्करणहरू तथा भानुभक्तीय हस्तलिखित प्रतिहरूमा पनि 'ख'का ठाउँमा 'ष'को प्रयोग भएको भेटिन्छ तर यस संस्करणले 'ष्वामित्'(८७.१) एक ठाउँमा बाहेक अन्यत्र 'ख'का ठाउँमा 'ष'को प्रयोग गरेको देखिँदैन। सम्भवत: यस संस्करणको मुखपृष्ठमा "पण्डित प्रेमलाल काप्लेले शुद्ध गराईकन छपाए" भन्ने भनाइले यसतर्फ पनि सङ्केत गरेको हुनसक्छ। त्यस्तै, यस संस्करणले २४.३ र २६.१ मा प्रचलित पाठअनुरूप 'एक' शब्दकै प्रयोग गरे पनि अन्यत्र ११ ठाउँमा 'यक' शब्दको प्रयोग गरेको पाइन्छ। तीमध्ये ११.१, ८१.२, १०३.३ र ११४.३ मा चाहिँ हस्तलिखित रामायण (३२'ख')ले पनि 'एक' शब्दको प्रयोग गरेको छ भने अन्यत्रचाहिँ 'येक' शब्दको प्रयोग भेटिन्छ। 'एक' शब्दको आदिमा 'य्'को आगम गरेर निश्चय नै 'येक' शब्दको प्रयोग भएको होइन। नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५०)मा कालु खँड्काको 'लालमोहर' (१८२८) र पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१)मा 'येक' शब्दको प्रयोग भएको पाइन्छ। फारसी भाषाका 'हर येक' (हरेक) र 'यक्-दम' (एकदम) तथा दरदी समूहको कोहिस्तानी भाषाको 'यक'(एक) शब्दसँग 'एक' वा 'येक' शब्दको केही न केही साइनो हुन सक्छ। त्यसैले भानुभक्तले 'एक' वा 'येक' कुन चाहिँको प्रयोग गरी एकरूपता कायम गरे यसै भन्न सकिन्न। सम्भवत: भानुभक्तले दीर्घ प्रयोगको आवश्यकता देखिएका ठाउँमा 'एक' र ह्रस्व प्रयोगको आवश्यकता परेको ठाउँमा 'यक' शब्दको प्रयोग गरेका हुन सक्छन्, जसलाई प्रतिलिपिकर्ता वा पुराना संस्करणका सम्पादकहरूले 'एक'को ठाउँमा कहीं कहीं 'येक' बनाएर संशोधन गर्दै आएको हुनुपर्छ। ज्ञवाली(२०११)ले चाहिँ दीर्घ प्रयोगका सन्दर्भमा प्राय: सर्वत्र 'एक' शब्दकै प्रयोग गरेका र ह्रस्व प्रयोगको आवश्यकता देखिएको एक ठाउँमा मात्र 'यक'(यु.२४४.२) शब्दको प्रयोग गरेको पाइन्छ।

बालकाण्डको सर्वप्रथम संस्करण(१८४१)मा प्रयोग भएको 'कसोरी' (६.२) पाठभेदले 'कसो+गरी', 'कसोरी' हुँदै 'कसरी' शब्दको विकास भएको हुन सक्ने सम्भावना प्रस्तुत गरेको छ। त्यस्तै 'विषय' (८.१) पाठभेदले संस्कृतको 'विषये'बाट 'विषय'>विषए' हुँदै 'विषे' शब्द सप्तमी विभक्तिको चिह्नका रूपमा प्राचीन नेपालीमा प्रयोग हुन आएको कुरालाई पुष्टि गर्न सक्छ। प्राचीन नेपालीमा प्रयोग हुने 'तिनिले'(२६.३) 'इनिलाई' (३४.१)जस्ता प्रयोगहरूको मध्यवर्ती इकार आधुनिक नेपालीमा आकारमा परिवर्तित भई 'तिनले', 'इनलाई' बनेका हुन सक्छन्। 'देवता' (४.१)बाट 'देउता' हुँदै 'धौता'को विकास भएको हो भने 'कोइ'(८८.४)कै द्रुततर उच्चारण 'क्वै' हुन गएको हो भन्ने कुरालाई पनि यस संस्करणका पाठभेदहरूले पुष्टि गर्न सक्छन्। प्रकाशन-संस्थाहरू दुर्लभ रहेको तत्कालीन अवस्थामा भानुभक्तीय रामायणको सर्वप्रथम प्रकाशनको श्रीगणेश गर्ने यस संस्करणमा केही कमी-कमजोरीहरू विद्यमान रहनु अस्वाभाविक होइन र तिनलाई कमजोरीकै रूपमा पूर्णतः उपेक्षा गर्न पनि सकिँदैन। त्यसैले भानुभक्तीय प्रयोग र नेपाली भाषाको विकासमा ऐतिहासिक महत्त्व राख्ने यस संस्करणको गम्भीर अध्ययन-विश्लेषण हुन सकेमा भानुभक्तीय रामायणको बालकाण्डको परिष्कार गर्न मात्र नभएर नेपाली भाषाको ऐतिहासिक विकासका तथ्यहरू पहिल्याउनसमेत निकै सहयोग पुग्न सक्ने देखिन्छ।

– २०६३ असोज ८

डमरुवल्लभ संस्करणका पाठभेदहरू

भानुभक्तीय रामायणका सबै काण्डहरूको सर्वप्रथम प्रकाशन गर्ने काम मोतीराम भट्टबाटै भएको हो भन्ने भ्रम 'साझा संस्करण' निबन्ध नपढ्ने प्रायः सबै नेपालीलाई अद्यावधि भइरहनु अस्वाभाविक होइन। मोतीराम भट्टले वि. सं. १८४४ पौषमा सम्पूर्ण संस्करणका रूपमा 'भानुभक्तकृत भाषा रामायण'को प्रकाशन गर्नुभन्दा ठीक दुई वर्षअघि १८४२ माघमा भानुभक्तीय रामायणको सर्वप्रथम सम्पूर्ण संस्करण प्रकाशित भएको थियो। देवराज शर्माको सम्पादकत्वमा तथा बद्रीनाथ भण्डारीको सहभागितामा जैन प्रभाकर यन्त्रालय बनारसबाट डमरुवल्लभ पोखऱ्याले भानुभक्तको सातकाण्डी 'रामायण भाषा' प्रकाशित गरेका थिए, जसलाई वि.सं. २०१४ मा कमल दीक्षितले 'साझा संस्करण' निबन्धमार्फत् नेपाली भाषा-साहित्यका पाठकहरूसमक्ष सर्वप्रथम परिचित गराएका हुन्। यस क्रममा दीक्षित (२०१४, २०५६ : १३)ले "ज्ञवालीज्यूले पाठभेदको सम्पादन गरी जुन-जुन पाठ दिनुभएको छ, धेरै वा करीब-करीब सबै ठाउँमा यो साझा संस्करणमा पनि त्यही पाठ परेका देखिन्छन्" भन्ने उल्लेख गरेका थिए। दीक्षितको यो विचार आउने बेला यो पुस्तक मदन पुरस्कार पुस्तकालयमा खण्डित अवस्थामा थियो। पछि २०२३ मङ्सिरमा लन्डनको इन्डिया अफिस पुस्तकालयबाट शिवगोपाल रिसालमार्फत् बाँकी अंशको फोटोकपी मगाइएको हुँदा मदन पुरस्कार पुस्तकालयमा हाल यस पुस्तकका सबै अंशहरू पूर्ण रूपमा पढ्न पाइन्छन्।

शिवराज आचार्य (२०३१-२०३५)ले 'भानुभक्तकृत भाषा रामायणको सम्भावित शुद्ध पाठ' प्रस्तुत गर्ने सन्दर्भमा चौथो पुस्तक भन्ने सङ्केत

गरी यस संस्करणलाई उपयोगमा ल्याएका थिए। यसै सन्दर्भमा उनले बालकाण्डदेखि सुन्दरकाण्डसम्मका वार्णिक तथा शाब्दिक गरी १२८ ओटा पाठभेदहरू औंल्याएका र तीमध्ये अधिकांश पाठभेदहरू प्रचलित रामायणको मूल पाठसँग मिल्दा-जुल्दा पाइन्छन्। सूर्यविक्रम ज्ञवालीले 'भानुभक्तको रामायण' (२०११)को सम्पादन गर्दा डमरुवल्लभ संस्करण (१८४२)को उपयोग गरेका थिएनन्। ज्ञवालीले औंल्याएका पाठभेदहरूसँग यस संस्करणको प्रारम्भिक तुलनात्मक अध्ययन गर्दा यसका ८६ ओटा समान पाठभेदहरू पाइन्छन् भने २५ ओटाचाहिँ असमान पाठभेदहरू देखिएका छन्। असमान पाठभेदहरूमध्ये प्रायः सबैले हस्तलिखित रामायण (३२'ख')सँग समानता राखेको पाइन्छ। ज्ञवालीले औंल्याएका सबै पाठभेदहरूसँग यस संस्करणको पूर्ण रूपमा तुलनात्मक अध्ययन-पुनर्मूल्याङ्कन गर्ने कामचाहिँ बाँकी नै छ।

सूर्यविक्रम ज्ञवाली (२०११)ले पाठभेदहरू देखाएकै ठाउँमा उनले देखाएका पाठभेदहरूसँग समानता नराख्ने केही नवीन पाठभेदहरू पनि डमरुवल्लभ संस्करणमा भेटिएका छन्। तीमध्ये अधिकांश पाठभेदहरूले हस्तलिखित रामायण ('च'३१०, ३२'ख')सँग र 'भनि' (अयो. ५२.२), 'सुतिक्षण्' (अर. १८.१)जस्ता केही पाठभेदहरूले विष्णुमाया संस्करण (१८८८)सँग समानता राखेको पाइन्छ। त्यस्तै 'पुगि गया' (अर. १०२.४), 'जहि' (कि. १३.२) 'फेरि' (कि. २८.३), 'आफ्त' (कि. १२७.४), 'तांहां' (कि. १२८.१)जस्ता केही नयाँ पाठभेदहरूसमेत डमरुवल्लभ संस्करणमा देखिएका छन्।

भानुभक्तीय रामायणमा पूर्ववर्ती पाठभेदद्रष्टाहरूद्वारा प्रायः नऔंल्याइएका र डमरुवल्लभ संस्करणमा प्रारम्भिक अध्ययनका क्रममा देखापर्ने करिब १२५ ओटा नवीन पाठभेदहरूमध्ये ४८ ओटा पाठभेदहरूले हस्तलिखित रामायण ('च'३१०, ३२'ख')सँग समानता राखेको पाइन्छ। तीमध्ये डमरुवल्लभ संस्करणमा पाइने निम्नलिखित पाठभेदहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ–

१. 'दियी' (अयो. ३.१),
२. 'लियी' (अयो. ३.२),
३. 'अह्राउँछन्' (अयो. ७.१),
४. 'मान्छौ' (अयो. ४४.४),
५. 'उसैले' (यु. ७७.२)।

उपर्युक्त पाठभेदहरूमध्ये 'दियी/लियी' (अयो. ३.१/२) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा विष्णुमाया, ज्ञवाली र साऱ्हाको संस्करणले 'दिया/लिया' पाठ पढेका छन्। यी दुवै पाठभेदहरूमा नारदका सन्दर्भमा 'दिया/लिया' समापिका क्रियाभन्दा 'दियी/लियी' असमापिका क्रियाको प्रयोग नै उपयुक्त हुनु सम्भव छ। सम्भवत: सम्पादनका क्रममा 'दियी' र 'लियी' पाठमा रहेको डिकामाथिको ईकार अस्पष्ट भएर नै भानुभक्तीय रामायणका पछिल्ला सम्पादकहरूले 'दिया' र 'लिया' पाठलाई शुद्ध ठहऱ्याउँदै आएका हुन सक्छन्। 'दियी' र 'लियी' पाठमा रहेको यकारको लोप गरेर 'दिई' र 'लिई' पाठलाई समसामयिक वर्णविन्यासका दृष्टिले समेत उपयुक्त मान्न सकिन्छ।

उपर्युक्त तेस्रो 'अह्राउँछन्' (अयो. ७.१) पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ र शिवराजले शुद्ध ठानेका छन् भने विष्णुमाया, ज्ञवाली र साऱ्हाको संस्करणले यसका ठाउँमा 'कहन्छन्' पाठ पढेका छन्। यसको मूलमा 'आज्ञापयति' (अ.रा. अयो. २.७) अर्थात् आज्ञा दिन्छन् वा अह्राउँछन् भन्ने पाठ छ। त्यसैले 'कहन्छन्' पाठभेदका तुलनामा मूलअनुरूप 'अह्राउँछन्' पाठ नै उपयुक्त देखिन्छ र 'अह्राउँछन्' पाठमा रहेको 'उँ'लाई भानुभक्तले हलन्त रूपमा उच्चारण गरेको हुनुपर्छ।

उपर्युक्त चौथो 'मान्छौ' पाठलाई हस्तलिखित रामायण (३२'ख'), डमरुवल्लभ, विष्णुमाया र शिवराजले शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवाली र साऱ्हाको संस्करणले 'मान्यौ' पाठ पढेका छन्। राम वन जान लागेकामा प्रजाहरूले दु:ख मानिरहेको सन्दर्भमा भूतकालिक 'मान्यौ' पाठभन्दा वर्तमानकालिक 'मान्छौ' पाठ नै शुद्ध हुन सक्छ।

उपर्युक्त पाँचौं 'उसैले' (यु. ७०.२) पाठलाई डमरुवल्लभ र विष्णुमायाले शुद्ध ठानेका छन् भने यसका ठाउँमा हस्तलिखित रामायण (३२'ख') ले 'त उस्ले' तथा ज्ञवाली र साऱ्हाको संस्करणले 'यसैले' पाठ पढेका छन्। 'यसैले' र 'त उस्ले' पाठका तुलनामा 'उसैले' पाठ नै प्रासङ्गिक रहेकाले शुद्ध हुनु सम्भव छ।

भानुभक्तीय रामायणको डमरुवल्लभ संस्करणका निम्नलिखित काण्डका केही श्लोक र पङ्क्तिहरू सम्भवत: प्रकाशनकै क्रममा छुटेका हुन सक्छन्– अयोध्याकाण्डका ३८, ४०, ७७. ३/४; अरण्यकाण्डका १६.४,

८०.१; किष्किन्धाकाण्डका ४५.२, ८७.२ र युद्धकाण्डका ३१.२, ४२.२/३ ४४, ५२.२/३, १०६.३/४, १०९.३, ३१८.१/२ । डमरुवल्लभ संस्करणमा नपाइने युद्धकाण्डका उपर्युक्त श्लोक र पङ्क्तिहरू हस्तलिखित रामायण (३२'ख')मा समेत भेटिँदैनन् । भानुभक्तीय रामायणको सर्वप्रथम सम्पूर्ण संस्करण भएका कारण अन्य संस्करणका तुलनामा यस संस्करणमा मुद्रणगत धेरै अशुद्धिहरू पनि पाइन्छन् । तुलनात्मक विस्तृत अध्ययनका क्रममा डमरुवल्लभ संस्करणका अझै धेरै पाठभेदहरू उपलब्ध हुन सक्ने प्रचूर सम्भावना पनि छ । यसरी उपलब्ध हुँदै जाने पाठभेदहरूले भानुभक्तीय रामायणको परिष्कृत एवम् आधिकारिक संस्करण तयार गर्न समेत निकै सघाउन सक्ने देखिन्छ ।

– २०६३ असोज २३

विष्णुमाया संस्करणका पाठभेदहरू

आदिकवि भानुभक्त आचार्यकी नातिनी एवम् रमानाथ आचार्यकी छोरी विष्णुमाया (१८३८–२०३८)ले भानुभक्त आचार्यका रचनाहरूको सङ्कलन गरी वि.सं. १८८८ मा काशीबाट 'भानुभक्त मणिमाला'को एक हजारप्रति प्रकाशन गरेर नि:शुल्क रूपमा वितरणसमेत गरेकी हुन् । 'भानुभक्त मणिमाला'मा भानुभक्तीय रामायणका सातै काण्डसहित भानुभक्तका वधूशिक्षा, प्रश्नोत्तरमाला, भक्तमाला र १४ ओटा फुटकर रचनाहरू पनि सङ्गृहीत छन् । भानुभक्तीय रामायणेतर रचनाहरूलाई समेत समेटेर एउटै सङ्ग्रहका रूपमा भानुभक्तीय रचनाहरूको प्रकाशन गर्ने काम प्रथमत: विष्णुमायाबाटै प्रारम्भ भएको हो तर मुक्तिनाथ आचार्य (२०६३: ३५)ले आफ्नी फुपू विष्णुमायालाई निरक्षर थिइन् भन्ने उल्लेख गरेको हुँदा निरक्षर विष्णुमायाबाट भानुभक्तका रचनाहरूको सङ्कलन तथा तिनको यथार्थ प्रकाशन कसरी सम्भव भयो होला भनेर हाम्रो मनमा चिसो पस्न सक्छ । नपढेका सर्वसाधारण नेपालीहरूले पनि भानुभक्तीय रामायणलाई कण्ठस्थ गर्ने तत्कालीन परिवेशमा आफूमा आध्यात्मिक संस्कार हुर्काएकी विष्णुमायालाई पनि सम्भवत: भानुभक्तीय रचनाहरू प्राय: कण्ठस्थ रहेका हुन सक्छन् र 'भानुभक्त मणिमाला' (१८८८ : १४-१६)को 'परिचय' दिने सुब्बा रङ्गनाथ शर्माले प्रकाशनका क्रममा सम्पादकीय जिम्मेवारी पाएर विष्णुमायालाई सघाएका पनि हुन सक्छन् । त्यस्तै, पुस्तकको शीर्षक 'भानुभक्त मणिमाला' रहे पनि प्रत्येक समपृष्ठको शीर्षभागमा 'भानुभक्तीय रामायण' उल्लेख गरिएको हुँदा हरिहर आ.दी.का संलग्नतामा बम्बईबाट प्रकाशित 'भानुभक्तीय रामायण' (१८६७) बाट रामायणका सातै काण्डको साभार गरी 'भानुभक्त मणिमाला'को प्रकाशन गरिएको पनि हुन

सक्छ । सूर्यविक्रम ज्ञवाली (२०११)ले औंल्याएका बम्बई संस्करण (१८६७)का ८२ पाठभेदहरूमध्ये 'भानुभक्त मणिमाला'मा ८० ओटा पाठभेदहरूको समानता पाइएको हुँदा यसलाई बम्बई संस्करणको 'भानुभक्तीय रामायण'(१८६७)मै आधारित थिएन भन्न सकिँदैन ।

सूर्यविक्रम ज्ञवालीले विभिन्न आठओटा रामायणको उपयोग गर्र 'भानुभक्तको रामायण'को प्रथम संस्करण (१८८८) प्रकाशन गर्दा विष्णुमाया संस्करण (१८८८)को प्रकाशन नै भएको थिएन । ज्ञवालीले दोस्रो संस्करण (२०११)को प्रकाशनका क्रममा रामायणका थप संस्करणहरूको प्रयोग नगरेको हुँदा शिवराज आचार्य (२०३१-२०३५)ले पनि सम्भावित शुद्ध पाठ प्रस्तुत गर्ने क्रममा अन्य चारओटा पुस्तकहरूको मात्र उपयोग गरेको हुँदा र विष्णुमाया संस्करणको तुलनात्मक अध्ययन गरी सम्भावित शुद्ध पाठ प्रस्तुत गर्ने काम हालसम्म हुन सकेको देखिँदैन ।

सूर्यविक्रम ज्ञवाली (२०११)ले औंल्याएका १०४७ पाठभेदहरूमध्ये प्रारम्भिक अध्ययनका क्रममा विष्णुमाया संस्करणमा २६८ ओटा समान पाठभेदहरू भेटिएका छन् । तीमध्ये केही पाठभेदहरूको तुलनात्मक विचार-विमर्श 'ज्ञवालीले औंल्याएका पाठभेदहरू' शीर्षकको लेखमा उल्लेख भइसकेको छ । ज्ञवालीले औंल्याएका पाठभेदस्थलमै विष्णुमाया संस्करणमा ३१ ओटा असमान पाठभेदहरू भेटिन्छन् । तीमध्ये निम्नलिखित ८ ओटा पाठभेदहरूलाई तुलनात्मक रूपमा शुद्ध ठहऱ्याउन सकिन्छ–

१. 'थैं' (अयो. ११.२ ?),
२. 'हुन्या' (कि. ५५.२),
३. 'गो' (सु. २५.२),
४. 'गर्न्यैले' (सु. ७१.३),
५. 'चेती' (यु. १८३.३),
६. पाप् ताप्,
७. 'सरी' (उ. १४३.४),
८. 'सबको' (उ. २४०.२),
९. 'त्यो' (उ. २५३.१ ?) ।

उपर्युक्त पाठभेदहरूमध्ये 'थैं', 'हुन्या', 'गो' र 'सरी' पाठलाई हस्तलिखित रामायण (३२'ख')ले पनि शुद्ध ठहऱ्याएको छ भने 'सरी'

पाठको तुलनात्मक विचार-विमर्श 'ज्ञवालीले औंल्याएका पाठभेदहरू' शीर्षकको लेखमा गरिएको छ । विष्णुमाया संस्करणको उपर्युक्त चौथो 'गर्न्यैले' (सु. ७१.३) पाठका ठाउँमा ज्ञवाली र साख्राको संस्करण (२०५८)ले 'गऱ्या लौ; हस्तलिखित रामायण (३२'ख'), भारतजीवन संस्करण (१८४४) र शिवराज आचार्य (२०३५)ले 'गऱ्यैले' तथा डमरुवल्लभ र होमनाथले 'गर्नैले' पाठ पढेका छन् भने ज्ञवाली (२०११ : १५०)ले 'गऱ्यैले' 'र' 'गर्नैले' दुवै पाठलाई "अशुद्ध र दोषपूर्ण छन्" भनी टिप्पणी गरेका छन् तर भानुदत्तको 'हितोपदेश मित्रलाभ' (१८३३)मा यस्तै किसिमका ऐतिहासिक प्रयोगहरू भेटिन्छन्– 'भन्यैको' र 'गयैको', जसलाई बालकृष्ण पोखरेल (२०५० : २०६–२०७)ले क्रमश: 'भनेकै' र 'गएकै' भनेर अर्थ्याएका छन् । यसै आधारमा विष्णुमाया संस्करणमा प्रयुक्त 'गर्न्यैले' पाठको अर्थ 'गर्नाले नै' हुन सक्छ, जुन पाठ प्रासङ्गिक र अर्थपूर्ण पनि देखिन्छ । त्यसैले उपर्युक्त पाठभेदहरूको तुलनात्मक अध्ययनका आधारमा ऐतिहासिक दृष्टिले समेत विष्णुमाया संस्करणमा प्रयुक्त 'गर्न्यैले' पाठ भानुभक्तले प्रयोग गरेको हुनु सम्भव छ । यद्यपि 'गर्न्यैले' सम्भावित शुद्ध पाठलाई छन्दोभङ्गदोष हुने भएकाले ज्ञवालीले यै 'अशुद्ध' भन्न सकिन्छ, तथापि भानुभक्तमा पनि मानवीय कमी-कमजोरीहरू अवश्य थिए, जसको एउटा नमुनाका रूपमा 'गर्न्यैले' पाठलाई लिन खोज्नु अक्षम्य अपराध नहोला ।

विष्णुमाया संस्करणको उपर्युक्त पाँचौ 'चेती' (यु.१८३.३) पाठलाई हस्तलिखित रामायण (३२'ख')ले पनि शुद्ध ठहऱ्याएको छ भने यसका ठाउँमा ज्ञवाली र साख्राको संस्करणले 'तेस्तो', होमनाथ संस्करणले 'येती', भारतजीवन र डमरुवल्लभ संस्करणले 'तेती' तथा नेपाल संस्करणले 'तेतो' (तेस्तो ?) पाठ पढेका छन् । यीमध्ये नेपाल संस्करणको 'तेतो' (तेस्तो) पाठलाई आधार बनाएर ज्ञवालीले प्रचलित पाठ प्रस्तुत गरेको हुनुपर्छ । यहाँ 'चेत खाएका लक्ष्मण' भन्ने अर्थ प्रासङ्गिक रहेकाले उपर्युक्त पाठभेदहरूमध्ये तुलनात्मक रूपमा 'चेती' पाठ नै शुद्ध ठहरिन सक्छ । त्यस्तै, उपर्युक्त छैटौं 'पाप् ताप्' (उ.८१.१) पाठलाई हस्तलिखित रामायण (३२ख)ले पनि शुद्ध ठहऱ्याएको छ भने यसका ठाउँमा ज्ञवाली र साख्राको संस्करणले 'सब् ताप्' पाठ पढेका छन् । यसको मूलमा "मुच्यते सर्वपातकै:" (अ.रा.उ. ३/२८) अर्थात् सम्पूर्ण पापहरूबाट मुक्त

हुनेछ भन्ने पाठ छ। मूलको पाठअनुरूप 'सब् पाप्' पाठ शुद्ध हुनसक्छ तापनि पापबाट मात्र मुक्तिको चाहना नराखी आफ्ना दुःख-कष्टहरूलाई पनि हटाउन सकिन्छ कि भनेर जगत्‌ले रामचन्द्रको कीर्तन गाउँछ भन्ने सन्दर्भमा भानुभक्तले 'पाप् ताप्' पाठको प्रयोग गरेको हुनुपर्छ। उपर्युक्त आठौं 'सबको' (उ.२३०.२) पाठका ठाउँमा होमनाथले 'इ सबै' तथा ज्ञवाली, साऱ्हा र हस्तलिखित रामायण (३२'ख')ले 'सबका' पाठ पढेका भए पनि 'छुट्‌तैन' र 'सो' पदका साहचर्यमा एकवचनयुक्त 'सबको पाठ नै उपयुक्त हुनु सम्भव छ। यसै गरी उपर्युक्त नवौं 'त्यो' (उ.२५३.१) पाठका ठाउँमा भारतजीवन संस्करणले 'जो' तथा हस्तलिखित रामायण (३२'ख'), ज्ञवाली एवम् साऱ्हाको संस्करणले 'यो' पाठ पढेका छन्। रामले शङ्खचक्रसहित विष्णुको रूपधारण गरेको देखेर सबै देवगण खुसी भए भन्ने प्रसङ्ग महादेवले पार्वतीलाई सुनाइरहेको सन्दर्भमा भानुभक्तले 'यो' र 'जो' पाठभेदका तुलनामा 'त्यो' पाठको प्रयोग गरेका हुन सक्छन्।

प्रचलित साऱ्हाको संस्करण (२०५८)सँग प्रारम्भिक तुलनात्मक अध्ययन गर्दा विष्णुमाया संस्करण (१९९८)मा २०० ओटा नवीन पाठभेदहरू भेटिएका छन्। तीमध्ये निम्नलिखित ३८ ओटा पाठभेदहरूलाई ऐतिहासिक महत्त्व र भानुभक्तीय प्रयोगका दृष्टिले तुलनात्मक रूपमा शुद्ध ठम्याउन सकिन्छ।

काण्ड, श्लोक र पङ्क्ति	प्रचलित पाठ	विष्णुमायाको पाठ
बाल ३३.२	प्रभुका	प्रभुको
बाल ५२.१	महाराज्	महराज्
बाल. ५४,५५	केकयी	कैकयी
बाल. ८६.१	हुनु भै	हुन गै
बाल. १११.३	भुम्का	ठम्का
बाल. १२३.४	शङ्का	सब्का
बाल. १२८.४	भयो	भया
अयो. ६.२	उसै	जसै
अयो. १२, १४, १५	द्वी	दुइ
अयो. ४३, ८६	जाऔं	जाउं
अयो. ४४.४	मान्यौ	मान्छौ

अयो. ११४.३	गयो	गया
अर. ५२.२	सीताजी	सीता ती
अर. ६८.२	छपाई	छिपायी
अर. ६८.३	छपाउ	छिपाऊ
अर. ६८.४	छपि	छिपि
अर. ७०.३	छपीकन	छिपीकन
अर. ८०.४	छपायो	छिपायो
अर. ८८.१	अति रुपट गरी	रुटपट गरि फेर्
अर. १०३.४	मर्छन्	र्‍छन्
कि. ८.२	सानले	ज्ञानले
कि. २८.२	म चूँ	न चूँ
कि. ३३.४	पौंच्या	पौंच्यो
सु. ५०.४	निस्फल्	विह्वल्
सु. ११४.४	तेरा	तेरो
यु. २८.४	दिइ	दिनु
यु. ५६.१	भयेथ्यो	भयोथ्यो
यु. १४१.२	खाँला	प्यूँला
यु. १५१.१	हनुमान्	रघुनाथ्
यु. २०८.१	गरेथ्यो	गर्‍योथ्यो
यु. २१२.१	त्यो	सो
यु. ३२६.४	रैयतिको	रैयतको
उ. २८.४	देख्तै	देख्नै
उ. ८५.२	ताहाँ	त्राहाँ
उ. १०२.४	जान्छन्	जानन्
उ. ११३.४	ल्याया छ	ल्यायिन् ति
उ. १३४.२	स्थूलोपाधि	सूक्ष्मोपाधि
उ. २४५.१	छपाइन्	छिपाइन्

उपर्युक्त पाठभेदहरूमध्ये प्रभुको, महराज्, जसै, सीता ती, छिपायी, छिपाऊ, छिपि, छिपीकन, छिपायो, रुटपट गरि फेर्, विह्वल्, तेरो, प्यूँला, रैयतको, जानन्, ल्यायिन् ति र छिपाइन् पाठभेदहरू विष्णुमाया संस्करणमा सर्वप्रथम देखिएका पाठभेद हुन् भने अन्य प्राय: सबै

पाठभेदहरूलाई हस्तलिखित रामायण (३२'ख')ले पनि शुद्ध ठहऱ्याएको पाइन्छ । त्यस्तै उपर्युक्त केही पाठभेदहरूको तुलनात्मक विचार-विमर्श 'गरिमा' (२०६३ असार)मा र यसै सङ्ग्रहमा अन्यत्र भइसकेको छ ।

विष्णुमाया संस्करणको उपर्युक्त 'ऋम्का'(बाल.१११.३) पाठलाई हस्तलिखित रामायण (३२'ख'), बालकाण्डको सर्वप्रथम संस्करण, डमरुवल्लभ, विष्णुमाया र शिवराजले पनि शुद्ध ठहऱ्याएका छन् भने यसका ठाउँमा ज्ञवाली र साझाको संस्करणले 'भुम्का' पाठ पढेका छन् । नेपाली बृहत् शब्दकोश (२०६०)ले 'ऋम्को' र 'भुम्को' दुवै शब्दलाई प्रविष्टि दिँदा यसको मूल साइनो संस्कृतको 'ऋम्प' शब्दसँग देखाएको छ । खानु भन्ने अर्थमा रहेको 'ऋम्' धातुदेखि 'पत्' र 'ड' प्रत्यय लागी निर्मित संस्कृतको 'ऋम्प' शब्दले 'छलाङ' भन्ने अर्थ दिन्छ (आप्टे, १८८७ : ४१२) । 'ऋम्को' र भुम्को'ले भुन्डिएका स-साना वस्तुहरूको समूहलाई बुझाउने हुँदा 'ऋम्प'सँग यी शब्दहरूको आर्थिक साइनो नभए पनि संरचनागत साइनोचाहिँ अवश्य हुनुपर्छ। 'ऋम्प'बाट नेपालीमा सर्वप्रथम 'ऋम्क>ऋम्को'को विकास भएपछि मात्र 'भुम्को'को विकास भएको हुन सक्छ । त्यसैले ऐतिहासिक सन्दर्भमा 'भुम्को'को बहुवचनयुक्त 'भुम्का' पाठभन्दा 'ऋम्को'को बहुवचनयुक्त 'ऋम्का' पाठ नै भानुभक्तले प्रयोग गरेको हुनु सम्भव छ ।

विष्णुमाया संस्करणको उपर्युक्त 'ऋर्छन्' (अर.१०३.४) पाठलाई हस्तलिखित रामायण(३२'ख'), डमरुवल्लभ र शिवराजले पनि शुद्ध मानेका छन् भने यसका ठाउँमा ज्ञवाली र साझेका संस्करणले 'मर्छन्' पाठ पढेका छन् । अध्यात्मरामायण (अर.८/८)मा एकएक गरेर दुई हात काट्ने मात्र प्रसङ्ग छ, मर्ने वा ऋर्ने चर्चा छैन । सम्भवत: पुरानो हस्तलिखित प्रतिमा 'भ' र 'म' तथा खुट्टा झाऱ्यो चिह्न (,)मा स्पष्ट नभएर 'ऋर्छन्', पाठका ठाउँमा 'मर्छन्' पाठभेद देखिन गएको हुन सक्छ । त्यसैले हात काटेपछि 'मर्छन्' भन्ने पाठभन्दा 'ऋर्छन्' पाठ नै शुद्ध हुनुपर्छ ।

विष्णुमाया संस्करणको उपर्युक्त 'दित्र'(यु.२८.४) पाठका ठाउँमा हस्तलिखित रामायण (३२'ख')ले 'दिज्यु', डमरुवल्लभले 'दित्रौ' तथा ज्ञवाली र साझाको संस्करणले 'दिइ' पाठ पढेका छन् ।' हनुमान्को सम्भावित पुरुषार्थमा रावणका भारदारहरूले पहिला उपेक्षा गरेको हुँदा नै आफूलाई अहिले आएर तिरस्कृत हुनुपरेको सन्दर्भ र रावणसँग बिन्ती

गर्ने मूलको प्रसङ्गअनुसार प्रचलित 'दिइ' पाठ अनुपयुक्त देखिन्छ। नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५०)को अध्ययन गर्दा आधुनिक नेपालीको प्रथम पुरुषमा प्रयोग हुने 'एँ' वा 'यौं' प्रत्ययको विकासमा प्राचीन नेपालीमा प्रयुक्त 'ञु', 'ञ्यु' वा 'युं' प्रत्ययको योगदान रहेको देखिन्छ– आञ्यु>आयौं, थिञु>थियौं, गञु>गयौं, (१८३१), गर्ञुँ> गरें (१८७६), भन्युँ>भनें (१८८६), षाञु>खायौं, गञ्युँ>गयौं, लाञु>लायौं, पुग्युँ>पुग्यौं, भन्युँ>भन्यौं, पाञु>पायौं (१८८३)। त्यसैले छन्दोभङ्गदोषका दृष्टिले अनुपयुक्त 'दिन्नौं' पाठका तुलनामा दिञ्यु>दियुं>दियउँ>दियौं-को क्रमशः विकास गर्ने दिञु पाठलाई भानुभक्तीय प्रयोग ठहऱ्याउन सकिन्छ।

विष्णुमाया संस्करणको उपर्युक्त 'रघुनाथ्' (यु.१५१.१) पाठलाई हस्तलिखित रामायण (३२'ख') र मुक्तिनाथ आचार्य (२०६२)ले पनि शुद्ध ठानेका छन् भने यसका ठाउँमा ज्ञवाली र साझाको संस्करणले 'हनुमान्' पाठ पढेका छन्। अध्यात्मरामायण (यु.७/४०)मा भने रामचन्द्र सुग्रीव र अन्य वानर सेनाहरूका साथ विभीषणको रायअनुसार युद्धका लागि तयार गर्न लागे भन्ने प्रसङ्ग छ। त्यसैले "सङ्ग्राम्को मतलब् गरेर हनुमान् साम्ने हुनू भो तहाँ" (भा.रा.यु.१५१.१) प्रचलित पाठमा रहेको 'हनुमान्' पाठका ठाउँमा मूलको आशयअनुरूप 'रघुनाथ्' पाठ राखी संशोधन गरिनुपर्छ।

विष्णुमायाको संस्करणको उपर्युक्त 'रैयतको' (यु३२६.४) पाठका ठाउँमा हस्तलिखित रामायण (३२ 'ख'), ज्ञवाली र साझाको संस्करणले 'रैयतिको' पाठ पढेका छन्। दुनियाँवाचक 'रैयत' शब्द अरबी भाषाबाट अपरिवर्तित आगन्तुक शब्दको रूपमा नेपालीमा भित्रिएको हो। अरबी 'रैयत' शब्दबाट तद्भव वा परिवर्तित आगन्तुक शब्दका रूपमा 'रैती' शब्दको विकास र प्रयोग नेपालीमा भएको पाइन्छ। 'रैयत'बाट विकसित 'रैतान' र 'रैति' शब्दहरूको नेपालीमा सर्वप्रथम प्रयोग पृथ्वीनाराण शाहले आफ्नो 'दिव्योपदेश' (१८३१) मा गरेका छन् (पोखरेल, २०५०: १५८-१६०)। नेपाली बृहत् शब्दकोश (२०६०: १०८६) मा प्रविष्टि पाएको 'रैयती' शब्द "रैयतसित सम्बन्धित, रैयतको" भनेर अर्थिएको छ, जुन यस पाठभेदसँग त्यति मेल खाँदैन। 'रैयत' अरबीमूलबाट नेपाली 'रैती'को विकास हुनपूर्व यस पाठमा प्रयुक्त 'रैयति' शब्दसँग 'रैती' शब्दको केही साइनो थियो वा थिएन? भन्ने बारेमा चाहिँ

अनुसन्धान हुन बाँकी नै छ। भानुभक्तले बालकाण्डको "सारा रैयतको प्रसन्न मन भो हुन्थ्यो खुशी क्या अबर्" (१३८.४) पङ्क्तिमा 'रैयति' शब्दको प्रयोग नगरी 'रैयत' शब्दकै प्रयोग गरेका छन्। त्यसैले 'रैयतिको' पाठका तुलनामा विष्णुमाया संस्करणअनुरूप 'रैयतको' पाठ नै भानुभक्तीय प्रयोग हुन सम्भव छ।

विष्णुमाया संस्करण (१९९८)मा भेटिएका विचाराधीन पाठभेदहरूको निर्क्योल हुन बाँकी नै छ भने अनुपयुक्त 'हुन्'(अयो.५७.३)जस्ता पाठभेदले वास्तविक 'हुम्' आदि पाठको अनुमान गर्न सघाउने खालका पाठभेदहरू पनि यस संस्करणमा भेटिँदै जाने प्रबल सम्भावना छ। यी र यस्तै अवशिष्ट कार्य र सम्भावनाहरूको पूर्ति हुँदै जान सकेमा मात्र विष्णुमायाले आफ्ना बाजे भानुभक्त आचार्यमाथि प्रकट गर्न खोजेको सच्चा भक्तिभावले साकार रूप लिन सक्ने देखिन्छ।

– २०६३ असोज ८

साझाको संस्करणका पाठभेदहरू

डमरुवल्लभ पोखर्याल (१८४२), मोतीराम भट्ट (१८४४), हरिहर आ.दी. (१८६७), होमनाथ-केदारनाथ खतिवडा (१८७८), सूर्यविक्रम ज्ञवाली (१८८८, २०११), विष्णुमाया (१८९८) र पारसमणि प्रधान (२००८)ले भारतबाट तथा पुनः मोतीराम भट्ट (१८५१)ले नेपालबाट समग्र भानुभक्तीय रामायणको प्रकाशन गरेको पाइए पनि नेपालबाटै संस्थागत रूपमा भानुभक्तीय रामायणको पुनः प्रकाशन गर्ने काम हुन सकिरहेको थिएन। वि.सं. २०३३ असार २८ गते चुँदीरम्घा तनहुँमा आयोजित १६३ औं भानुजयन्तीका अवसरमा भानुजन्मस्थलकै सेरोफेरोमा जन्मेर हुर्केका साझा प्रकाशनका तत्कालीन अध्यक्ष क्षेत्रप्रताप अधिकारीले "साझा प्रकाशनले भानुभक्त ग्रन्थावली प्रकाशित गराई उचित मोलमा उपलब्ध गराउने योजना बनाएको" कुरा व्यक्त गरेका थिए (भानुदर्शन-५, २०३३ : ५५)। त्यसको ६ वर्षपछि २०३८ भाद्र २८ गते साझा प्रकाशनबाट पहिलोपटक 'भानुभक्तको रामायण'को प्रकाशन भयो। त्यसबेला साझा प्रकाशनले 'भानुभक्तको रामायण'को प्रकाशकीयमा यसप्रकारका अभिव्यक्तिहरू दिएको थियो– "...रामायणको पाठान्तरको खोजी गरी काम थालियो। भानुभक्तले जस्तो लेखेका थिए, जुन रूपमा लेखेका थिए, सोही मूल पाठअनुसार शुद्धाएर छाप्न पाए यसको महत्ता र विशुद्धता कायम हुने थियो। यसले गर्दा आदिकवि भानुभक्तको यथार्थ पहिचान गर्न विद्वान्हरूलाई सजिलो पर्ने थियो तर काम बढी अनुसन्धानात्मक र समय पनि निकै लाग्ने हुँदा हाललाई नेपाली साहित्य सम्मेलनबाट प्रकाशित श्री सूर्यविक्रम ज्ञवालीको सम्पादनमा निस्केको बहुप्रचारित भानुभक्तको रामायण नै आधार मानी उहाँले लेख्नुभएको भानुभक्तको सङ्क्षिप्त जीवनी पनि

राखेका छौं । भेटिएसम्मका आदिकविका अन्य कृति र फुटकर रचनासमेत समावेश गरी सर्वत्र सुलभ होस् भन्ने हेतुले साधारण र विशेष सचित्र संस्करणका रूपमा भानुभक्तको रामायण प्रकाशित गरेका छौं ।" यसका साथै शुद्ध पाठ कायम गर्ने उद्देश्यले पं.नरनाथ आचार्य-द्वारा लिखित 'भानुभक्त आचार्यको सच्चा जीवन चरित्र'को द्वितीय संस्करणबाट अन्य कृति र फुटकर रचनाहरूको सहयोग लिएको तथा यस क्रममा शिवराज आचार्य र हरिहर भट्टराईले सघाएको कुरा पनि प्रकाशकीयमा उल्लेख गरिएको छ। साझा प्रकाशनबाट २०५०, २०५२ र २०५८ मा क्रमशः दोस्रो, तेस्रो र चौथोपटक गरी हालसम्म यसका चार संस्करणहरू प्रकाशित भइसकेका छन् भने यसको अन्तमा भानुभक्तका पनाति मुक्तिनाथ आचार्यद्वारा लिखित चार पृष्ठको 'आदिकवि भानुभक्त आचार्यको सङ्क्षिप्त जीवनी' पनि दोस्रो संस्करण (२०५०)देखि समावेश गरिँदै आएको पाइन्छ । यसमा भानुभक्तका अन्य कृतिका रूपमा २२ श्लोके 'भक्तमाला', ४८ श्लोके 'प्रश्नोत्तरमाला' र प्रस्तावनासहितको ३६ श्लोके 'वधूशिक्षा' सङ्गृहीत छन् भने फुटकर रचनाका रूपमा ३८ ओटा कविताहरू पनि सङ्कलन गरिएका छन् । वर्तमान समयमा प्रत्येक नेपालीका बीचमा सर्वसुलभ मानिँदै आएको यो साझाको संस्करण (२०५८), सूर्यविक्रम ज्ञवालीको 'भानुभक्तको रामायण' (२०११)मै आधारित भएर पनि ज्ञवाली संस्करण (२०११)भन्दा भिन्न केही पाठभेदहरूसमेत यसमा देखापरेका छन्, जसको सामान्य चर्चा प्रस्तुत लेखमा गर्न खोजिएको छ ।

ज्ञवाली संस्करण (२०११)मा अपेक्षाकृत शुद्ध रूपमा पढिएका भए पनि साझाको संस्करणमा अशुद्ध देखिने ६१ ओटा छन्दोभङ्गमूलक, ११ ओटा मात्रागौरवमूलक र २० ओटा वर्णविन्यासमूलक वार्णिक पाठभेदहरू पाइन्छन्, जसको अन्यत्र चर्चा गरिनेछ । ज्ञवाली संस्करणका तुलनामा साझाको संस्करणमा पाइने २५ ओटा शाब्दिक पाठभेदहरू निम्नलिखित छन्–

काण्ड, श्लोक र पङ्क्ति	ज्ञवाली संस्करण	साऊको संस्करण
बाल.१२०.४	जाऔं	जाऊँ
अर.३.२	जाऔं	जाऊँ
यु.२८.१	जाऔं	जाऊँ
अयो.२७.३	गयो	भयो
अयो.५०.३	यस्ता	यस्तो
अयो.५८.२	कैल्हे	कैल्है
अयो.१०८.३	भन्याका	भन्याको
अयो.१२०.३	छन्	छिन्
अर.८.४	तब पनी	त पनि फेर्
कि.३.२	हुनु भो	मन भो
कि.६६.२	मनमहाँ	त मनमा
कि.८६.१	द्विपमा	द्विपका
कि.८६.३	ई	यै
कि.१२२.१	सिता त	सिता न
सु.४६.२	छोडि	छोड
सु.४७.२	उपरी	उपरै
सु.५५.२	हुँदै	भई
सु.१२८.२	हरू	सब
सु.१२८.२	छुट्छन्	टुट्छन्
सु.२८.२	आऔं	आऊँ
यु.१८२.४	जस्का	जस्को
यु.३८१.१	श्रीरामको	श्रीरामका
उ.५८.४	हजुरका	हजुरको
उ.८५.२	याहाँ	ताहाँ
उ.१३६.४	त्यो	यो
उ.१७०.१	रजस्	र रज्
उ.२००.३	तेस्तो	त्यस्तै

उपर्युक्त पाठभेदहरूमध्ये 'सिता न'(कि.१२२.१) पाठलाई 'दीक्षितले औंल्याएका पाठभेदहरू' शीर्षकको लेखमा र 'श्रीरामका'(यु.३८१.१) पाठलाई 'ज्ञवालीले औंल्याएका पाठभेदहरू' शीर्षकको लेखमा उपयुक्त ठहऱ्याउँदै संशोधनीय चर्चा गरिएको छ भने 'ताहाँ(उ.८५.२) पाठलाई 'विष्णुमाया संस्करणका पाठभेदहरू' शीर्षकको लेखमा अनुपयुक्त ठहऱ्याउँदै ज्ञवाली

संस्करणअनुरूप 'याहाँ' पाठ शुद्ध हुनुपर्ने बारेमा प्रस्ताव प्रस्तुत गरिएको छ ।

उपर्युक्त पाठभेदहरूमध्ये नौओटा पाठभेदहरू सूर्यविक्रम ज्ञवाली (२०११)द्वारा औंल्याइएका पाठभेदहरूसँग सम्बन्धित छन् । 'जाऊँ' पाठभेदहरू तीन ठाउँमा देखिएका छन्, तीमध्ये अरण्यकाण्ड (१३.३)को पाठभेदलाई होमनाथ संस्करणको भन्दै ज्ञवाली (२०११ : ७०)ले अध्यात्मरामायणको "आगच्छ यामो..."(अर.२/१७) पाठलाई समेत प्रमाणका रूपमा उल्लेख गरेका छन् । मूलको 'याम:' शब्द बहुवचनमा रहेकाले ज्ञवालीले 'जाऊँ'लाई अनुपयुक्त ठहऱ्याई 'जाऔं' बनाएका हुन सक्छन् । 'याम'बाट सर्वप्रथम 'जाउँ'को विकास भएपछि 'उ'बाटै 'औ'को विकास हुन पुगेको हो भन्ने कुरालाई 'दिशु>दियुँ>दियौं, गच्छु>गच्युँ>गच्यौं'जस्ता ऐतिहासिक प्रयोगहरूले पुष्टि गर्न सक्छन् । सम्भवत: होमनाथ संस्करणले बालकाण्ड (१२०.४) र युद्धकाण्ड (२८.१)मा पनि 'जाऊँ' पाठकै प्रयोग गरेको हुनुपर्छ, जसलाई ज्ञवालीले औंल्याएनन् । हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३१)ले 'जाउं' वा 'जाँउँ' पाठलाई शुद्ध ठहऱ्याएका छन् भने विष्णुमाया (१८८८)ले तीनओटै ठाउँमा 'जाऊँ' पाठको प्रयोग गरेकी छन् । त्यसैले ज्ञवालीप्रयुक्त 'जाऔं' पाठका तुलनामा 'जाऊँ' पाठ नै उपयुक्त देखिन्छ । यसै आधारमा ज्ञवालीद्वारा पाठभेद नदेखाई शुद्ध ठहऱ्याइएको 'आऔं' (यु. २८.२) पाठका ठाउँमा पनि 'आउं'>आऊँ' नै भानुभक्तीय प्रयोग हुनु सम्भव छ, जसलाई विष्णुमायाले शुद्ध ठहऱ्याएकी छन् ।

ज्ञवाली (२०११ : ११३)ले 'मन महाँ' (कि. ६६.३) पाठलाई शुद्ध ठहऱ्याउँदा नेपाल र भारतजीवन संस्करणमा 'त मनमा' पाठ रहेको उल्लेख गरेका थिए । हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३२ : १६)ले पनि ज्ञवालीले औंल्याएकै 'त मनमा' पाठलाई शुद्ध ठानेका छन् । ज्ञवालीले 'जन महाँ'सँग अन्त्यानुप्रास मिलाउन 'त मनमा'का ठाउँमा 'मन महाँ' प्रयोगलाई उपयुक्त मानेका हुन सक्छन् तापनि 'त मनमा' पाठ नै शुद्ध हुन सक्छ ।

ज्ञवाली (२०११ : ११८)ले सबै पुस्तकहरूमा पाइएको 'इशान दिशिमा' पाठ निरर्थक छ भन्दै अध्यात्मरामायणका आधारमा 'इ सात द्विपमा' (कि. ८६.१) शुद्ध पाठको अनुमान गरेको उल्लेख गरेका छन् भने शिवराज आचार्य (२०३२ : २०)ले 'इ सात् द्विपमाहाँ'लाई शुद्ध

ठहऱ्याई 'द्विपमाहा'लाई पाठान्तर भनेका छन् । हस्तलिखित रामायण (३२'ख')ले चाहिँ 'इ सात द्विपका' पाठलाई उपयुक्त ठहऱ्याएको छ । मूलको "सप्तद्विपगतान् सर्वान् वानरान्" (कि. ५ ।५१)ले 'सात द्विपहरूमा रहने सम्पूर्ण वानरहरूलाई' भन्ने अर्थ दिने भएकाले हस्तलिखित रामायणअनुरूप साङ्काको संस्करणले सच्याएको 'द्विपका' पाठका तुलनामा ज्ञवालीप्रयुक्त 'द्विपमा' पाठ नै उपयुक्त देखिन्छ ।

ज्ञवाली (२०११ : १४४)ले 'उपरी' (सु. ४७.२) पाठलाई उपयुक्त ठहऱ्याउने सन्दर्भमा बम्बई संस्करणमा 'उपरै' पाठभेद देखिएको जनाएका थिए । विष्णुमायाले 'उपरै' पाठलाई शुद्ध ठहऱ्याए पनि हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३५ : ८)ले 'उपरी' पढेका छन् । संस्कृतको 'उपरि' शब्दमा रहेको अकारको लोप भएर 'उप्री' शब्द कथ्य नेपालीमा अझै पनि जीवित छ । त्यसैले 'उपर्+नै=उपरै' पाठका तुलनामा ज्ञवालीप्रयुक्त 'उपरी' पाठ नै उपयुक्त हुनु सम्भव छ ।

ज्ञवाली (२०११ : १६५)ले "आध्यात्मिकादिहरू ताप् पनि जल्दि छुट्छन्" (सु. १२८.२) भन्ने पङ्क्तिमा होमनाथ संस्करणको "आध्यात्मिकाधिहरूको पनि ताप छुट्छन्" पाठभेद देखाएका थिए । ज्ञवालीप्रयुक्त 'हरू' र छुट्छन्' पाठका ठाउँमा क्रमशः हस्तलिखित रामायण (३२'ख') तथा शिवराज आचार्य (२०३५ : २२) दुवैले 'सब' र 'टुट्छन्' पाठलाई शुद्ध ठहऱ्याएका छन् । सम्भवतः यसै आधारमा साङ्काको संस्करणले पनि ज्ञवालीप्रयुक्त पाठलाई सच्याएको हुन सक्छ । मूल (सु. ४/४७)को 'तापत्रय'लाई बुझाउन 'हरू'भन्दा 'सब' पाठ उपयुक्त हुनु सम्भव छ । त्यस्तै, अघिल्लो चरणको 'छुट्छन्' पाठकै पुनरुक्तिका रूपमा प्रयुक्त पाठका तुलनामा 'टुट्छन्' पाठ शुद्ध हुन सक्छ ।

ज्ञवाली (२०११ : २१८)ले 'जस्का' (यु. १८२.४) पाठलाई उपयुक्त ठान्ने सन्दर्भमा होमनाथ संस्करणको 'जस्को' पाठभेद देखाएका थिए । विष्णुमाया संस्करण (१८८८)ले 'जस्को' पाठलाई शुद्ध ठहऱ्याए पनि हस्तलिखित रामायण (३२'ख')ले 'जस्का' पाठलाई उपयुक्त मानेको छ । बाह्र वर्षसम्म आहार र निद्रा त्याग गर्ने व्यक्तिबाटै मेघनादको वध हुन सक्छ भन्ने सन्दर्भमा अध्यात्मरामायणले 'यः' (यु. ८/६४) र 'तेन' (यु. ८/६५) एकवचनयुक्त पदहरूकै प्रयोग गरेको, आदरार्थी बहुवचनको आवश्यकता नदेखिएको र 'छ' तथा 'उ' शब्दका साहचर्यले पनि 'जस्का'

पाठका तुलनामा साझाको संस्करणले सच्याएको 'जस्को' पाठ नै उपयुक्त देखिन्छ ।

ज्ञवाली (२०११ : २६६)ले 'श्रीरामको' (यु. ३८१.४) पाठलाई शुद्ध ठहऱ्याउँदा भारतजीवन र नेपाल संस्करणमा 'श्रीरामका' पाठभेद रहेको उल्लेख गरेका थिए । विष्णुमायाले 'श्रीरामको' पाठ नै उल्लेख गरे पनि हस्तलिखित रामायण (३२'ख')ले चाहिँ 'श्रीरामका' पाठलाई उपयुक्त ठानेको छ । अध्यात्मरामायणले "श्रीरामस्य निगूढतत्त्वमखिलम्" (यु. १६/४८) अर्थात् 'भगवान् श्रीरामका सम्पूर्ण गोप्य तत्त्व' भनी एकवचनकै प्रयोग गरेको पाइन्छ । सम्भवत: ज्ञवालीले यसै आधारमा 'श्रीरामको' पाठलाई शुद्ध मानेका हुन सक्छन् तापनि व्यवहारमा चाहिँ आदरार्थी बहुवचनकै प्रयोग हुने गरेकाले 'श्रीरामको' पाठभन्दा साझाको संस्करणले प्रयोग गरेको बहुवचनयुक्त 'श्रीरामका' पाठलाई नै शुद्ध ठान्न सकिन्छ ।

उपर्युक्त पाठभेदहरूमध्ये साझाको संस्करणले उपयुक्त मानेका 'भयो', 'यस्तो' (एस्तो ?), 'कैल्हे', 'भन्याको', 'त पनि फेर्', 'मन भो', 'यै', 'सिता न', 'छोड' र 'भई' पाठभेदहरूलाई हस्तलिखित रामायण (३२'ख') र शिवराज आचार्य (२०३१-३५)ले समेत शुद्ध ठहऱ्याएका छन्, जुन तुलनात्मक रूपमा शुद्ध हुन सक्छन् । यीमध्ये 'त पनि फेर्' (अर. ८.४) अन्यत्र (कि. ३८, ५१) पनि प्रयोग भएको पाइएकाले भानुभक्तीय प्रयोग हुनु सम्भव छ । 'लिई, दिई र चल्या' क्रियापदका साहचर्यमा वर्तमानकालिक 'हुँदै' पाठका तुलनामा भूतकालिक 'भई' (सु. ५५.२) पाठ शुद्ध हुन सक्छ । 'जस्तै'का साहचर्यमा 'तेस्तै' (उ. २००.३) पाठ उपयुक्त हुनुपर्छ, जसलाई हस्तलिखित रामायणले शुद्ध ठहऱ्याएको छ ।

उपर्युक्त पाठभेदहरूमध्ये साझाको संस्करणका तुलनामा ज्ञवाली संस्करणका थप पाँचओटा पाठभेदहरू शुद्ध ठहरिन सक्छन् । तीमध्ये 'छिन्' पाठभन्दा 'छन्' (अयो. १२०.२) पाठ उपयुक्त देखिन्छ, जसलाई हस्तलिखित रामायण (३२'ख'), विष्णुमाया, शिवराज आचार्य (२०३१.२८) र साझाको संस्करणको यही पाठभेद देखिएको श्लोकको तेस्रो पङ्क्तिले समेत शुद्ध ठहऱ्याएका छन् । रामचन्द्र भगवान्को चरित्रवर्णन गर्ने सन्दर्भमा एकवचनयुक्त 'हजुरको' पाठभन्दा आदरार्थी बहुवचनयुक्त 'हजुरका' (उ. ५८.४) पाठ शुद्ध हुनुपर्छ, जसलाई हस्तलिखित रामायण

(३२'ख') र विष्णुमायाले समर्थन गरेका छन्। साऊको संस्करणले 'ताहाँ' (उ.८५.२) पाठलाई तथा हस्तलिखित रामायण (३२ख), विष्णुमाया र ज्ञवाली संस्करणले 'याहाँ' पाठलाई शुद्ध मानेका छन्। यसको मूल (अ.रा.उ. ४/२) मा नारदले रावणलाई लङ्नयोग्य वीर प्राप्तिका लागि श्वेतद्वीपमा मात्र जान निर्देश गरेका छन्। यहाँ वीरहरू नभएको प्रसङ्ग मूलमा छैन, तापनि अरु कुनै वीरहरू यहाँ नरहेको हुँदा त्यहाँ श्वेतद्वीपमा गए वीरहरू प्राप्त हुनसक्छन् भन्ने सन्दर्भमा भानुभक्तले 'ताहाँ' पाठका तुलनामा 'याहाँ' पाठ नै प्रयोग गरेको हुनुपर्छ। साऊको संस्करण र विष्णुमायाले 'यो' (उ. १३६.४) पाठलाई शुद्ध ठाने पनि ज्ञवाली र हस्तलिखित रामायण (३२'ख')ले 'त्यो' पाठलाई पढेको हुँदा 'त्यो' पाठ नै उपयुक्त हुन सक्छ। त्यस्तै, 'र रज्' पाठका तुलनामा 'रजस्' (उ. १७०.१) पाठ शुद्ध हुनुपर्छ, जसलाई हस्तलिखित रामायण (३२'ख') र विष्णुमाया संस्करणले शुद्ध ठहऱ्याएका छन्।

साऊको संस्करण (२०५८)मा उपलब्ध सुन्दरकाण्डको १४६ औं श्लोकका निम्नलिखित तेस्रो र चौथो पाउ ज्ञवाली संस्करण (२०११)मा थिएनन् र ज्ञवाली (२०११ : १६८)ले दुई पाउ कुनै पुस्तकमा प्राप्त गर्न नसकेको उल्लेख गरेका थिए।

"आज्ञा भो रघुनाथका हजुरमा सब् दुःख मेरो कही।
लङ्कामा प्रभुको सवारि तिमिले चाँडो गराऊ गई ॥१४६॥"

भानुभक्तको हस्तलिखित प्रमाणित गरिएको (काफ्ले, २०६२ : १-२८) राष्ट्रिय अभिलेखालयस्थित ल.सं.'च'.३१०, वि.सं. ३२'ख'को रामायणमा पनि यी दुवै पाउ पाइँदैनन्। उपर्युक्त दुवै पाउको विषयवस्तु अध्यात्मरामायणसँग समेत पूर्णतः मेल खाएको देखिँदैन र पुनरुक्तिजस्तो लाग्छ। त्यसैले साऊको संस्करणमा उपर्युक्त दुई पङ्क्तिहरू कुन स्रोतबाट समावेश हुन गए? यसको खोजी हुनुपर्ने देखिन्छ।

साऊको संस्करण (२०५८)ले ज्ञवाली संस्करण (२०११)मा देखिने ३३ ओटा छन्दोभङ्गमूलक र केही मात्रागौरवमूलक तथा वर्णविन्यासमूलक पाठहरूलाई शुद्धयाएको छ। दुवै संस्करणमा देखिने 'महाराज्' (बाल. ५२.१), 'बिन्ती' (यु. ७८.१) 'पुष्पवृष्टि' (उ. २५०.३), 'दृष्टि' (उ. २५०.४)जस्ता केही छन्दोभङ्गमूलक पाठभेदहरू; 'सूर्य्यै (बाल. १३.१), 'भैय्या' (अयो १०२.३), 'वीर्य्यपात्' (उ. ७३.२)जस्ता वर्णद्वित्वमूलक

पाठभेदहरू र 'संन्यासि' (बाल. १८.३), 'खुशि' (अयो. १७.१, कि. ५६.४), 'नगडा' (यु. ३४३.३)जस्ता वर्णविन्यासमूलक पाठभेदहरूको संशोधन हुन सकेको छैन। त्यस्तै दुवै संस्करणमा पाइने 'गये' (अयो ८१.३), 'हुने' (कि. ५५) र 'भने' (यु. ३७८) तीनओटा पाठभेदहरूलाई पनि क्रमशः 'गया', 'हुन्या' र 'भन्या' पाठका रूपमा ऐतिहासिक पुनर्निर्माण गर्न सकिन्छ । यीमध्ये 'भने' पाठका ठाउँमा राष्ट्रिय अभिलेखालयस्थित हस्तलिखित रामायण (च.३१०, ३२'ख')ले 'सुनुन्' पाठ पढेको छ, जुन पाठ तुलनात्मक रूपमा शुद्ध हुनु सम्भव छ ।

वर्तमान समयमा 'भानुभक्तको रामायण' भन्नेबित्तिकै धेरै नेपाली पाठकहरूले साझाको संस्करणलाई नै आधिकारिक संस्करणका रूपमा लिने गर्दछन् र संस्थागत रूपमा 'भानुभक्तको रामायण' प्रकाशन गरेर २०३८ देखि हालसम्म साझा प्रकाशनले निकै गुन पनि लगाएको छ । पाठान्तरको खोज गरी निष्कर्ष निकाल्ने काम अत्यन्त कठिन हो भनी महसुस गर्ने साझाको संस्करण (२०३८)ले निकै परिश्रम र समय खर्चेर ज्ञवाली (२०११)ले देखाएका पाठभेदहरूलाई तथा भानुभक्तीय रामायणको सङ्क्षिप्त शब्दकोश मान्न सकिने 'शब्दार्थतालिका' (ज्ञवाली २०११ : ३३१-३५७)लाई पनि आफ्नो संस्करणमा समावेश गर्दै आउन सकेको भए ज्ञवालीको परिश्रमको समुचित कदर हुन सक्थ्यो र सर्वसाधारण पाठकदेखि लिएर नेपाली भाषा-साहित्यका विद्वान्-अनुसन्धाताहरूले पनि यसबाट निकै लाभ उठाउन सक्ने होलान्। संस्थागत रूपमै ज्ञवाली-मार्गलाई वा आफ्नै प्रकाशकीय भावनालाई अग्रसर गराउन कुनै विद्वान् वा विद्वत्समुदायलाई सम्पादक वा सम्पादक-मण्डलको जिम्मेवारी दिँदै जान सकेको भए पनि ज्ञवाली संस्करणमा आधारित साझाको संस्करण (२०५८)मा वार्णिक तथा शाब्दिक पाठभेदहरू र थप पङ्क्तिहरू कसरी देखिन पुगे भनेर पाठकहरू अवश्य पनि अन्योलग्रस्त भइरहनुपर्ने थिएन होला। निश्चय नै आगामी दिनमा यी र यस्तै अभावहरूको निराकरण गर्दै भानुभक्तीय रामायणको परिष्कृत संस्करण प्रकाशन गर्ने दिशातर्फ साझा प्रकाशन अग्रसर हुँदै जानेछ भन्ने कुरामा पूर्ण विश्वस्त रहन सकिन्छ।

– २०६३ असोज २३

भानुभक्तीय रामायणेतर रचनाका पाठभेदहरू

वि.सं. २०३८ देखि संस्थागत रूपमा साझा प्रकाशनबाट 'भानुभक्तको रामायण'को प्रकाशन हुन थालेपछि यसमा सङ्गृहीत सात काण्ड रामायण, २२ श्लोके 'भक्तमाला', ४८ श्लोके 'प्रश्नोत्तरमाला', प्रस्तावनासहितको ३६ श्लोके 'वधूशिक्षा' र ३८ ओटा फुटकर र चनाहरूलाई सर्वसुलभ रूपमा हामीले 'भानुभक्तीय रचना' भनेर पढ्दै र बुझ्दै आएका छौं। सूर्यविक्रम ज्ञवाली (२०११), शिवराज आचार्य (२०३१-२०३५), कमल दीक्षित (२०५६), रामचन्द्र शर्मा पौडेल 'रम्घाली' (२०६०) र मुक्तिनाथ आचार्य (२०६२)ले भानुभक्तीय रामायणका पाठभेदहरूका बारेमा चर्चा-परिचर्चा गर्दै आएको पाइए पनि रामायणबाहेकका भानुभक्तीय अन्य रचनाहरूमा देखापर्ने पाठभेदहरूबारेमा चाहिँ हालसम्म अध्ययन-अनुसन्धान हुन सकेको देखिँदैन।

भानुभक्तीय रामायणेतर रचनाहरू सङ्गृहीत 'भाषा नवरत्न' (१९८९), 'भानुभक्त मणिमाला' (१९८८), 'पुराना कवि र कविता' (२००३), 'भानुभक्त ग्रन्थावली' (२००९), 'भानुभक्तको सच्चा जीवन चरित्र' (२०१७), 'भानुका लघुकृतिहरू' (२०२३) र 'भानुभक्तका कृति अध्ययनहरू' (२०२६)सँग प्रचलित 'भानुभक्तको रामायण' (२०५८)को प्रारम्भिक तुलनात्मक अध्ययन गर्दा वार्णिक एवम् शाब्दिक गरी करिब २६८ ओटा स्थलगत पाठभेदहरू देखिएका छन् र उपलब्ध हुन सक्ने भानुभक्तीय अन्य रचनासङ्ग्रहहरूसँग पनि तुलनात्मक अध्ययन गर्दै जाँदा यी पाठभेदहरूको सङ्ख्यासमेत बढ्दै जान सक्ने प्रबल सम्भावना छ।

यसरी देखापर्दै जाने पाठभेदहरूलाई संशोधनीय, अनुपयुक्त र विचाराधीन गरी तीन प्रकारमा वर्गीकरण तथा विश्लेषण गर्न सकिन्छ। यसै सन्दर्भमा प्रस्तुत अध्ययनमा उपर्युक्त रचनासङ्ग्रहहरूका पाठभेदहरूलाई बुझाउन क्रमशः भान, भाम, पुक, भाग्र, सजी, भाल र भाकृ सङ्केत-शब्दहरूको प्रयोग गरिएको छ भने भानुभक्तीय रामायणेतर उपर्युक्त रचनाहरूलाई अवगत गराउन क्रमशः भमा, प्रमा, वशि र फुर सङ्केत-शब्दहरू उल्लेख गरिएका छन्। त्यस्तै बिन्दुभन्दा अघिल्ला अङ्कद्वारा सम्बन्धित रचनाको श्लोकसङ्ख्या वा फुटकर रचनासङ्ख्या र बिन्दुभन्दा पछिल्लो अङ्कद्वारा सम्बन्धित श्लोक वा रचनाको पङ्क्तिलाई सङ्केत गर्न खोजिएको छ। यस क्रममा अघिल्लो पाठले 'भानुभक्तको रामायण' (२०५८) सङ्ग्रहमा सङ्गृहीत प्रचलित पाठलाई र पछिल्लो पाठले उर्पयुक्त रचनासङ्ग्रहमा भएको सम्भावित शुद्ध वा अशुद्ध पाठलाई बुझाउँछ।

(क) संशोधनीय पाठभेदहरू

भानुभक्तीय रामायणेतर रचनाका प्रचलित जुनजुन पाठहरूमा छन्दोभङ्गदोष देखिएको छ, त्यस्ता पाठभेदहरूलाई छन्दोभङ्गमूलक पाठभेद भन्न सकिन्छ। तीमध्ये केही पाठभेदहरू यसप्रकार छन्–

१. यही (प्रमा ३.२)→ येही,
२. धर्नु (प्रमा४६.१)→ धर्नू,
३. त्यसले (वशि ५.१)→ तसले,
४. बोहोता (वशि १०.३) → बहोता,
५. गृहिणी (वशि २५.३)→ गृहिणि,
६. काहाँ (फुर २.५)→ कहाँ,
७. जाहाँ (फुर २.१७)→ जहाँ,
८. याहाँ (फुर २.१८) → यहाँ,
९. पढ्नु (फुर २३.१)→ पढ्नू,
१०. लाऊनामा (फुर ३४.१०)→ लाउनामा।

संस्कृत व्याकरणमा जै नेपाली भाषाका अतत्सम शब्दहरूमा पञ्चमवर्णसन्धिको प्रयोग हुँदैन र हालसम्म प्राप्त भानुभक्तका हस्तलिखित कृति वा पत्रहरूमा पञ्चमवर्णसन्धिको प्रयोग भएका उदाहरणहरू प्राप्त गर्न सकिएको पनि छैन। भानुभक्तीय रामायणेतर रचनाका प्रचलित

पाठमा देखापर्ने पञ्चमवर्णसन्धिमूलक केही पाठभेदहरूको विवरण यसप्रकार छ–

१. बाचुञ्जेल् (वशि ३२.२)—> बाँचुन्ज्याल्,
२. लण्डन (फुर २.८)—> लन्डन,
३. लाङ्खुट्टा (फुर ४.३/४)—> लाम्खुट्टे,
४. सञ्च (फुर ७.७)—> सन्च,
५. थुञ्छन् (फुर ७.७)—> थुन्छन्,
६. भञ्छन् (फुर १८.३) —> भन्छन्,
७. कञ्चेट् (फुर २०.१)—> कन्चेट्,
८. कण्ढो (फुर २०.३)—>कन्ढो,
९. पञ्जा (फुर २५.३)—> पन्जा

प्रचलित भानुभक्तीय रामायणेतर रचनाहरूमा वर्णद्वित्व गरिएका केही वर्णद्वित्वमूलक पाठभेदहरू पनि पाइन्छन्। सम्भवत: यस किसिमका पाठभेदहरू छन्दोभङ्ग हुने आशङ्काले नै संशोधन गरिँदा देखा परेको हुनुपर्छ। त्यस्ता केही पाठभेदहरू यसप्रकार छन्–

१. पित्त्रि (प्रमा ३९.१—> पितृ,
२. अम्मृत् (प्रमा ४२.१)—> अमृत्,
३. शत्त्रु (प्रमा ४२.३)—> शत्रु,
४. मित्त्र (प्रमा ४२.३)—> मित्र,
५. पुत्त्रादि (प्रमा ४२.४)—> पुत्रादि,
६. गुज्ज्ञान(फुर १२.४) —> गुज्ञान,
७. स्वग्ग्रिहि (फुर १३.८) —> स्वग्रिहि,
८. तिम्म्रा (फुर १८.३) —> तिम्रा,
९. तिम्म्रो (फुर १८.६) तिम्रो,
१०. भय्यो (फुर २६.४)—> भैयो,
११. राज्ज्यैको (फुर २७.३) राज्यैको।

वास्तवमा 'पितृ', 'अमृत्'जस्ता उपर्युक्त पाठहरूको लेख्यरूपमा छन्दोभङ्गदोष देखिए पनि यिनीहरूको कथ्यरूप क्रमश: 'पित्रि' र 'अम्रित्' हुने भएकाले छन्दोभङ्गदोष देखिँदैन र यिनलाई भानुभक्तीय प्रयोग नै ठम्याउन सकिन्छ।

प्रचलित भानुभक्तीय रामायणेतर रचनाहरूमा पाइने किरीट्, चीज्, जीत्न, दील्, गरून्, रीत्ले, मीन्का, सिन्दूर-जस्ता १६ ओटा दीर्घमूलक पाठभेदहरूका ठाउँमा उपर्युक्त केही रचनासङ्ग्रहहरूले किरिट्, चिज्, जित्न, दिल्, गरुन्, रित्ले, मिन्का, सिन्दुर् आदि ह्रस्वमूलक पाठको प्रयोग गरेको पाइन्छ। मात्रालाघवमा जोड दिने र आफ्नो रचनागत भाषालाई लोकभाषाको नजिक-नजिक पुऱ्याउन खोज्ने भानुभक्तले उपर्युक्त दीर्घमूलक पाठभेदहरूभन्दा ह्रस्वमूलक पाठहरूको नै प्रयोग गरेका हुन सक्छन्। त्यस्तै, प्रचलित पाठमा पाइने 'खुशि'(भमा ५.४), 'पाशा'(प्रमा ८.४), आश् (फुर २६.२) र कुआ (फुर ३२.२)जस्ता वर्णविन्यासमूलक पाठभेदहरूका ठाउँमा क्रमशः खुसि, पासा, आस् र कुवा पाठहरू उपर्युक्त रचनासङ्ग्रहअनुरूप उपयुक्त हुन सक्छन्।

भानुभक्तीय रामायणेतर रचनासङ्ग्रहहरूको तुलनात्मक अध्ययन गर्दा उपर्युक्त वार्णिक पाठभेदहरूका अतिरिक्त केही शाब्दिक पाठभेदहरू पनि भेटिएका छन्। तीमध्ये निम्नलिखित ६१ ओटा शाब्दिक पाठभेदहरूलाई प्रचलित पाठका तुलनामा शुद्ध ठहऱ्याउन सकिन्छ–

क्र.सं.	प्रचलित पाठ	सम्भावित शुद्ध पाठ
१	नतर त (भमा ४.४)	नतर म
२	विचाऱ्या (भमा ८.१)	विचार्यां
३	हूँ (भमा ८.२)	हुम्
४	घरघर (भमा ८.२)	घरपर
५	धनै (भमा ८.२)	पनी
६	पनि (भमा ८.३)	धनै
७	घडि घडि (भमा १५.१)	घरि घरि
८	ती (भमा १६.२)	ता
९	एक् (भमा २२.३)	यक्
१०	स्वभाव् (प्रमा ३.३)	भया
११	अप्यश् (प्रमा ११.२)	अप्जस्
१२	सानो (प्रमा २३.४)	सानू
१३	टर्छन् (प्रमा २९.४)	तर्छन्
१४	छुट्टि (प्रमा ३४.१)	देखि
१५	हुन्छन् (प्रमा ३४.१)	छुट्छन्
१६	पाप (प्रमा ३४.२)	ताप
१७	आफ्नो (प्रमा ३८.४)	आफ्नू

१८	यो (प्रमा ३९.४)	त्यो
१९	वाँहि (प्रमा ४०.२)	ताहिं
२०	टार्ला (प्रमा ४८.४)	टर्ला
२१	छाड्ला (प्रमा ४८.४)	छोड्ला
२२	जुरुन्या (वशि प्र. १.२)	लड्न्या
२३	काहाँ (वशि प्र. ३.४)	हानी
२४	पूजेर (वशि २.३)	पूगेर
२५	मान्ने (वशि ३.१)	मान्न्या
२६	ओटन (वशि ३.३)	औटन
२७	स्थान् हो (वशि ६.२)	स्थान्को
२८	चिजको (वशि ६.२)	चिज हो
२९	भान्छा (वशि ७.२/३	भान्सा
३०	काम् धाम्मा (वशि १०.२)	काम्काम्मा
३१	पनि (वशि ११.३)	पति
३२	यो (वशि २३.४)	पो
३३	पतिथ्यै (वशि २३.४)	पति थै
३४	मरे (वशि २३.४)	मऱ्या
३५	अनी (वशि २३.४)	पनी
३६	सरजाम जत्ति जति (वशि २४.१)	सरजाम् जती जति त
३७	त ठान्नू (वशि २५.५)	न ठान्नू
३८	हेर (वशि ३२.४)	हेरि
३९	आपना (वशि ३३.२)	आफ्नू
४०	साँचो (वशि ३३.४)	साँचा
४१	यसरी (फुर २.७)	यशकी
४२	काल्भरि (फुर २.१०)	माल्भरि
४३	चयन्मा- (फुर ४.२)	चइन्मा
४४	कुदालो (फुर ५.१)	क्वदालो
४५	पनि (फुर ८.३)	भनि
४६	गरूँ (फुर १०.१)	गरम्
४७	यसरी (फुर ११.३)	यसही
४८	सोतीका (फुर १२.१)	सोतीकी
४९	ति (फुर १३.१)	श्रि
५०	पनी (फुर १३.५)	अनी
५१	पैले (फुर १४.५)	ऐले

५२	पनी (फुर १४.५)	कुरो
५३	पैल्ह्ये (फुर १४.७)	पैल्ह्यै
५४	गणितमा (फुर १६.३)	गणतिमा
५५	र कुरो (फुर २१.३)	लकुरो
५६	भन्दा (फुर २८.२)	भन्न्या
५७	कुरो (फुर २८.२)	कुरा
५८	आर्थेंध्याँ (फुर ३१.१)	आर्याँध्याँ
५९	अनी (फुर ३१.२)	पनी
६०	रमाइला (फुर ३३.२)	रमाइलो
६१	नै (फुर ३८.२)	कैं

उपर्युक्त प्रचलित पाठहरूमध्ये 'हुन्छन्, पाप, यो, छाड्ला, काम्धाम्मा, त ठान्नू, गणितमा, भन्दा, कुरो, आर्यैंध्या र रमाइला' ११ ओटा पाठभेदहरू प्रस्तुत अध्ययनमा प्रयुक्त कुनै पनि सङ्ग्रहहरूमा प्राप्त गर्न नसकिएकाले तिनलाई पाठालोचनको पाठसंशोधनीय सैद्धान्तिक मान्यताअनुरूप अनुपयुक्त ठहऱ्याई तिनका ठाउँमा अन्य रचनासङ्ग्रहहरूमा पाइने उपर्युक्त सम्भावित शुद्ध पाठहरू प्रस्तुत गरिएका हुन् ।

उपर्युक्त प्रचलित पाठभेदहरूमध्ये चौथो 'घरघर' (भमा ८.२) पाठका ठाउँमा 'वरपर' (पुक) र घरबिच (भान) थप पाठभेदहरू पनि पाइन्छन् । धनी मान्छेको धन घरमा मात्रै सीमित नरही अन्यत्र पनि र हने हुँदा तुलनात्मक रूपमा 'घरपर' (भाम, भाग्र) पाठ शुद्ध हुन सक्छ। त्यस्तै एघारौँ 'अप्यश्' (प्रमा ११.२) पाठका ठाउँमा थप दुईओटा पाठभेदहरू पनि भेटिएका छन्– 'अपयस्' (भाम) र 'औजस' (भाकृ, पुक) । यी पाठभेदहरूका आधारमा नेपाली भाषामा 'औजस' शब्दको विकासलाई यसरी भएको पुष्टि गर्न सकिन्छ– अपयश>अपयस >अपजस >अबजस >अउजस >औजस । सम्भवत: भानुभक्तले 'अबजस्'को पूर्वरूप 'अपजस' (भान) पाठको प्रयोग गरेको हुनुपर्छ । उक्त बीसौँ 'टार्ला' (प्रमा ४८.३) पाठका ठाउँमा 'तर्ला (पुक) र 'हर्ला' (भाकृ) थप दुईओटा पाठभेदहरू पाइन्छन् । यीमध्ये तुलनात्मक रूपमा 'यसैले' पाठका साहचर्यमा 'टर्ला' (भाम, भाल, भान, भाग्र) पाठलाई उपयुक्त ठान्न सकिन्छ। त्यस्तै उपर्युक्त बाइसौँ 'जुरुन्या' (वशि प्र. १.२) पाठका ठाउँमा 'लर्न्या' (भाल, सजी) र 'लडन्मा' (भाम, भान) पाठभेदहरू पाइन्छन् । सम्भवत: दोस्रो

'लडन्मा' पाठका ठाउँमा 'लड्न्या' पढिएको र मुद्राराक्षसका कारण 'लडन्मा' भएको हुन सक्छ। सामान्यतया 'जुध्नु' र 'लड्नु' दुवैमा समानता नै देखिन्छ तापनि विशेष रूपमा संस्कृतको 'युध्' धातुबाट विकसित 'जुध्नु'ले युद्ध गर्नु भन्नेतर्फ इङ्गित गर्छ भने 'लड्नु'ले 'झगडा गर्नु'लाई समेत बुझाउँछ। त्यसैले तुलनात्मक रूपमा 'जुझ्न्या' र 'लर्न्या' पाठभन्दा 'लड्न्या' पाठको प्रयोग भानुभक्तले गरेको हुनु सम्भव छ।

उपर्युक्त प्रचलित पाठभेदहरूमध्ये एकचालीसौँ 'यसरी' (फुर २.७) पाठका ठाउँमा 'यशरी' (भाम, भाल, सजी) पाठभेद पाइन्छ। भानुभक्तीय रचनामा अव्ययवाचक 'यसरी' शब्दको 'यशरी' प्रयोग अन्यत्र कहीं पनि भेट्न सकिएको छैन। सम्भवत: यो 'यशरी' पाठभेद कीर्तिवाचक 'यश' शब्दको षष्ठ्यन्त 'यशकी' हुनुपर्छ। अलकापुरी नगरीको विशेषणका रूपमा कीर्ति फिजाउने र सुख पनि दिने भन्ने सन्दर्भमा 'जनकी यशकी सुखकी सगरी'को प्रयोग भानुभक्तले गरेका हुन सक्छन्। त्यस्तै बयालीसौँ 'काल्भरि' (फुर २.१०) पाठका ठाउँमा बाबुराम आचार्य (२००३)ले 'माल्भरि' पाठको प्रयोग गरे पनि अरू सबैले 'काल्भरि' पाठ नै प्रयोग गरेका छन्। कहीं दिल्लीका जस्तै अलकापुरीका गल्लीहरू मालसामानले भरिएका छन् वा गल्लीभरि माल छ भन्ने सन्दर्भमा 'काल्भरि' पाठका तुलनामा 'माल्भरि' पाठ नै उपयुक्त देखिन्छ। धेरै विशेषणहरू जोडेर अलकापुरीको गुण गाउने भानुभक्तले 'गल्लीभरि काल वा गल्लीहरू कालले भरिएको' भनेर निश्चय नै वर्णन गरेनन् होला। त्यसैले बहुप्रचलित भएर पनि 'काल्भरि' पाठलाई उपयुक्त ठहऱ्याउन सकिँदैन।

उपर्युक्त प्रचलित पाठभेदहरूमध्ये सत्चालीसौँ 'यसरी' (फुर ११.३) पाठका ठाउँमा 'यसही' (भाल, सजी) र 'कसरी' (भाग्र, पुक) पाठभेदहरू पाइन्छन्। केरा, मही, मूला र साग विना 'मकै' खानुपर्ने अवस्थाको वर्णन गर्ने सन्दर्भमा तेस्रो र चौथो पङ्क्तिमा 'यसरी' पाठ पढिएको छ, त्यसैले 'यसरी' पाठमा पुनरुक्तिदोष छ। 'यसरी' र 'कसरी' पाठमा व्यत्यय गरी पढिएको 'कसरी' पाठ स्वीकार्दा समेत पुनरुक्तिदोष नै देखिन्छ। 'विना सितन यसै कसरी मकै खाने' भन्ने सन्दर्भमा यहाँ 'यसही' प्रयोग सार्थक हुन सक्छ। 'यसही'बाट 'यसइ' हुँदै 'यसै' शब्दको विकास भएको हुन सक्ने सम्भावनालाई दृष्टिगत गर्दा 'यसही' पाठको प्रयोग भानुभक्तले गरेका हुन सक्छन्। त्यस्तै, उपर्युक्त अठ्चालसिौँ दुवै

पाठभेद 'घरबुढी' शब्दको विशेषणका रूपमा प्रयोग गरिएको हुँदा 'सोतीका' पाठको तुलनामा 'सोतीकी' (पुक) पाठ उपयुक्त हुनु सम्भव छ। उपर्युक्त उन्पचासौं 'ति' (फुर १३.१) पाठका ठाउँमा ह्रस्व 'श्रि' (पुक, भाग्र, भाकृ, भाल) र दीर्घ 'श्री' (भाम) पाठ भेटिन्छन्। "श्री शालिवाहनीयशक:" भनी अचेलका पञ्चाङ्ग पात्राहरूमा पनि शालिवाहनका अगाडि 'श्री' लगाउने प्रचलन कायमै छ। भानुभक्तले पनि 'शालीवाहन्का' अगाडि ह्रस्व 'श्रि' शब्दको प्रयोग गरेका हुन सक्छन्। शिखरिणी छन्दको सुरुको अक्षर ह्रस्व हुनुपर्नेमा 'श्रि' संयुक्त अक्षरयुक्त शब्द भएकाले दीर्घ ठहऱ्याई सच्चा जीवनचरित्र (२०१७)ले 'ति' पाठ पढे पनि यसको प्रयोग भानुभक्तले नगरेका हुन सक्छन्। भानुभक्तको प्रारम्भिक रचना भएको हुँदा छन्दोभङ्गदोषयुक्त 'श्रि' शब्दको प्रयोग भानुभक्तले गरेको हुनु असम्भव देखिँदैन।

(ख) अनुपयुक्त पाठभेदहरू

उपर्युक्त भानुभक्तीय रचनासङ्ग्रहहरूसँग प्रचलित पाठको तुलनात्मक अध्ययन गर्दा अनुपयुक्त ठहरिन सक्ने केही पाठभेदहरू पनि भेटिएका छन्। तीमध्ये १११ ओटा पाठभेदहरूको विवरण निम्नानुसार छ–

क्र.सं.	प्रचलित पाठ	अनुपयुक्त पाठ
१.	डुलियो (भमा १.३)	भुलियो
२.	मतिले (भमा ४.२)	मनले
३.	हरि (भमा ५.२)	यहि
४.	गरोस् (भमा ५.४)	धरोस्
५.	मर्न्यै (भमा ६.४)	मर्नै
६.	छ त (भमा ६.४)	छ अरू
७.	अजामील (भमा ७.४)	अजामेल
८.	पछि (भमा ८.२)	फेरि/फ्यरि
९.	देख्याँ (भमा १३.२)	देख्यौं
१०.	भन्या (भमा १६.१)	सुन्याँ
११.	अहो यो (भमा १६.४)	कही यो
१२.	यस् (भमा १७.२)	यो
१३.	जी (भमा १८.३)	ज्यू
१४.	गरि (भमा १८.४)	गति
१५.	अघि (भमा २१.३)	जति

१६.	अपार (प्रमा १.१)	असार
१७.	त (प्रमा २.३)	छ
१८.	मान्नू (प्रमा ३.२)	जान्नू
१९.	आद्मि (प्रमा ६,१७)	प्राणि
२०.	लायी (प्रमा ६.२)	बाँधी
२१.	जिउँदै (प्रमा ८.१)	ज्यूँदै
२२.	नाम् छ (प्रमा ८.१)	नाउँ/नाम् त
२३.	गरि (प्रमा १०.२)	मरि
२४.	जान्नू (प्रमा १४.२)	मान्नू
२५.	मान्नू (प्रमा १५.१)	सुन्नू/भन्नू
२६.	दु:खि (प्रमा २१.१)	दु:ख
२७.	क्या (प्रमा २२,२४)	के
२८.	कस् (प्रमा २५.३)	कुन्/को
२९.	सङ् (प्रमा २५.३)	सँग्
३०.	मरि (प्रमा २७.२)	भन
३१.	सुन्न्या (प्रमा २८.१)	मान्या
३२.	मित नारि (प्रमा २८.२)	झुट बात
३३.	मेरो (प्रमा ३१.२)	मेरा
३४.	जानि (प्रमा ३४.४)	जान
३५.	धर्नू (प्रमा ३८.२)	गर्नू
३६.	खोजि जान्नू (प्रमा ४०.३)	तेहि मान्नू
३७.	मान्नू (प्रमा ४०.४)	जान्नू
३८.	मान्नू (प्रमा ४१.२)	भन्नू
३९.	अर्ति सरी (प्रमा ४७.२)	आप्त सरी
४०.	नमान्नु (वशि प्र. १.१)	नमान
४१.	मनमा (वशि प्र. १.१)	तिमिले
४२.	जसै (वशि प्र. १.३)	उसै
४३.	मैले (वशि २.४)	अैल्हे
४४.	पूजामा (वशि ४.२)	पूजाको
४५.	भाँडा (वशि ७.३)	भान्सा
४६.	जल्दि ति (वशि ८.२)	जल् दिइ
४७.	अल्सी (वशि १०.१)	आलश्
४८.	साफ (वशि १०.४)	साफि
४९.	राखनु (वशि १०.४)	लाउनु

५०.	तीथि (वशि ११.१)	तीर्थ
५१.	फूपू (वशि १२.२)	फुफे
५२.	दुवैका (वशि १३.१)	दुवैको
५३.	मीलून् (वशि १३.३)	मिल्नू
५४.	जे (वशि १४.२)	जो
५५.	पसी (वशि १४.२)	पनी
५६.	मर्दामा (वशि १३.२)	मर्यादा
५७.	तिन्मा (वशि १४.३)	जिंमा
५८.	ती (वशि १४,१८)	त्यो
५९.	तिन्को (वशि १५.४)	सब्को
६०.	मर्ज्यादा (वशि १६.२)	यस्मा
६१.	रहुन् (वशि १७.३)	रहू
६२.	पती (वशि १८.१)	पनि
६३.	न कुहुन् (वशि २२.१)	न रहुन्
६४.	तल (वशि २३.१)	पछि
६५.	चीज् मनैमा (वशि २३.१)	चीज मन्मा
६६.	खोज्दामा (वशि २३.३)	खोज्यामा
६७.	जलाउनू (वशि २४.२)	जगाउनू
६८.	धरी (वशि २४.२)	भरी
६९.	मिच्दी (वशि २७.१)	मल्दी
७०.	मिच्दै (वशि २७.२)	मल्दै
७१.	सो सो (वशि २८.३)	सोई
७२.	मिच्न (वशि २८.४)	मल्न
७३.	भन्न्या (वशि २९, फुर १४)	भन्या
७४.	सूनुन् (वशि २९.४)	सुन्नन्
७५.	जति (वशि ३०.१)	यति
७६.	सो (वशि ३०.१)	त्यो
७७.	यस रीत्ले (वशि ३०.३)	यस काम्ले
७८.	खुश् बनाओस् (वशि ३०.३)	सुख देओस्
७९.	बुझि लिंदा (वशि ३२.२)	बुझिलिनू
८०.	तेस्ले (वशि ३२.२)	तेस्का
८१.	तिन्को (फुर १.४)	इन्को
८२.	बहुतै मनमा (फुर २.६)	मनमा बहुतै
८३.	लहरामा (फुर ३.३)	लहराका

८४.	उस्माथि (फुर ३.७)	यस्माथि
८५.	उड्स् इ (फुर ४.३)	उड्स
८६.	लड्ड्मा (फुर ४.३)	सह्ड्मा
८७.	गर्‍याँ (फुर ५.३)	गर्‍यौं
८८.	गरूँ कसो (फुर ६.२)	नजिकमा
८९.	नाथ (फुर ६.३)	आज
९०.	म ता पर्‍याँ (फुर ६.३)	पर्‍यां म ता
९१.	फजितिमा (फुर ६.३)	विपतमा
९२.	भनी (फुर ६.४)	म फेर्
९३.	देख्छु (फुर ६.४)	मान्छु
९४.	बालक्ले (फुर ६.६)	बालख्मा
९५.	चरणमा (फुर ६.११)	हजुरमा
९६.	कति गरुँ (फुर ७.२)	गरुँ कती
९७.	विराम् (फुर ७.६)	व्यथा
९८.	दरी (फुर ८.१)	गरी
९९.	भरी (फुर ९.२)	पसी
१००.	जसरी (फुर ९.४)	असरी
१०१.	गुरुनिलय (फुर १३.५)	जिवनिलय
१०२.	मीन्का (फुर १३.५)	मीत्का
१०३.	ह्वौ (फुर १४.८)	छौ
१०४.	उत्तरा (फुर १४.८)	उत्तरै
१०५.	उडायौ (फुर १८.४)	उडाउँछौ
१०६.	आर्ज्याको (फुर १८.४)	यस् रीत्ले
१०७.	सोइ (फुर २२.३)	स्वै
१०८.	चउध (फुर २५.४)	चौउध
१०९.	बास्नालाइ (फुर ३३.२)	बस्नामा छ
११०.	मेरा (फुर ३४.४)	मेरो
१११.	अहो (फुर ३८.३)	अहा

प्रारम्भिक तुलनात्मक अध्ययन सामग्रीका आधारमा अनुपयुक्त ठहर्‍याउन खोजिएका उपर्युक्त पाठभेदहरूमध्ये केही पाठभेदहरू पाठभेदीय विचार-विमर्श गर्ने सन्दर्भमा शुद्ध ठहरिन सक्ने पनि प्रबल सम्भावना रहेको छ ।

भानुभक्तीय रामायणको प्रचलित पाठको कै भानुभक्तीय रामायणेतर रचनाहरूको संशोधन गर्ने प्रयास हालसम्म कमै भएको छ । त्यसैले भानुभक्तीय रामायणेतर रचनाहरूको प्रचलित पाठमा भानुभक्तीय प्रयोग र ऐतिहासिक महत्त्व राख्ने 'हुम्', 'लिम्', 'गरम्', 'बसम्ला'जस्ता प्रयोगहरू भेट्न सम्भव भएको हो। मोतीराम भट्टद्वारा सर्वप्रथम प्रकाशित एवम् मदन पुरस्कार पुस्तकालयमा सङ्गृहीत 'प्रश्नोत्तरमाला र भक्तमाला' (१८४१) तथा 'वधूशिक्षा' (१८४८)सँग पनि प्रचलित पाठहरूको तुलनात्मक अध्ययन हुन सकेमा एवम् क्रमिक रूपमा फेला पर्दै र प्रकाशित हुँदै आएका सम्पूर्ण फुटकर रचनाहरूको पनि विस्तृत रूपमा कालक्रमिक तुलनात्मक अध्ययन गर्न सकिएमा पाठभेदीय समस्याहरूको समाधान हुँदै जान सक्ने देखिन्छ ।

जय भानु ! जय भाषा ! ! जय नेपाली ! ! !

– २०६३ असोज १०

परिशिष्ट

(१) भयेथ्यो भयोथ्यो

ज्ञवाली संस्करण (२०११) र साझाको संस्करण (२०५८) दुवैले भानुभक्तीय रामायणअन्तर्गत निम्नलिखित काण्ड र श्लोकहरूमा 'भयेथ्यो' पाठको प्रयोग गरेका छन्– बाल.१, ३४, १२८; अयो.४; यु.५६, ५८, १०२, २२२, २८३, ३६१, ३६६; उ.६७, २४१ र २५२। प्राय: गरी सबै ठाउँमा हस्तलिखित रामायण (३२'ख') र डमरुवल्लभ संस्करणले 'भयोथ्यो' पाठलाई शुद्ध ठहऱ्याएको छ भने विष्णुमाया संस्करण (१८८८)ले युद्धकाण्डको ५६ औं श्लोकमा मात्र 'भयोथ्यो' पाठको प्रयोग गरेको छ। नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५०)को अध्ययन गर्दा भानुभक्तपूर्वका भानुदत्त (१८३३)ले हितोपदेश मित्रलाभमा 'माऱ्योथ्यो, भयोथ्यो, भन्योथ्यो, मऱ्योथ्यो'जस्ता क्रियापदहरू प्रयोग गरेको पाइन्छ भने भानुभक्तका समकालीन सेरामपुर बाइबल (१८८४)मा 'हरायोथ्यो' र 'रिसायोथ्यो', महाभारत गदापर्व (१८८६)मा 'भयोथ्यो', बहत्र सुधाको कथा (१८८०-८०)मा 'पऱ्योथ्यो' र त्रिरत्नसौन्दर्य गाथा (१८८०)मा 'भयोथ्यो' प्रयोगहरू भेटिन्छन्। यी प्रयोगहरूका आधारमा भानुभक्तले 'भयोथ्यो' प्रयोग गरेका थिए भन्न सकिन्छ। सम्भवत: 'भयोथ्यो'को भानुभक्तकालीन शाब्दिक अर्थ 'भयाको थियो' हुनुपर्छ र मोतीराम भट्टले यसलाई 'भयेको थियो' बनाएका हुन सक्छन् भने 'भानुभक्तको सङ्क्षिप्त जीवन चरित्र' (२०११)मा सूर्यविक्रम ज्ञवालीले समेत 'भयेको थियो' प्रयोग गरेको देखिन्छ। बहुवचनयुक्त 'भयाका थिया'जस्ता क्रियापदहरूलाई द्रुततर उच्चारणमा वा छन्दमा प्रयोग गर्ने सन्दर्भमा 'आ', 'क्' र 'इ' तीन वर्णको लोप गरेर 'भयाथ्या' प्रयोग गरि

एवँ एकवचनयुक्त 'भयाको थियो'मा पनि यिनै तीन वर्णहरूको लोप गरेर 'भयोथ्यो' शब्दको प्रयोग भानुभक्तले गरेको हुनु सम्भव छ। यसै आधारमा ज्ञवाली र साख्राको संस्करणमा प्रयुक्त 'मिलेथ्यो' (बाल.१३८, अयो.२, सु.३४, यु.३६६), 'उठेथ्यो' (बाल.१३८), 'भनेथ्यो' (सु.३८, यु.६६, १४०), 'पुगेथ्यो' (सु.८२), 'फर्केथ्यो' (सु.१०२), 'बनेथ्यो' (यु.२५८), 'सुनेथ्यो' (यु.१८७, २३१), 'पायेथ्यो' (यु.२२२), 'पसेथ्यो' (उ.७०), 'गरेथ्यो' (यु.६७, २०८, २४६, यु.८८, ११४), 'सकेथ्यो' (यु.१६०), 'दौडेथ्यो' (अर.७) र 'बसेथ्यो' (यु.१५७, २२८) पाठलाई पनि क्रमशः 'मिल्योथ्यो', 'उठ्योथ्यो, 'भन्योथ्यो', पुग्योथ्यो' फर्क्योथ्यो', 'बन्योथ्यो', 'सुन्योथ्यो', 'पायोथ्यो', 'पस्योथ्यो', 'गऱ्योथ्यो', 'सक्योथ्यो', दौडयोथ्यो' र 'बस्योथ्यो' पाठका रूपमा भानुभक्तले प्रयोग गरेका हुन सक्छन्। विष्णुमायाले 'भयोथ्यो' (यु.५६)बाहेक 'उठ्योथ्यो' (बाल.१३८) र 'गऱ्योथ्यो' (यु.२०८, २४६) पाठ पनि प्रयोग गरेकी छन् भने हस्तलिखित रामायण (३२'ख')ले 'मिल्योथ्यो' (बाल.१३८), 'फर्क्योथ्यो'जस्ता प्रयोगहरूलाई नै शुद्ध ठहऱ्याएको देखिन्छ।

(२) भनि भन्या

विष्णुमाया, ज्ञवाली र साख्राको संस्करणले निम्नलिखित काण्ड र श्लोकहरूमा 'पनि भन्या' पाठको प्रयोग गरेका छन्– बाल.८, १०, ११, १८, ४१, ८७; अयो.३४, ८१; अर.५२, ११५; कि.२, १३, ३४, ६२, ६४; सु.३७, ६१, ८५, ११३, ११४, १५२; यु.५२, १६८, २३५, २४१, २७०; उ.१४८ र १७०। त्यस्तै उपर्युक्त संस्करणहरूमा निम्नलिखित ठाउँमा 'भनि भन्या' पाठको प्रयोग भएको छ– अर.१२१, कि.६५, सु. ४३, ४६, १०१, यु.६८, १६७, २३३, उ.१०७ र १४७। हस्तलिखित रामायण (३२'ख'), बालकाण्डको सर्वप्रथम संस्करण (१८४१) र डमरुवल्लभ संस्करण (१८४२)ले उपर्युक्त प्रायः सबै ठाउँमा 'भनि भन्या' पाठलाई शुद्ध ठहऱ्याएका छन्। आधुनिक नेपालीमा 'भनि भन्या'को प्रयोग भएको नपाइए पनि नेपाली भाषाका ऐतिहासिक गद्यसामग्रीहरू (पोखरेल, २०५०)मा चाहिँ 'भनि भन्या'को प्रयोग भएको भेटिन्छ– 'भनि भन्छन्' (दिव्योपदेश–१८३१), 'भनि भन्छौ' (जीवनी– १८३१), 'भनि भन्या' (शशिधर–१८३४), 'भनि भन्दा भया' (दशकुमारचरित–१८७५), 'भनि भन्याको' र 'भनि भनेर' (मुन्सी–१८७६)। 'चार गुना फुर्केर' निबन्धमा पनि कमल दीक्षित

(शर्मा, २०३८ : २४)ले 'भनेर भने'लाई नेपाली प्रयोग ठानेका छन्। सम्भवत: भानुभक्तले आफ्नो रामायणमा सर्वत्र 'भनि भन्या' पाठको नै प्रयोग गरेका हुन सक्छन्, जसलाई रामायणका सम्पादकहरूले क्रमश: 'पनि भन्या' बनाउँदै आएको हुनुपर्छ। त्यसैले प्रचलित 'पनि भन्या' पाठभन्दा ऐतिहासिक प्रयोग र महत्त्वका दृष्टिले 'भनि भन्या' पाठ नै भानुभक्तीय प्रयोग हुनु सम्भव छ।

(३) थ्यैं

विष्णुमाया, झवाली र साझाको संस्करणले भानुभक्तीय रामायणअन्तर्गत ७३ ठाउँमा 'थ्यैं' पाठको प्रयोग गरेका छन् भने हस्तलिखित रामायण (३२'ख'), बालकाण्डको सर्वप्रथम संस्करण (१८४१) र डमरुवल्लभ संस्करण (१८४२)ले प्राय: ती सबै ठाउँमा 'थ्यैं' पाठलाई शुद्ध ठहऱ्याएका छन्। त्यसैले भानुभक्तले 'थ्यैं' वा 'थैं'मध्ये यही पाठ नै प्रयोग गरेका थिए भनेर किटान गर्न गाह्रो छ। भानुभक्तले गद्यसाहित्यमा कलम चलाएनन् र उनका उपलब्ध केही चिठी वा लेखोटहरू (पोखरेल, २०५० : ३६८–३७३)मा समेत प्रयोग गर्नुपर्ने सन्दर्भ नपरेर होला 'थ्यैं' वा 'थैं'को प्रयोग भएको पाइदैन। नेपाली गद्यसाहित्यका ऐतिहासिक सामग्रीहरूमा 'थ्यैं' वा 'थैं'सँग सम्बन्धित चारओटा शब्दहरू प्रयोग भएका भेटिन्छन्– 'थि' (१८३३, १८६६), 'थैं' (१८७५), 'थाञी' (१८८६) र 'थिउँ' (१९०६)। बालकृष्ण पोखरेल (२०५० : २०४)ले भानुदत्त (१८३३) प्रयुक्त 'थि'लाइ 'अर्थ्याउने सन्दर्भमा भानुभक्तको 'थैं'सँग भानुदत्तको 'थि' मिल्न खोज्छ भन्ने उल्लेख गरेका छन्। नेपालीका ऐतिहासिक सामग्रीहरूमा 'ए'सँग 'य्' आगम भएका धेरै प्रयोगहरू भेटिन्छन्– येक, येकांत, भयेर तर 'ऐ'सित चाहिँ 'थ्यैं'मा जस्तै 'य्'को आगम भएका प्रयोगहरू प्राप्त गर्न सकिएको छैन। छन्दका दृष्टिले 'थैं' दीर्घ भएकाले 'य्' आगम गरी 'थैं'लाई दीर्घतिर प्रयोग गर्न भानुभक्तले रुचाए होलान् भन्न सकिँदैन। सम्भवत: भानुभक्तले आफूभन्दा अगाडि र आफ्नो समयमा प्रयोग हुँदै आएका उपर्युक्त चार प्रयोगहरूमध्ये 'थि', 'थाञी' र 'थिउँ'का तुलनामा छन्दमा दीर्घ प्रयोगको आवश्यकता महसुस गरी 'थैं' प्रयोगलाई रुचाएका हुन सक्छन्, जसलाई भानुभक्तीय रामायणका सम्पादकहरूले 'थ्यैं'का रूपमा सच्याउँदै आएको हुनुपर्छ।

सन्दर्भकृति-सूची

१. आचार्य, आदिकवि भानुभक्त : **भानुभक्तको रामायण**, काठमाडौं साझा प्रकाशन, वि.सं. २०५८ ।

२. आचार्य, कविराज पं.नरनाथ शर्मा : **कवि सम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र**, लेखक स्वयम्, वि.सं. २०१७

३. आचार्य, (सं.) बाबुराम : **पुराना कवि र कविता**, काठमाडौं, साझा प्रकाशन, (प्र.सं. २००३), वि.सं. २०५० ।

४. आचार्य, भानुभक्त : **भाषा रामायण,** काठमाडौं, राष्ट्रिय अभिलेखालय (ल.सं.च ३१०, वि.सं ३२ 'ख' सङ्ख्याको लेखोट पुस्तक) ।

५. आचार्य, मुक्तिनाथ : "भानुभक्तीय रामायणमा गरिएको फेरबदलले पारेको अप्ठ्यारो" **भानु स्मारिका** (पृ.११–१६), तनहुँ, भानु जन्मस्थल विकास समिति, वि.सं. २०६२ ।

६. "विष्णुमाया एक ऋलक" **भानु स्मारिका** (पृ.३५–३५), तनहुँ, भानु जन्मस्थल विकास समिति, वि.सं. २०६३ ।

७. आचार्य, डा.ब्रतराज : **आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण**, तनहुँ, भानु जन्मस्थल विकास समिति, वि.सं. २०५८ ।

८. **आदिकवि भानुभक्त : विवरणात्मक सूचीपत्र** (अप्रकाशित अध्ययन प्रतिवेदन), तनहुँ, भानु जन्मस्थल विकास समिति, वि.सं. २०५८ ।

९. आचार्य, शिवराज "भानुभक्तकृत भाषा रामायणको सम्भावित शुद्ध पाठ" **भानुदर्शन** (पूर्णाङ्क १, पृ.१–३७, बालकाण्ड), काठमाडौं, भानु सेवा समिति वि.सं. २०३१ (क) ।

१०. **भानुदर्शन** (पूर्णाङ्क २, पृ.१–३०, अयोध्याकाण्ड)– वि.सं. २०३१ (ख) ।

११. **भानुदर्शन** (पूर्णाङ्क ३, पृ.१–२८, अरण्यकाण्ड)– वि.सं. २०३१ (ग)।

१२. **भानुदर्शन** (पूर्णाङ्क ४, पृ.१–३२, किष्किन्धाकाण्ड)– वि.सं. २०३२।

१३. **भानुदर्शन** (पूर्णाङ्क ६, पृ.१–२४(ख), सुन्दरकाण्ड)– वि.सं. २०३५।

१४. आप्टे, शिवराम : **संस्कृत हिन्दी कोश**, दिल्ली, मोतीलाल बानार सीदास पब्लिसर्स, ई.सन् १८८७।

१५. काफ्ले, पद्मराज : "आदिकवि पण्डित भानुभक्त आचार्यका हस्तलिखित कृतिहरू (अध्ययन प्रतिवेदन)" **भानुदर्शन**, (पूर्णाङ्क ७, पृ.१–२८) काठमाडौं, भानु प्रतिष्ठान, वि.सं. २०६२।

१६. ज्ञवाली, (सं.) सूर्यविक्रम : **भानुभक्तको रामायण**, दार्जीलिङ, नेपाली साहित्य सम्मेलन, ई.सन् १८५४ (वि.सं. २०११)।

१७. ढकाल, मतिप्रसाद : "भानुभक्तीय रामायणका संशोधनीय पाठभेदहरू" **गरिमा** (पूर्णाङ्क २८३, पृ. ५७–६२), ललितपुर, साझा प्रकाशन, वि.सं. २०६३ असार।

१८. दीक्षित, कमल, : **भानु विचरण**, तनहुँ, भानु जन्मस्थल विकास समिति, वि.सं. २०५६।

१९. पण्डित, (सं) प्रा. जुननाथ शर्मा : **भानुका लघु कृतिहरू**, काठमाडौं, भानु पुस्तकालय सहायक समिति, वि.सं. २०२३।

२०. पोखऱ्याल, (सं.) डमरुवल्लभ : **रामायण भाषा**, बनारस, जैन प्रभाकर यन्त्रालय, वि.सं २०४२ माघ।

२१. पोखरेल, (सं.) बालकृष्ण : **पाँच सय वर्ष**, ललितपुर, साझा प्रकाशन, वि.सं.. २०५०।

२२. पोखरेल, (सं.) बालकृष्ण र अन्य : **नेपाली बृहत् शब्दकोश**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६०।

२३ पौडेल 'रम्घाली', रामचन्द्र शर्मा, : "अध्यात्मरामायण र भानुभक्तीय रामायण : तुलनात्मक अध्ययन (बालकाण्ड)" **भानु स्मारिका** (पृ.११७–२१६) तनहुँ, भानु जन्मस्थल विकास समिति, वि.सं. २०६०।

२४. प्रधान, (सं.) पारसमणि : **भानुभक्त ग्रन्थावली**, दार्जीलिङ, भारती कार्यालय, वि.सं. २००८।

२५. भानुभक्त, प्राचीन कवि : **रामायण बालकाण्ड**, बनारस, भारत जीवन यन्त्रालय, वि.सं. १८४१ आश्विन ।

२६. महर्षि वाल्मीकि, : **श्रीमद्वाल्मीकीय रामायण** (प्रथम भाग), गोरखपुर, गोविन्द भवन कार्यालय गीताप्रेस, वि.सं. २०५३ ।

२७. महर्षि वेदव्यास, : **अध्यात्मरामायण**, गोरखपुर, गोविन्द भवन कार्यालय गीताप्रेस, वि.सं. २०६० ।

२८. (सं.) विष्णुमाया : **भानुभक्त मणिमाला**, काशी, ज्योतिष प्रकाश प्रेस, वि.सं. १८८८ ।

२८. राई, (सं.) इन्द्रबहादुर : **भानुभक्तका कृति अध्ययनहरू**, दार्जीलिङ, नेपाली साहित्य परिषद्, वि.सं. २०२६ ।

३०. राजगुरु, डा. गोविन्दनाथ : **पाठालोचन के सिद्धान्त**, चण्डीगढ, हरियाणा साहित्य अकादमी, ई.सन् १८८७ ।

३१. शर्मा, (सं.) बाबू माधवप्रसाद : **भाषा नवरत्न**, बनारस, सम्पादक स्वयम्, वि.सं. १८८१ ।

नाम : मतिप्रसाद ढकाल

जन्म : २०२८ जेठ १८

जन्मस्थान : अमलाचौर-५, बागलुङ

बसोवास : गैंडाकोट-१, नवलपरासी

शिक्षा : आचार्य (व्याकरण)

एम.ए. (नेपाली)

सेवा : उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय

प्रकाशन

- प्रारम्भिक संस्कृत व्याकरण र रचना (२०५६)
- गरिमा, मृगतृष्णा, निशान्त, नवज्योति, नवोदय, चित्रवन, भानु स्मारिका आदि पत्रिकाहरूमा विशेषत: सन्धिविज्ञान र भानुभक्तीय रचनासँग सम्बन्धित दर्जनौं लेख-रचनाहरू प्रकाशित

अनुसन्धान-संलग्नता

- अनौपचारिक 'भानुभक्तीय रामायणका पाठभेदहरूको तुलनात्मक अध्ययन' (२०६१ देखि)
- विद्यावारिधिस्तरीय 'पाणिनीय व्याकरणको सन्धिवैज्ञानिक अध्ययन' (२०६२ देखि)

ISBN 9946-2-192-0